# क्षमता विकास योजना
## (२०८१/०८२-२०८३/०८४)



बारेकोट गाउँपालिका, जाजरकोट

२०८१

बारेकोट गाउँपालिका, जाजरकोटको

# क्षमता विकास योजना

## (२०८१/०८२-२०८३/०८४)

## बारेकोट गाउँपालिका, जाजरकोट

कर्णाली प्रदेश, नेपाल


सहयोग:

कर्णाली प्रदेश सरकार

**कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान**

वीरेन्द्रनगर, सुर्खेत

☎९८५८०८०८१०
✉barekotrm@gmail.com
बारेकोट गाउँपालिका

बारेकोट गाउँपालिका
# गाउँपालिकाको कार्यालय
लिम्सा,जाजरकोट
कर्णाली प्रदेश, नेपाल

बारेकोट गाउँपालिका गाउँपालिकाको कार्यालय लिम्सा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७४

प.सं. :- च.नं. :- मितिः २०८१/०३/१२

## धन्यवाद ज्ञापन

नेपालको संविधान २०७२ को भावना अनुरुप गणतन्त्रात्मक राज्य व्यवस्था र सङ्घीय शासन प्रणालीको मर्म अनुरुप स्थापित सङ्घ, प्रदेश र स्थानीय तहका सरकार सञ्चालन भइरहेका छन्। तीनै तहका सरकारको भूमिका, जिम्मेवारी र अधिकार नेपालको संविधानले सुनिश्चित गरेको छ। आम जनताको दैनन्दिन जीवनसँग जोडिएको सबैभन्दा नजिकको सरकार स्थानीय सरकारले जनताका आधारभूत आवश्यकता परिपूर्ति देखि स्थानीय पूर्वाधार निर्माण, रोजगारी सिर्जना, शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी लगायतका क्षेत्रमा गुणस्तरीय सेवा प्रवाह गरिरहेका छन्। जसमा बारेकोट गाउँपालिका पनि नेपालका ७५३ स्थानीय सरकार मध्यको एक स्थानीय सरकार हो।

यस गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई आवश्यक पर्ने ज्ञान, सिप र क्षमताको पहिचान गरी उक्त क्षेत्रमा क्षमता विकासका लागि आवश्यक तालिम संचालन गर्न बजेट, कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने उद्देश्यले प्रथम त्रिवर्षीय क्षमता विकास योजना आ.व. २०८१/०८२-२०८३/०८४ निर्माण गर्न महत्त्वपूर्ण योगदान गर्ने कर्णाली प्रदेश सरकार अन्तर्गतको कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानलाई विशेष धन्यवाद ज्ञापन गर्दछु।

त्यस्तै यस गाउँपालिकाको क्षमता विकास योजना तयारी कार्यमा खटिने परामर्शदाता संस्था मान्नमी सञ्चार तथा प्रकाशन प्रा.लि., ललितपुरको विज्ञ समूह, गुणस्तर परीक्षण र पृष्ठपोषण दिने कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको विज्ञ समूह तथा अनुगमन टोली, गाउँपालिका स्तरीय क्षमता विकास समन्वय समिति, सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरूलाई समेत हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

यो त्रिवर्षीय क्षमता विकास योजनाको निर्माणले बारेकोटको समग्र विकास प्रक्रियामा पारदर्शिता, गतिशिलता र नयाँ आयाम स्थापित हुने विश्वास लिएको छु। सर्वाङ्गीण विकासको मुल आधार सक्षम जनशक्ति नै हो, तसर्थ योजनाले सक्षम मानव पुँजी निर्माणको बाटो फराकिलो बनाउने अपेक्षा लिएको छु।

२०८१/०३/१२

बीर बहादुर गिरी
अध्यक्ष

बीर बहादुर गिरी
अध्यक्ष

# क्षमता विकास योजनाको संरचना

यो क्षमता विकास योजना ६ परिच्छेदमा विभाजित छ । परिच्छेद १ मा परिचय जस अन्तर्गत पृष्ठभूमि, क्षमता विकास योजनाको औचित्य, उद्देश्य, क्षमता विकास योजना तयारीको नीतिगत तथा कानुनी आधारहरू, संघ, प्रदेश र गाउँपालिकाको क्षमता विकासको अन्तरसम्बन्ध, योजना तर्जुमाको विधि तथा प्रक्रिया र योजना तर्जुमाका सीमाहरू उल्लेख छ । त्यसैगरी परिच्छेद-२ मा बारेकोट गाउँपालिका, जाजरकोटको संक्षिप्त परिचय र परिच्छेद-३ मा क्षमता विकासको समग्र लेखाजोखा गरिएको छ । यस अन्तर्गत संस्थागत क्षमता विकासका आयामहरू- संस्थागत, मानव संशाधन, बजार सेवाहरूको क्षमता लेखाजोखा गरिएको छ । परिच्छेद-४ मा समग्र योजना खाका उल्लेख छ । यस परिच्छेदमा संस्थागत क्षमता विकासको परिचय र स्थानीय सरकारको क्षमता विकास योजना उल्लेख छ । त्यसैगरी मानव संसाधन विकास एक परिचय, स्थानीय सरकारको मानव संसाधन विकास योजना र क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति सरोकारवालाहरूको पहिचान उल्लेख छ । परिच्छेद-५ योजना कार्यान्वयनको रणनीतिसँग सम्बन्धित छ भने परिच्छेद ६ मा योजनाको व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कनको विधि र जिम्मेवारी उल्लेख छ ।

# क्षमता विकास योजना एक झलक

| | |
|---|---|
| प्रदेश | कर्णाली |
| जिल्ला | जाजरकोट |
| गाउँपालिका | बारेकोट |
| योजना तयारीको नेतृत्व | बारेकोट गाउँपालिका |
| आर्थिक सहयोग | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान, वीरेन्द्रनगर, सुर्खेत |
| तयार पार्ने | मान्नमी सञ्चार तथा प्रकाशन प्रा. लि., ललितपुर |
| कार्यक्रम अवधि | २०८१/०८२ देखि २०८३/०८४ |
| कार्यान्वयन गर्ने मुख्य निकाय | बारेकोट गाउँपालिका, जाजरकोट |
| मुख्य सरोकारवालाहरू | नेपाल सरकार, कर्णाली प्रदेश सरकार, विकास साझेदार संघ तथा संस्थाहरू |

| **विषयगत क्षेत्र १. संस्थागत क्षमता विकास** | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **विषयगत क्षेत्र र सहक्षेत्र** | **जम्मा रु. (हजारमा)** | **आन्तरिक रु. (हजारमा)** | **बाह्य रु. (हजारमा)** |
| १.१ | भौतिक स्रोत साधन व्यवस्थापन | ११४०० | ६५०० | ४९०० |
| १.२. | नीति, योजना, ऐन, नियम, कार्यविधि प्रक्रियासँग सम्बन्धित | १०६५० | ७५५० | ३२०० |
| १.३. | मानव संसाधन प्राप्तिसँग सम्बन्धित | २४५० | २१५० | ३०० |
| १.४. | तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित | ८९५० | ८३५० | ६०० |
| | **जम्मा** | **३३४५०** | **२४५५०** | **९०००** |
| **विषयगत क्षेत्र २. मानव संसाधन क्षमता विकास** | | | | |
| २.१. | निर्वाचित पदाधिकारीहरूका लागि | ३१०० | २३०० | ८०० |
| २.२ | समिति, उपसमितिहरूका लागि | २१०० | २१०० | |
| २.३ | कर्मचारीहरूका लागि | ३२०० | २३०० | ९०० |
| २.४ | सेवाग्राही लक्षित क्षमता विकास | १४५० | १२५० | २०० |
| २.५ | साझेदारहरूको क्षमता विकास | २६०० | २४०० | २०० |
| | **जम्मा खर्च** | **१२४५०** | **१०३५०** | **२१००** |
| | **कुल जम्मा १ देखि २ रु.** | **४५९००** | **३४९००** | **११,१००** |

# विषय सूची


परिच्छेद-१ ..... १

परिचय ..... १

**१.१ पृष्ठभूमि** ..... १

**१.२ क्षमता विकास योजनाको लक्ष्य** ..... २

**१.३. क्षमता विकास योजनाको उद्देश्य** ..... ३

**१.४ क्षमता विकास योजनाको औचित्य** ..... ४

**१.५. क्षमता विकास योजनाको निर्माणका आधारहरू** ..... ५

**१.६ क्षमता विकास योजना तर्जुमा विधि** ..... ५

**१.७ क्षमता विकास योजना तर्जुमा चरण** ..... ६

**१.८ क्षमता विकास योजना निर्माणका सीमितताहरू** ..... ९

परिच्छेद-२ ..... १०

बारेकोट गाउँपालिकाको परिचय ..... १०

**२.१. भौगोलिक अवस्थितिः** ..... १०

**२.२ जनसङ्ख्या** ..... ११

**२.३ आर्थिक अवस्था तथा पेशा व्यवसाय:** ..... १२

**२.४ शिक्षा** ..... १२

**२.५ सामाजिक विकास र सामाजिक सुरक्षा पद्धति** ..... १३

**२.६ यातायात पूर्वाधार** ..... १४

**२.७ विद्युत सेवा र उर्जा** ..... १४

**२.८ सञ्चार सेवा** ..... १४

**२.९ खानेपानी तथा सरसफाई** ..... १४

**२.१० बस्ती या आवास** ..... १५

**२.११ भूस्वामित्व अवस्था** ..... १५

**२.१२ बारेकोट गाउँपालिकाको कर्मचारी विवरण** ..... १२

**२.१३ गाउँ सभा** ..... १५

**२.१४ गाउँ कार्यपालिका** ..... १६

**२.१५ विषयगत समितिहरू** ..... १६

**२.१६ कर्मचारी दरबन्दी विवरण** ..... १६

**२.१७ बारेकोट गाउँपालिकाको प्रमुख समस्याहरू** ........ १८
परिच्छेद-३ गाउँपालिकाको विद्यमान क्षमताको लेखाजोखा ........ १९
**३.१ संस्थागत क्षमता विकासका आयाम** ........ १९
**३.२.बारेकोट गाउँपालिकाको मागमा आधारित संस्थागत क्षमता विकास लेखाजोखा** ........ २०
१. आर्थिक विकासः ........ २०
२. सामाजिक विकासः ........ २०
३. भौतिक पूर्वाधारः ........ २३
४. वन, वातावरण तथा विपत् व्यवस्थापनः ........ २७
**३.२ संस्थागत क्षमता (नेतृत्व तहको) लेखाजोखा तथा विश्लेषण** ........ ३६
**३.३ आपूर्तिमा आधारित क्षमता लेखाजोखाः** ........ ३९
**३.३ मानव संसाधनको क्षमता विकास आवश्यकताको लेखाजोखा** ........ ४४
**३.४ सेवा बजारहरूको क्षमता विकास लेखाजोखा** ........ ५०
परिच्छेद-४ ........ ५१
गाउँपालिकाको क्षमता विकास योजना ........ ५१
**४.१ संस्थागत क्षमता विकास योजना** ........ ५१
**४.२ स्थानीय सरकारको संस्थागत क्षमता विकास योजना** ........ ५२
**४.३ मानव संसाधन विकास योजना** ........ ६१
**४.४ स्थानीय सरकारको मानव संसाधन विकास योजना** ........ ६१
**४.५ गाउँपालिकाको क्षमता विकास योजनाको बजेट सारांश** ........ ७४
परिच्छेद-५ ........ ७६
क्षमता विकास योजना कार्यान्वयन रणनीति र प्रथम वर्षको योजना ........ ७६
**५.१ पृष्ठभूमि** ........ ७६
**५.२ उद्देश्य** ........ ७६
**५.३ कार्यक्षेत्र** ........ ७६
**५.४ क्षमता विकास योजना कार्यान्वयन रणनीति** ........ ७८
**५.५ कार्यान्वयनका सिद्धान्तहरू** ........ ७९
५.५.१ विभेद शुन्यः ........ ७९
५.५.२ पारदर्शिताः ........ ८०
५.५.३ समन्वय र सहकार्यः ........ ८०
५.५.४ योगदानमा आधारित कार्यक्रमः ........ ८०

**५.६ सम्भावित जोखिम पक्ष** ....... ८०

**५.७ कार्यान्वयन तालिका प्रथम वर्ष** ....... ८०

परिच्छेद ६ ....... ८३

कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन ....... ८३

**६.१ कार्यक्रम व्यवस्थापन** ....... ८३

**६.२ योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन** ....... ८३

**६.२.१ नियमित अनुगमनः** ....... ८४

**६.२.२ मध्यावधि समीक्षाः** ....... ८४

**६.२.३ योजना कार्यान्वयन समाप्ति पछिको मूल्याङ्कनः** ....... ८४

**६.२.४ प्रभाव मूल्याङ्कनः** ....... ८५

**६.२.५ अपेक्षित उपलब्धिः** ....... ८५

**सन्दर्भ सामग्रीः** ....... ८६

अनुसूचीहरू ....... ८७

**अनुसूची-१ बारेकोट गाउँपालिकाको कमर्चारी विवरण** ....... ८७

**अनुसूची-२ गाउँ सभाको नामावली** ....... ९५

**अनुसूची-३ गाउँ कार्यपालिकाको नामावली** ....... ९८

**अनुसूची-५ विषयगत समितिहरू** ....... ९८

**अनुसुची-५ शाखा तथा जिम्मेवार कर्मचारी विवरण** ....... ९८

अनुसूची–६: बारेकोट गा. पा., जाजरकोटको 'क्षमता विकास योजना' निर्माणसम्बन्धी अभिमुखीकरण तथा कार्यशाला गोष्ठीको उपस्थिति, माइन्युटका प्रतिलिपिहरू र सम्बन्धित तस्बिरहरू ....... १००

अनुसूची–७: बारेकोट गा.पा., जाजरकोटको 'क्षमता विकास योजना' निर्माणसम्बन्धी सुझाव ....... १०७

संकलन तथा कार्यशाला गोष्ठीका उपस्थितिको प्रतिलिपिहरू र सम्बन्धित तस्बिरहरू ....... १०७

सुझाव सङ्कलन तथा कार्यशाला गोष्ठीका तस्बिरहरूः ....... ११०

## तालिकाहरू

तालिका १ः कर्मचारी दरबन्दी र पदपूर्ति विवरण ....... १६

तालिका २ः आर्थिक विकाससम्बन्धी लेखाजोखा ....... १९-२१

तालिका ३ सामाजिक विकाससम्बन्धी लेखाजोखा ....... २१-२५

तालिका-४ः भौतिक पूर्वाधार विकाससम्बन्धी लेखाजोखा ....... २५-२७

तालिका-५ः वन, वातावरण तथा विपत् व्यवस्थापनसम्बन्धी लेखाजोखा ....... २७-३०

| | |
|---|---|
| तालिका-६ संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनसम्बन्धी लेखाजोखा | ३०-३२ |
| तालिका ७: संस्थागत क्षमता (नेतृत्व तह) लेखाजोखा | ३५-३६ |
| तालिका-८ : गाउँपालिकाको अधिकारको उपयोगको अवस्था | ३८-३९ |
| तालिका ९: ऐन, नियम, विधि र प्रणालीको स्थापनाको अवस्था | ३९-४१ |
| तालिका १०: कर्मचारी तथा पूर्वाधार अवस्था | ४२-४३ |
| तालिका ११: विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा | ४४-४५ |
| तालिका १२ मानव संशाधनको क्षमता लेखाजोखा फाराम (विषयक्षेत्रगत रूपमा) | ४६-४९ |
| तालिका १३. सेवा बजारको विवरण | ५० |
| तालिका १४: स्थानीय सरकारको संस्थागत क्षमता विकास योजना | ५३-६२ |
| तालिका १५: स्थानीय सरकारको मानव संसाधन विकास योजना | ६४- ७५ |
| तालिका १६: संस्थागत क्षमता विकासको खर्च सारांश | ७६ |
| तालिका १७: मानव संसाधन विकासको खर्च सारांश | ७६ |
| तालिका-१८: क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरू | ७७ |
| तालिका १९: आर्थिक वर्ष २०८१/२०८२ को कार्ययोजना | ८३-८५ |


## नक्सा तथा चित्र


| | |
|---|---|
| बारेकोट गाउँपालिकाको नक्सा | ११ |
| चित्र नं १: क्षमता विकास योजनाका तीन आयाम | १७ |

# परिच्छेद-१

# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानको भावना र सङ्घीयताको मर्म अनुरूप स्थापित स्थानीय सरकारहरूले आफ्नो भूमिका प्रभावकारी, परिणाममुखी पारदर्शी र जवाफदेही बनाइ दिगो ढङ्गले वहन गर्न उनीहरूको कार्यशैली, योजना तर्जुमा र चिन्तन पद्धति परिवर्तित सन्दर्भ अनुरूप हुनु अत्यावश्यक छ । नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाई एकल अधिकार प्रदान गरेको छ। नेपालको संविधानको अनुसूची ७ मा प्रदेश र स्थानीय तहको साझा अधिकार एवं अनुसूची ९ मा संघ प्रदेश र स्थानीय तहको साझा अधिकार व्यवस्था गरिएको छ। यी अधिकार कार्यान्वयन गर्नका लागि स्थानीय सरकारका संस्थागत र संगठनात्मक व्यवस्था, मानव संसाधन तथा भौतिक पूर्वाधार विकास लगायतका अवयवहरूको क्षमतामा सुधार जरुरी हुन्छ । मानवीय सिप र क्षमताको भरपुर उपयोग र विकास गर्दै कामलाई सिर्जनशील, छरितो, रचनात्मक र परिणाममुखी बनाएर मात्र सेवा प्रवाह गर्ने निकायहरूको संस्थागत क्षमता दिगो हुन सक्दछ । स्थानीय सरकारद्वारा प्रवाह गर्नु पर्ने सेवा, सुविधा तथा वस्तु आम नागरिकका अपेक्षा र चाहना अनुरूप हुन सकेमा मात्र त्यसले जन निर्वाचित प्रतिनिधि र कर्मचारीतन्त्र प्रति विश्वसनीयता बढ्दै जान्छ । यसो हुन नसक्दा राज्य र व्यवस्थाप्रति आम नागरिकहरूको नैराश्यता बढ्न जान्छ। यसर्थ, सबै स्थानीय सरकारले संस्थागत क्षमता वृद्धि गर्दै मानव संसाधन, विधि र कार्य प्रणालीमा सुधार गरी नागरिकप्रति पूर्ण रूपमा उत्तरदायी स्थानीय सरकारको प्रत्याभूति गराउनु आवश्यक छ। सङ्घीयताको सफल कार्यान्वयनमा नै देश र जनताको भविष्य निर्भर रहेको छ । नागरिकका लागि मितव्ययी तरिकाले गुणात्मक सेवा प्रदान गर्न सहज होस् भन्ने अभिप्रायले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११४ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी "क्षमता विकास योजना तर्जुमा दिग्दर्शन-२०७६" अनुरूप यो क्षमता विकास योजना निर्माण गरिएको हो ।

सन् १९८० को दशकमा नोबेल पुरस्कार विजेता अमर्त्य सेनले भौतिक र स्रोतको प्रर्याप्तताले मात्र विकासको बहुआयमिकता सुनिश्चित गर्दैन भन्ने मान्यता राखेका थिए । उनका अनुसार क्षमता विकास मानव विकासको चावी भएको र यो समग्र विकासका लागि महत्वपूर्ण रहेको औंल्याएका थिए । एउटा प्रख्यात भनाइ नै छ कि जनतालाई माछा दिएर होइन माछा मार्ने जाली र सिप दिएर उसको जीविकोपार्जन गराउन सकिन्छ । स्थानीय सरकारको क्षमता विकासको अवधारणा बढी नेतृत्व र व्यवस्थापनसँग जोडिएको संस्थागत क्षमता विकास मात्र हो कि भन्ने द्विविधा पनि पर्न जान्छ । तर यससँग विकासका संरचनाका साथसाथै सेवाग्राही जनता, उपभोक्ता समितिहरू, विकास साझेदारहरूको पनि क्षमता विकासबाट समग्र विकास हासिल गर्न

सकिन्छ भन्ने मान्यतालाई आत्मसात् गरेको छ । त्यसैले स्थानीय क्षमता विकासको अवधारणालाई वास्तवमा अमत्र्य सेनको मानव क्षमता विकाससँगै संरचना, संस्था, सेवाग्राही जनता र विकास साझेदारको समेत क्षमता विकास गर्ने पञ्चभूजीय अवधारणा हो भनेर भन्न सकिन्छ ।

नेपालको संविधानले स्थानीय तहहरूलाई प्रशस्त विधायिकी, न्यायिक र कार्यकारी अधिकारका साथ नागरिकका घरदैलोका सरकारका रूपमा स्थापित गरेको छ । यसका लागि स्थानीय तहहरू कुशल नेतृत्व सहित संस्थागत रूपमा सवल, सक्षम, पूर्ण प्रजातान्त्रिक, जिम्मेवार र प्रभावकारी भई सेवा प्रवाह गर्न जरुरी हुन्छ ।

स्थानीय तहहरू नागरिकको जीवनस्तर सुधारका साथै समृद्ध देशको लक्ष्य पूरा गर्न अनिवार्य र आधारभूत जिम्मेवार निकाय हुन् । स्थानीय  सरकारका अधिकार र जिम्मेवारीहरू कुशल रूपमा सम्पादन गर्ने विषय विभिन्न पदीय जिम्मेवारीमा रहेका जननिर्वाचित प्रतिनिधिहरूको क्षमता र कार्यशैलीमा भर पर्दछ । संविधान प्रदत्त एकल र साझा अधिकार र जिम्मेवारीहरूलाई कुशल रूपमा सम्पादन गरी नागरिकहरूलाई छिटो, छरितो, पारदर्शी, भरपर्दो र गुणात्मक सेवा प्रवाह गर्ने जिम्मेवारी र दायित्व स्थानीय सरकारको काँधमा रहेको छ । स्थानीय सरकारको सही काम कारवाही र तौर तरिकाले देशमा असल शासनको प्रत्याभूति गर्न सघाउ पुऱ्याउँछ । तर अधिकांश स्थानीय सरकारहरूले शासन सञ्चालनमा बहुआयामिक चुनौतीको सामना गरिरहेका छन् । ती मध्ये कर्मचारी तथा प्रतिनिधिमा काम गर्ने क्षमताको कमी ठुलो समस्याका रूपमा देखा परेको छ । यस्तो अवस्थामा स्थानीय सरकारहरूले सामाजिक, आर्थिक, भौतिक पूर्वाधार तथा वातावरणीय दिगो विकास कार्यहरूलाई परिणाममूखी बनाउने कानुनी र नैतिक दायित्व पूरा गर्न सक्दैनन् । जिम्मेवारीका तुलनामा पूर्ण कार्य क्षमतामा कमी हुँदा सेवा प्रवाह चुस्त दुरुस्त नहुन सक्छ । नागरिकहरूको आशा र अपेक्षा अनुसार विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यतालाई आत्मसात् गर्न नसक्दा स्थानीय सरकारहरू गतिशील र रचनात्मक बन्न सक्दैनन् । नागरिकका न्यूनतम आवश्यकता पहिचान गर्न नसक्दा विकासका कार्यहरूको प्राथमिकीकरणमा अलमल हुन जान्छ । यसबाट समृद्धिको यात्रा कहाँबाट सुरु गर्ने र कुन गन्तव्यमा पुग्ने भन्नेमै अन्यौलता हुन जान्छ ।

उपरोक्त परिस्थितिलाई ध्यानमा राखी स्थानीय तहका संरचना, कर्मचारी तथा निर्वाचित प्रतिनिधिहरू लगायत सेवाग्राही, साझेदारको समेत क्षमता विकास र कार्य सम्पादनमा सुधार गरी संस्थागत क्षमता अभिवृद्धि गर्न कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको आर्थिक सहयोगमा मान्नमी सञ्चार तथा प्रकाशन प्रा.लि. ललितपुरद्वारा जाजरकोट जिल्लाको बारेकोट गाउँपालिकाको यो ३ वर्षे क्षमता विकास योजना तयार गरिएको छ ।

## १.२ क्षमता विकास योजनाको लक्ष्य

बारेकोट गाउँपालिका र यसका सहयोगी निकायहरूको संस्थागत तथा मानव संशाधन क्षमता

अभिवृद्धिमार्फत सुशासन, विकास व्यवस्थापन तथा सार्वजनिक सेवा प्रवाहलाई जनमुखी, प्रभावकारी, गुणस्तरीय र पारदर्शी बनाउने यस क्षमता विकास योजनाको लक्ष्य रहेको छ ।

## १.३. क्षमता विकास योजनाको उद्देश्य

क्षमता विकास योजना तयार गर्नुको मूल उद्देश्य बारेकोट गाउँपालिकाका निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरूको विकास व्यवस्थापन, संगठन व्यवस्थापन, वित्तीय व्यवस्थापन, सूचना व्यवस्थापन, सुशासन र समन्वय तथा सहकार्यसँग सम्बन्धित विषयमा क्षमता अभिवृद्धि गर्नु हो । यस योजनाको कार्यान्वयनबाट गाउँपालिकाको कार्य सम्पादनमा सुधार ल्याउनु र जनतालाई विकास सुशासन र सेवा प्रवाह प्रभावकारी र गुणस्तरीय बनाउनु हो । साथै यस क्षमता विकास योजना तर्जुमाको अर्को उद्देश्य विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाई संस्थागत विकास गरी नागरिकहरूको आशा र अपेक्षा अनुसार काम गर्न सक्ने बनाउन संस्थागत क्षमता र मानव संसाधन क्षमता विकासका उपायहरूको खोज तथा विश्लेषण गरी ३ वर्षे योजना निर्माण गर्नु हो । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरिएको क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन-२०७६ ले निर्देशित गरेका विधि र प्रक्रिया अपनाई संविधान तथा प्रचलित कानुनहरूबाट स्थानीय सरकारलाई प्राप्त अधिकार अनुरूप जनउत्तरदायीपूर्ण ढङ्गबाट कार्यसम्पादन गर्नका लागि संस्थागत र मानव संसाधनको क्षेत्रमा रहेको अभाव पहिचान र सोको परिपूर्ति गर्न क्षमता विकासका आवश्यक उपायहरूको सहभागितामूलक ढङ्गबाट पहिचान गरी विस्तृत योजना निर्माण गर्नु यसको उद्देश्य हो । यसलाई मूल उद्देश्य र निर्दिष्ट उद्देश्यमा विभाजन गरिएको छ ।

**क्षमता विकास योजनाको मूल उद्देश्यहरूः**

१. गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास गर्नु,
२. क्षमता विकास योजना कार्यान्वयनका लागि आवश्यक स्रोत तथा साधनहरूको परिपूर्तिका लागि सरोकारवालाहरूलाई मार्गदर्शन गर्नु ।

**क्षमता विकास योजनाका निर्दिष्ट उद्देश्यहरूः**

१. जन प्रतिनिधि र कर्मचारीहरूका लागि आवश्यक ज्ञान, सिप, धारणा र विद्यमान क्षमता बीचको फरक पहिचान गरी आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,
२. गाउँपालिकामा सुशासन, विकास र सेवा प्रवाहमा नवीनतम आयाम, विधि र प्रणालीको अवलम्बन गर्नु,
४. संस्थागत विकास तथा मानव संसाधन विकासका क्षेत्रमा देखिएका कमजोर क्षेत्रहरू पहिचान गरी क्षमता विकास कार्यक्रमलाई सञ्चालन र कार्यान्वयन गर्नका लागि रणनीति एवम्

कार्यनीति निर्धारण गर्नु,

५. संस्थागत तथा मानव संसाधन क्षमता विकासका लागि लगानी गर्नुपर्ने क्षेत्रहरूको पहिचान गरी तदनुरूप कार्यक्रम तय गर्नु,

६. गाउँपालिकाको विकास निर्माण प्रक्रिया, सुशासन र सेवा प्रवाहमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्न सहयोग गर्नु,

७. योजनाको कार्यान्वयन, नातिजामूलक अनुगमन मूल्याङ्कन गरी परिणाम र गुणस्तरीयताको सुनिश्चितता गर्नु ।

## १.४ क्षमता विकास योजनाको औचित्य

क्षमता विकास योजना भनेको स्थानीय तह र यसका सहयोगी निकायहरूको संस्थागत तथा मानव संशाधनको क्षमता अभिवृद्धिमार्फत विकास व्यवस्थापन तथा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, गुणस्तरीय र पारदर्शी बनाउने योजना हो ।

नेपालको संविधान अनुसार स्थानीय सरकारहरू विधायिकी, कार्यकारी र न्यायिक अधिकारहरू सहितका नागरिकको घरदैलोका सरकारी तह हुन् । यिनीहरूले प्रजातान्त्रिक मूल्य र मान्यता स्थापित गर्दै नागरिकको जीवनस्तर सुधारका लागि सुशासन, विकास र सेवा प्रवाह गर्नुपर्ने हुन्छ । जनप्रतिनिधिहरू र राष्ट्रसेवक कर्मचारीहरूले विगतका वर्षहरूमा आर्जन गरेका ज्ञान, सिप, क्षमता, अमूल्य अनुभवलाई उपयोग गर्दै बढ्दो जन अपेक्षालाई सम्वोधन गर्नका निमित्त सेवा प्रवाह दुरुस्त, प्रविधिमैत्री र आधुनिक बनाउनका लागि संस्थागत क्षमता र मानव संसाधनको क्षमता अभिवृद्धि बढी महत्त्वपूर्ण हुन्छ ।

तसर्थ स्थानीय सरकारबाट सञ्चालन गरिने सामाजिक, आर्थिक, पूर्वाधार विकास, वातावरणीय दिगोपनका साथै संस्थागत विकास, सेवा प्रवाह र सुशासनको सुनिश्चितता कायम गर्न संस्थागत संरचनामा भएको कमी तथा जिम्मेवारीमा रहेका कर्मचारी, निर्वाचित प्रतिनिधि, विकास साझेदार तथा सरोकारवालाहरूको क्षमतामा रहेको कमीलाई पहिचान गरी पूरा गर्न संस्थागत र मानव संसाधन विकास योजना निर्माण गर्नु अपरिहार्य हो ।

त्यसैगरी विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधि र साधन स्रोतयुक्त बनाउँदै नागरिकहरूको आशा र अपेक्षा अनुसार काम गर्न सक्ने गरी स्थानीय सरकारको संस्थागत क्षमता विकासका साथै आपूर्ति र मागमा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरी आवश्यकता वोध गरेका क्षेत्रमा ज्ञान, सिप र धारणा विकास तथा जनउत्तरदायी शासन प्रणाली स्थापित गर्न आवश्यक रहेको हुँदा पनि यो योजना बनाउनु परेको हो । क्षमता विकासका लागि मन्त्रालयले तय गरेको दिग्दर्शन अनुरूप यसलाई निम्न अनुसार सङ्क्षेपीकरण गरिएको छ ।

- स्थानीय सरकारबाट सञ्चालन गरिने विकासका विविध आयामहरूलाई दिगो र परिणाममूखी

बनाउन ।

- विकास व्यवस्थापन, संगठन व्यवस्थापन, वित्तीय व्यवस्थापन, संस्थागत विकास, पारदर्शिता, सेवा प्रवाह र सुशासनको सुनिश्चितता कायम गर्न ।
- संस्थागत संरचनामा भएको कमी पहिचान गरी परिपूर्तिको उपाय सुझाव दिने ।
- विकास प्रशासनका नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाउदै लैजान ।
- संविधान प्रदत्त अधिकार र जिम्मेवारीहरूलाई कुशल रूपमा सम्पादन गरी नागरिकहरूलाई छिटो, छरितो, कम झन्झटिलो, पारदर्शी र गुणात्मक सेवा प्रवाह गर्ने जिम्मेवारी र दायित्व स्थानीय सरकारको रहेको ।
- स्थानीय सरकारबाट सञ्चालन गरिने सामाजिक, आर्थिक, वातावरणीय गतिविधि तथा पूर्वाधार विकास निर्माणका कार्यहरूलाई दिगो र परिणाममुखी बनाउनु पर्ने कानुनी र नैतिक दायित्व स्थानीय तहको रहेको ।
- स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरू कुशल रूपमा सम्पादन गर्न विभिन्न पदीय जिम्मेवारीमा रहेका जननिर्वाचित प्रतिनिधिहरू र कर्मचारीहरूको क्षमता विकास गर्न आवश्यक रहेको ।
- आपूर्तिका साथै मागमा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरी आवश्यकता बोध गरेका क्षेत्रमा ज्ञान, सीप र धारणा विकास तथा जन उत्तरदायी शासन प्रणाली स्थापित गर्न आवश्यक रहेको ।

## १.५. क्षमता विकास योजनाको निर्माणका आधारहरू

यो क्षमता विकास योजना निर्माण गर्दा देहायका आधारहरू लिइएको छ।

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरिएको "क्षमता विकास योजना तर्जुमा दिग्दर्शन , २०७६"
- संघीय र प्रादेशिक निजामती सेवा एन र नियमावली
- संघीय र प्रादेशिक आवधिक योजनाहरू
- दिगो विकास लक्ष्य
- संघ तथा प्रदेशबाट समय समयमा प्राप्त मार्गनिर्देशनहरू आदि।

## १.६ क्षमता विकास योजना तर्जुमा विधि

### क) सङ्ख्यात्मक विधिः

सङ्ख्यात्मक विधि अन्तर्गत विभिन्न दस्तावेजहरूको अध्ययन गरी द्वितीय तथ्याङ्कहरू सङ्कलन गरिएको छ। त्यस्तै प्रश्नावली विवरण फाराम बनाई गाउँपालिकाहरू, वडा कार्यालयहरूबाट

प्राथमिक तथ्याङ्कहरू सङ्कलन गरिएको छ । सङ्कलित प्राथमिक तथ्याङ्कहरूको प्रशोधन तथा विश्लेषण गरी क्षमता विकास योजनामा समेटिएको छ ।

**ख) गुणात्मक विधिः**

गुणात्मक विधिमा प्राथमिक तथ्याङ्क सङ्कलन अन्तर्गत कार्यशाला गोष्ठी, प्रश्नावली विवरण फाराम, अन्तर्वार्ता, स्थलगत अवलोकन, समूह छलफल र द्वितीय तथ्याङ्क सङ्कलन अन्तर्गत विभिन्न दस्तावेजहरूको पुनरावलोकन गरी संस्थागत तथा मानव संसाधनको क्षमता विकासतर्फ भौतिक, नीतिगत, विकास व्यवस्थापन, वित्तिय व्यवस्थापन, सुशासन, समन्वय तथा सहकार्य, सूचना प्रविधिजस्ता विषयहरूको विश्लेषण गरिएको छ ।

**ग) विश्लेषणात्मक विधिः**

सङ्ख्यात्मक र गुणात्मक विधिबाट सङ्कलित संस्थागत तथा मानव संसाधनको क्षमता विकाससँग सम्बन्धित तथ्य र तथ्याङ्कहरूको वस्तुपरक विश्लेषण गरिएको छ ।

**घ) सहभागितामूलक विधि**

राजस्व सुधार कार्ययोजना तर्जुमा गर्दा गाउँपालिका गई सम्बन्धित सरोकारवालाहरूलाई सहभागी गराइ अभिमुखीकरण गरिएको छ । कार्ययोजनाका उद्देश्य औचित्य महत्व प्रक्रिया सम्बन्धमा अभिमुखीकरण गरिएको छ । कार्ययोजनाको मस्यौदा तयार भए पश्चात पनि गाउँपालिकामा सम्बन्धित सरोकारवालाहरूसँग सुझाव सङ्कलन गरिएको छ । यसरी कार्ययोजना तर्जुमा गर्दा सहभागितामूलक विधि अवलम्बन गरिएको छ ।

## १.७ क्षमता विकास योजना तर्जुमा चरण

क्षमता विकास योजना निर्माण गर्नका लागि देहाय अनुसार चरण अवलम्बन गरिएको छ।

**चरण १. समन्वय तथा सन्दर्भ सामग्रीको अध्ययन**

बारेकोट गाउँपालिकासँगको सम्झौता पश्चात् तयारी चरणको सुरुवातमा मान्नमी सञ्चार तथा प्रकाशन प्रा.लि.का व्यवस्थापकीय तथा विज्ञ समूहसँग क्षमता विकास योजना निर्माणका लागि गर्नुपर्ने कार्यहरूका विषयमा छलफल गरिएको थियो । सम्बन्धित गाउँपालिकासँग टेलिफोनमार्फत सम्पर्क कायम गर्ने, सेवाग्राही तहबाट स्थानीय सरकारको संस्थागत र मानव संसाधनको सेवा प्रवाह प्रतिको धारणा लिने कार्य गरिएको थियो । साथै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरिएको क्षमता विकास योजना तर्जुमासम्बन्धी दिग्दर्शन-२०७६ ले निर्दिष्ट गरेका विधि र प्रक्रिया अनुसार फारामहरूलाई तयार गरी क्षमता विकास योजनासँग सम्बन्धित तथ्याङ्क तथा विवरणका लागि गाउँपालिकाको कार्यालयलाई पठाइएको थियो ।

**चरण २. क्षमता विकास योजना सम्बन्धमा अभिमुखीकरण कार्यशाला**

क्षमता विकासका विभिन्न आयामहरूका बारेमा छलफल गर्न, स्रोतको पहिचान, योजना निर्माण

आदि विषयबस्तुमा आधारित भई २०८१ बैशाख ३० गते अभिमुखीकरण तथा कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । उक्त कार्यशाला गोष्ठीमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरू, विषयगत समितिका संयोजकहरू, कार्यपालिका सदस्यहरू, शाखाका प्रमुख तथा प्रतिनिधिहरू गरी ४१ जनाको सहभागिता रहेको थियो । जस अन्तर्गत मागमा आधारित संस्थागत क्षमता विकास आवश्यकताको लेखाजोखा क्षमता विकास योजना तर्जुमा दिग्दर्शन-२०७६ को अनुसूची २ मा तोकिएको ढाँचा अनुसारका पाँच वटा विषयगत क्षेत्रमा सम्बन्धित शाखा/एकाईका प्रमुखहरू ६ वटा समूहमा छलफल गराई स्व-मूल्याङ्कन विधिबाट संस्थागत क्षमता लेखाजोखाका लागि विवरण सङ्कलन गरिएको थियो ।

त्यस्तै नेतृत्व तहको क्षमता विकास आवश्यकताको लेखाजोखा गर्न गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष लगायत वडा अध्यक्ष, कार्यपालिका सदस्य र गठित समिति, उपसमितिका संयोजकहरूलाई पनि सानो सानो समूहमा सम्वाद गरी क्षमता विकास योजना तर्जुमा दिग्दर्शन-२०७६ को अनुसूची ३ मा तोकिएको ढाँचा अनुसार नेतृत्व क्षमता लेखाजोखाका लागि स्व-मूल्याङ्कन विधिबाट विवरण सङ्कलन गर्ने कार्य गरियो। नेतृत्व तहले आवश्यकता महशुस गरेको संस्थागत क्षमता विकासको आवश्यकता पहिचान गरियो ।

गाउँपालिकाका पदाधिकारीहरू र कर्मचारीहरूले स्पष्ट रूपमा पहिचान गर्न नसकेका तर कार्यसम्पादनका लागि आवश्यक कार्य तथा क्रियाकलापहरूको पहिचान गर्न आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा गरिएको हो। यसका लागि कार्यपालिकाका पदाधिकारीहरूसँग बसेर अनुसूची ५ को प्रयोगबाट सम्पादन गरेका कार्यहरूको अवलोकन र समीक्षा गर्दै स्थानीय सरकारको संस्थागत स्व-मूल्याङ्कन फारामहरूको अध्ययन गरी आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा गरिएको छ ।

क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरूको पहिचान योजना तर्जुमाकै समयमा सहभागितामूलक विधि र हाम्रो अनुभवका आधारमा अनुसूची ६ अनुसार विभिन्न प्रकारका क्षमता विकास कार्यका लागि आवश्यक पर्ने स्रोत व्यक्ति र सरोकारवालहरूको पहिचान गरिएको छ ।

संस्थागत क्षमता विकास योजना कार्यान्वयनको लागि समय र बजेट आँकलन गरियो। संस्थागत क्षमता विकासका लागि क्षमता विकासको प्रकृति अनुसारको समय र स्रोत व्यक्ति वा संस्था आवश्यक पर्ने हुँदा छलफलकै माध्यमबाट समय निर्धारण गरियो। आवश्यक बजेटको हकमा कर्मचारीको अनुभवबाट र पहिचान गरिएका क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरूसँगको सम्वादका माध्यमबाट तय गर्ने निर्णय गरिएको छ । त्यसैगरी आवश्यक पर्ने लागत व्यहोर्ने स्रोत पनि छलफलबाटै तय गरिएको छ ।

आवश्यक बजेटको हकमा मानव संसाधन विकासका लागि पनि कर्मचारी र पहिचान गरिएका

क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरूसँगको सम्वादका माध्यमबाट आवश्यक लागत तय गरिएको छ । त्यसै गरी आवश्यक पर्ने लागत व्यहोर्ने स्रोत पनि छलफलबाटै तय गरिएको छ ।

**क्षमता विकास समन्वय समिति गठन**

क्षमता विकास योजना तयारी दिग्दर्शन-२०७६ ले निर्दिष्ट गरेका जिम्मेवारीहरूका लागि २०८१ बैशाख ३० गते एक भेलाको निर्णयबाट क्षमता विकास समन्वय समिति गठन गरिएको थियो । सो समितिको नामावली निम्न अनुसार छ ।

संयोजक -श्री दिल बहादुर नेपाली , कार्यपालिका सदस्य

सदस्य -श्री विष्णु वि.क.,

सदस्य -श्री श्रम बहादुर सिंह

सदस्य -श्री कमला नेपाली,

सदस्य  सचिव-श्री खिम बहादुर रोकाया,

**चरण ३. क्षमता विकास आवश्यकताको लेखाजोखा**

क्षमता विकास योजनाको यस चरणमा स्थानीय सरकारका कर्मचारी, निर्वाचित प्रतिनिधिहरू र अन्य सरोकारवालाहरूसँग प्रत्यक्ष भेटघाट, छलफल अभिमुखीकरण तथा कार्यशालालगायत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरिएको क्षमता विकास योजना तर्जुमासम्बन्धी दिग्दर्शन-२०७६ मा उल्लेखित फारामहरू प्रयोग गरी  सोही अनुसार लेखाजोखा तथा क्षमता विकासका आवश्यकता पहिचान गरिएको थियो । सङ्कलित विवरणहरूको विश्लेषणबाट गाउँपालिकाका लागि आवश्यकता महशुस गरिएका मागमा आधारित संस्थागत क्षमता विकासको आवश्यकता पहिचान गरियो । शाखागत र विषयगत रूपमा मानव संसाधनको क्षमता लेखाजोखा पदाधिकारी र कर्मचारीसँगको छलफलका आधारमा दिग्दर्शनको अनुसूची ८ अनुसार स्थानीय सरकारको शाखागत रूपमा विद्यमान मानव संसाधनको क्षमता लेखाजोखा गरी ज्ञान, सिप र दक्षता वृद्धिका लागि अपेक्षा गरिएको क्षमता विकास कार्यक्रम शाखाकै कर्मचारीहरूबाट माग गरिएको हो ।

**चरण ४. क्षमता विकास योजना लेखन**

उपरोक्त विभिन्न स्तरको तथ्याङ्क, तथ्यहरूको अध्ययन, स्वमूल्याङ्कन तथा विश्लेषण पछि क्षमता विकास योजना तर्जुमासम्बन्धी दिग्दर्शन-२०७६ मा उल्लेख भएको ढाँचामा स्थानीय सरकारको संस्थागत क्षमता विकास योजना र मानव संसाधन विकास योजनाको मस्यौदा तयार गरिएको छ ।

### चरण ५.प्रतिवेदन प्रस्तुतीकरण र सुझाव सङ्कलन

गाउँपालिकाको क्षमता विकास योजनाको लेखन चरण पूरा गरिसके पछि अन्तिम मस्यौदा प्रतिवेदनमाथि गाउँपालिकामा गई २०८१ जेष्ठ २६ गते सुझाव सङ्कलन तथा कार्यशाला गोष्ठी आयोजना गरेर सुझावहरू सङ्कलन गरिएको थियो । उक्त सुझाव सङ्कलन कार्यक्रममा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरू, विभिन्न समितिका संयोजकहरू, कार्यपालिका सदस्यहरू, शाखाका प्रमुख तथा प्रतिनिधिहरू गरी २७ जनाको सहभागिता रहेको थियो ।

गाउँपालिकामा अध्ययन तथा क्षमता लेखाजोखा र क्षमता विकासका उपायहरूको पहिचान गर्ने, आवश्यक लागत तय गर्ने तथा कार्यान्वयनको समय सीमा र लागत व्यहोर्ने स्रोत पहिचान पछिको संश्लेषण गरी गाउँपालिका तहमा वार्षिक कार्ययोजना तय गरिएको छ ।

### चरण ६. क्षमता विकास योजनाको स्वीकृति र कार्यान्वयन

प्रतिवेदन पेश गरे पश्चात गाउँ कार्यपालिकाबाट क्षमता विकास योजनाको स्वीकृति गरी कार्यान्वयनको चरणमा लगिनेछ । गाउँपालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा क्षमता विकास योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गर्नेछ । क्षमता विकास समन्वय समितिको निर्देशन बमोजिम कार्यान्वयनलाई परिणाममूखी बनाउन अनुगमन, सुपरिवेक्षण, प्रभाव मूल्याङ्कन र पृष्ठपोषण गर्नु पर्ने हुन्छ ।

## १.८ क्षमता विकास योजना निर्माणका सीमितताहरू

क्षमता विकास योजनाका केही सीमितताहरू देहाय अनुसार उल्लेख गरिएको छ ।

- भौगोलिक जटिलता ।
- गाउँपालिकाको अभिलेख व्यवस्थित भइ नसकेको हुँदा विवरण प्राप्त हुन कठिनाइ ।
- बजेटको सीमा भित्र रहेर गर्नु पर्ने ।
- आर्थिक वर्षको अन्त्यमा कार्यचाप बढी भएका कारण समय कम भइ सरोकारवालासँग प्रयाप्त छलफल गर्न नसकिएको ।
- बाह्य बजेट अपेक्षित अनुमानित बजेट भएकाले कतिपय सन्दर्भमा योजनाको बजेट पुनःसंयोजन गर्न आवश्यक पर्ने ।

# परिच्छेद-२

# बारेकोट गाउँपालिकाको परिचय

बारेकोट गाउँपालिकाको वर्तमान क्षमता विश्लेषण र विकासका आवश्यकता पहिचान गरी क्षमता विकास योजना तर्जुमा गर्न वर्तमान अवस्थामा गाउँपालिकाको संक्षिप्त वस्तुस्थिति र वर्तमानको भौतिक स्रोत साधन र मानव संसाधनको विद्यमान अवस्थाको पहिचान महत्वपूर्ण हुन्छ । तसर्थ यस परिच्छेदमा खास गरी गाउँपालिकाको संक्षिप्त परिचय प्रस्तुत गरिएको छ । विगतमा यो गाउँपालिका भौगोलिक, सामाजिक, आर्थिक, विकास लगायतको क्षेत्रमा निकै पछि परेको भए तापनि नेपालको संविधान तथा सङ्घीयता कार्यान्वयनको क्रममा केहि वर्षयता यस क्षेत्रमा विकास निर्माणको गति तीव्र रुपमा हुँदै गएको छ । यस परिच्छेदमा यहाँको भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी तथा नामकरण, राजनीतिक अवस्थिति, प्राकृतिक तथा सांस्कृतिक, शैक्षिक अवस्थालाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

## २.१. भौगोलिक अवस्थितिः

बारेकोट गाउँपालिका कर्णाली प्रदेशको जाजरकोट जिल्लामा पर्दछ । यो जाजरकोट जिल्लाको उत्तर भागमा अवस्थित सबैभन्दा सानो तर अति सुन्दर, भौगोलिक रूपमा मिलेको गाउँपालिका हो ।यो गाउँपालिका कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरदेखि करिब १९२ कि मि उत्तरमा रहेको छ। साविकका रामीडाँडा, नायकबाडा, सक्ला र रोकायागाउँ गाविस हररू समेटेर यस गाउँपालिकाको स्थापना वि.सं. २०७३ फागुन २७ गते भएको हो ।यस गाउँपालिकाको केन्द्र नायकबाडाको लिम्सामा रहेको छ। यो गाउँपालिका समुद्री सतहबाट करिब ६१० मिटर देखि ५४१२ मिटरको उचाईंमा रहेको र ५७७.५ वर्ग किलोमिटरमा फैलिएको छ । यसको अवस्थिति २८ डिग्री ५८ मिनेट उत्तरी अक्षांश देखि २९ डिग्री ७ मिनेट उत्तरी अक्षांश र ८२ डिग्री ११ मिनेट पूर्व देखि ८२ डिग्री ४१ मिनेट पूर्वी देशान्तरमा अवस्थित छ । यो गाउँपालिका जाजरकोट जिल्लाको सदरमुकाम खलङ्गादेखि उत्तरी दिशामा रहेको छ । यो गाउँपालिका मुख्य रुपमा दक्षिणी पूर्वी मोहडा फर्किएर उत्तर पश्चिम तर्फ फैलिएको छ । यस गाउँपालिकाको पूर्वमा डोल्पा जिल्लाको जगदुल्ला गाउँपालिका, मुड्केचुला गाउँपालिका र जाजरकोट जिल्लाको नलगाड नगरपालिका पर्दछ । पश्चिममा जुम्ला जिल्लाको तातोपानी गाउँपालिका र जाजरकोट जिल्लाको कुशे गाउँपालिका पर्छ । त्यस्तै उत्तर तर्फ जुम्ला जिल्लाको गुठीचौर गाउँपालिका पर्दछ भने दक्षिण तर्फ जाजरकोट जिल्लाको नलगाड नगरपालिका पर्दछ (बारेकोट गा.पा. को वेवसाइट ) ।

## बारेकोट गाउँपालिकाको नक्सा




स्रोतः *https://www.nepalarchives.com/map-of-barekot-rural-municipality-jajarkot-nepal/*

**नामकरण**

यस गाउँपालिकाको नामाकरण यहाँ भएका बाह्र वटा कोट डाँडा थुम्का (क्रमशः सिनाकोट, धौलकोट, रानाकोट, सुवाकोट, तलकोट, चिमकोट, रतनकोट, उनीकोट, दुनीकोट, लम्तीकोट, नयरकोट र चुत्रीकोट को नामबाट नामाकरण गरिएको हो । यस गाउँपालिकालाई ९ वटा वडाहररूमा विभाजन गरिएको छ ।

## २.२ जनसङ्ख्या

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार यस गाउँपालिको कुल जनसंख्या २२००५ जना रहेको छ भने महिला १०९७० र पुरुष जनसङ्ख्या ११०३५ रहेको छ । गाउँपालिकामा रहेका कुल घर धुरी ३८८७ छन् । जनसंख्या अनुपात १००.५९ पुरुष प्रति महिला रहेका छन् । जनघनत्व ३८ जना प्रति वर्ग कि.मि. रहेको छ । हिन्दु धर्म मान्ने २१६५५ जना क्रष्टियन २७३ जना बुद्ध १४ जना प्रकृति धर्म मान्ने ६३ जना रहेका छन् । ।यस पालिकामा बाहिरबाट आएर बसाइँसराइ गरी आएको जनसंङ्ख्या २५ रहेको छ । (राष्ट्रिय जनगणना , २०७८) ।

यस गाउँपालिकामा अनुपस्थित जनसङ्ख्यामा पुरुष १९०५ र महिला ४०४ रहेका छन् । अनुपस्थित हुने मुख्य कारणमा  बाहिरी आकर्षक तलवमान, पालिकामा अपेक्षित काम नपाउनु र परिवारमा आश्रित हुनु रहेका छन् । यस गाउँपालिकामा १५ वर्षसम्मका बालवालिकाको सङ्ख्या ६९५१ (३७ प्रतिशत) छ भने १५ देखि ३९ वर्षसम्मका युवाको जनसङ्ख्या ६९३० (३६.९२ प्रतिशत) रहेको छ ।

## २.३ आर्थिक अवस्था तथा पेशा व्यवसाय:

यस पालिकामा कमर्सियल बैक २ वटा र लघु वित्त २ वटा रहेका छन् । पालिकामा कृर्षि, फलफुल र पशुसम्बन्धी कुल ८५ वटा फार्महररू रहेका छन् । यस पालिकाको कुल जनसङ्ख्या मध्ये १० वर्ष र १० वर्ष भन्दा माथि आर्थिक रुपले सक्रीय जनसङ्ख्या १५,२८३ रहेको छ । ती मध्य ८९३३ जनाको आफ्नै काम रहेको र ४९१७ जनाले परिवारको काममा सहयोग गर्ने देखिएको छ । पालिकाको १६५७१ आर्थिक रुपमा सक्रिय जनसङ्ख्या मध्ये ६ महिना भन्दा बढी काम गर्ने ८३८९ जना रहेका छन् ।यहाँ ३ महिना भन्दा कम काम गरेका  ५०४ जनाले पूर्ण समयका लागि र ४२७ जनाले आंशिक काम खोजेको देखिन्छ ।  त्यसै गरी ३ देखि ६ महिना काम गरेका १६९ र ३०१ जनाले पूर्ण र आंशिक काम खोजेको देखिन्छ ।

उत्पादनशील जमीन र चरन क्षेत्र भएको बारेकोट गाउँपालिकामा कृषि र पशुपालन नै मुख्य पेशा हो । राष्ट्रिय जनगणना २०७८ अनुसार कुल जनसङ्ख्यामध्ये ३७०० घरपरिवारले कृषि र पशुपालन व्यवसायलाई मुख्य पेशा बनाएको पाइन्छ ।लघु उद्यम गर्ने घर परिवारको अवस्था हेर्दा  ५० घरपरिवार घरेलु उद्यममा रहेको, १९७ घरपरिवारले व्यापार व्यवसायलाई मुख्य पेशा बनाएका छन् । गाउँपालिकामा सेवा क्षेत्रलाइ मुख्य पेशा बनाएको घरपरिवार ७२ रहेको छ र यायायात क्षेत्रमा ४ घरपरिवार रहेका छन् । ३० घरपरिवारले अन्य पेशामा सँलग्न रहेको देखाएका छन् भने १३ घर परिवारको स्थीति खुलाइएको छैन ।

## २.४ शिक्षा

यस गाउँपालिकामा साक्षरता प्रतिशत ७८.६ प्रतिशत रहेको छ। जसमध्ये पुरुष साक्षरता ८४.४ प्रतिशत र महिला साक्षरता ७२.८ प्रतिशत रहेको छ।

राष्ट्रिय तथ्याङ्क प्रोफाइलका अनुसार २०२३ अनुसार यस पालिकामा माध्यामिक तहमा ५४७२ र आधारभूत तहमा १६५२ विद्यार्थी रहेका छन् । शिक्षक विद्यार्थि अनुपात आधारभूत तहमा २.२२ रहेको छ भने माध्यामिक तहमा २.७० रहेको छ । बारेकोट गाउँपालिकामा माध्यामिक विद्यालयमा  विद्यालय छाड्ने दर ४८ रहेको छ भने छात्रहरूको विद्यालय छाड्ने दर १५ छ  भने छात्रामा ६५ रहेको छ । यो आधारभूत तहमा कुल भर्ना दर १२४ रहेको छ भने माध्यमिक तहमा  यो ९१ रहेको छ । स्कुलभन्दा  बाहिर  बालबालिका नरहेको देखाउँदछ । यहाँ माध्यमिक विद्यालयसम्म ३६ वटा  र उच्च शिक्षा गरी ८ वटा शिक्षण संस्था रहेका छन् । विद्यालयगत सुविधालाई मध्यनजर गर्दा विजुली

वत्ती भएका १००, इन्टरनेट भएका १८, शौचालय र खानेपानी सुविधा भएका १००, कम्प्युटर ल्याव भएका र विज्ञान प्रयोगशाला ६ वटा विद्यालयमा मात्र रहेको छ ।

## २.५ स्वास्थ्य

गुणस्तरिय जीवनका लागि राम्रो स्वास्थ्यको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । मानिसहरू स्वच्छ रहन सके मात्र उनीहरूको अन्य विकास सम्भव हुन सक्छ । यस गाउँपालिकामा स्वास्थ्य उपचारका लागि जिल्ला अस्पताल खलङ्गामा रहेको छ, यस बाहेक नीजि स्तरबाट पनि स्वास्थ्य क्लिनिक तथा मेडिकल सञ्चालन गर्दै आएको देखिन्छ । विरामी पर्दा स्वास्थ्य चौकी तथा अस्पताल जाने र लैजाने प्रतिशतमा वृद्धि भएको छ । अस्पताल १ स्वास्थ्य चौकी ३ वटा सामुदायिक स्वास्थ्य इकाइ ४ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र ५ वटा बर्थिङ सेन्टर १ वटा रहेका छन् (स्वास्थ्य प्रोफाइल बारेकोट) ।

बारेकोट गाउँपालिकाको २०२३को तत्थ्याङ्क अनुसार सरकारी स्वास्थ्य केन्द्र १ र निजी स्वास्थ क्लिनिक ३ गरी कुल १५ बेड क्षमता रहेको छ । यस पालिकामा एफसिएचभि ३६ ,डक्टर १ ,नर्स १८ ,प्यारामेडिक्स २४ र ल्याब टेक्निसियन २ जना गरी कुल ८१ जना स्वास्थ्य सेवा दिने जनशक्ति रहेको छ ।

परिवार नियोजनका साधन प्रयोग गर्ने जनसङ्ख्याको ३०.८० प्रतिशत रहेको छ । यसै गरी स्वास्थ्य संस्थामा गएर बच्चा जन्माउने दर ८२ प्रतिशत रहेको छ । यस गाउँ पालिका लगाइराखिएको ८ वटा भ्याक्सिन मध्य न्यून कभरेज ७१.१० देखि ९३.५० प्रतिशत सम्म रहेको पाइन्छ ।

## २.६ सामाजिक विकास र सामाजिक सुरक्षा पद्धतिः

बारेकोटमा सामाजिक विकासको अवस्था हेर्न महिलाको जमीन र घरमा सम्पति अधिकार, वाल विवाह र अपाङ्गताको अवस्था आदिलाई यसमा लगिएको छ ।यस पालिकामा रहेका कुल ३८८७ घरधुरी मध्ये महिलाको घर, जमीन र घर जमीन दुबैमा स्वामित्व हुने घरधुरि क्रमशः ११, ४८ र १०२ मात्र रहेको छ । १० वर्ष र त्यस माथिका जनसङ्ख्याको बैबाहिक स्थितिलाइ हेर्दा ७५४ विधुवा र विधुर, ४६ सम्बन्ध बिच्छेद या पारपाचुके भएका जनसङ्ख्या रहेको छ । पालिकाको सामाजिक विकासका लागि बालविवाह अझै पनि गम्भिर समस्याका रुपमा रहेको छ । यस गाउँपालिकाको कुल १०२७८ जनसङ्ख्या मध्ये १० वर्षदेखि १४ वर्षसम्म बिहे गर्ने बालक ८४ र बालिका ३९४, १५ वर्षदेखि १७ वर्षसम्म बिहे गर्ने बालक ६७५ र बालिका १७११, र १८ वर्ष देखि २० वर्षसम्म बिहे गर्ने बालक १९३७ र २०२१ बालिका रहेका छन् ।

बारेकोट गाउँपालिकामा २२००५ जनसङ्ख्या मध्ये ११३९ जना अपाङ्गता भएको जनसङ्ख्या रहेको छ । शारीरिक अपाङ्गता ५८३, कमजोर दृष्टि १३६, दृष्टि विहिन ३८, बहिरोपन १२३, कान कम सुन्ने ६९, बहिरोपन र दृष्टि विहिन दुबै ३७, बोली स्पस्ट नहुने ६१, मनोसामाजिक

अपाङ्गता २३, बौद्धिक अपाङ्गता ८, होमोफिलिया ११, अटिजम ३ र बहुअपाङ्गता भएका ४७ जनसङ्ख्या रहेको छ ।

बारेकोट गाउँपालिकामा सामाजिक सुरक्षा पद्धतिमा आवद्ध जनसङ्ख्याको अनुपात १७.८२ रहेको छ । २०२३ को तथ्याङ्क अनुसार जेष्ठ नागरिक, अपाङ्गता, वालवालिका, दलित, विधवा सीमान्तकृत लगायतलाई पालिका मार्फत ७,८८,१६,५५२ रुपैयाँ रकम सामाजिक सुरक्षाका लागि खर्च भएको देखिन्छ ।

## २.७ यातायात पूर्वाधार

बारेकोट गाउँपालिका क्षेत्रभित्र सडक निर्माणको काम तीव्र भएको छ । अझै पनि कतिपय वडाहरूको बस्तीमा बाटो पुगेको छैन । अधिकाँश स्थानीय हिडेरै आफ्नो गन्तव्य तय गर्दछन् (बारेकोट गा.पा. को पाश्र्वचित्र, २०७७) ।

राष्ट्रिय डाटा पोर्टल २०२३ अनुसार कुल २२००५ जनसङ्ख्या मध्ये २ किमी भित्र बाह्रैमास गुणस्तरीय सडकसँग आवद्ध जनसङ्ख्याको अनुपात १.५० मात्र रहेको छ ।

## २.८ विद्युत सेवा र उर्जा

यस गाउँपालिकाको विद्युतीय उर्जाको महत्वपूर्ण स्रोत सोलार र लघु जलविद्युत हो । यहाँ अधिकाँश जनताका घरमा सोलार जडान गरेको पाइन्छ । गाउँपालिकामा सोलार जडान भएका घरधुरी २५४१, लघु जलविद्युत र राष्ट्रिय प्रसारण लाइनसमेतबाट सेवा पाएका घरधुरी १११७ र अझै मट्टितेल बाल्ने घरधुरी ३४ रहेका छन् । यी दुर्गम र पहुँच नभएका घरपरिवार हुन सक्दछन् । घरायसी खाना पकाउनका लागि यस गाउँपालिकामा ३६८४ घरधुरी दाउरामा निर्भर छन् भने १६२ घरधुरी सिएनजि ग्यासमा निर्भर रहेका छन् । यसै विद्युत, बायोग्यास र मट्टितेल प्रयोग गर्ने घरधुरी क्रमशः ५, ८ र २५ रहेका छन् (राष्ट्रिय जनगणना, २०७८) ।

## २.९ सञ्चार सेवा

यस गाउँपालिकामा सञ्चार सेवा प्रवाह गर्न सबै वडा र बस्तीहरूमा नेपाल टेलिकमको जिएसएम तथा सिडिएमए र एनसेलको मोवाइल सेवा उपलब्ध रहेको छ । नेपाल टेलिकमको जिएसएम तथा सिडिएमए र एनसेलको मोवाइल सेवा उपलब्ध रहेको छ ।

२०७८ को जनगणना अनुसार गाउँपालिकामा रेडियो १८९५, टेलिभिजन ४६३, ल्याण्डलाइन टेलिफोन ८७, मोवाइल ३४०२, मोबाइल स्मार्ट २०२,५ ल्यावटप २५८ र इन्टरनेट सेवा ४४२ घरधुरीसँग रहेको छ ।

## २.१० खानेपानी तथा सरसफाई

यस बारेकोट गाउँपालिकाको कूल घरधुरी मध्ये धेरै परिवारमा पाइपबाट वितरित खानेपानीको प्रयोग गरेको पाइएको छ । यस गाउँपालिकामा घरमै पाइप धारा भएका ९२१ घरधुरी र

सार्वजनिक पाइप घारा प्रयोग गर्ने घरधुरी १९३८ रहेका छन् । मूलको पानी खाने घर परिवार सङ्ख्या छन् भने नदी खोला नढाकिएको कुवा आदिबाट पानी खाने परिवार सङ्ख्या अझै ३५ रहेको छ । यस पालिकामा २४९४ घरधुरीले पिट ट्वाइलेट, ११७३ घरपरिवारले फ्लस ट्वाइलेट, ५५ घरपरिवारले फ्लस ट्वाइलेट ढल सहित, १२ घरपरिवारले सार्वजनिक ट्वाइलेट प्रयोग गर्दछन् भने ट्वाइलेट अझै प्रयोग नगर्ने घरपरिवारको सङ्ख्या १५३ रहेको छ (राष्ट्रिय जनगणना २०७८) ।

## २.११ बस्ती या आवास

राष्ट्रिय जनगणना २०७८ अनुसार खरको छाना भएको घर ५०९ रहेका छन् । जस्ताले घर छाउने घरधुरी १२१५. रहेका छन् भने पत्थर र टाएल प्रयोग गर्ने घर सङ्ख्या क्रमशः २०९२ र १४ रहेकाको छ । कङ्क्रिट ढलान घर ३२ रहेका छन् । बाटोघाटोको पहुँच र जनताको आर्थिक अवस्थामा वृद्धि भएसँगै जस्ता छाना छाउने घरपरिवारको सङ्ख्या क्रमशः बढ्दो छ । घरको बनौटको अवस्था हेर्दा कुल ३८८७ घरहररू मध्ये ३७७७ घरधुरी माटोको गाह्रो र ढुङ्गाले बनेका छन् ।त्यसै गरी ८७ घरहररू ढुङ्गा र इटासँग सिमेन्टको गाह्रो र ७ वटा घरहररू कङ्क्रिट पिल्लर र १० वटा घर काठका पिल्लरले बनेको देखिन्छ ।

## २.१२ भूस्वामित्वको अवस्था

यस गाउँपालिकामा आफ्नै स्वामित्वमा १५२६ हेक्टर जमीनमा कुल कृषि परिवार ३६७७ रहेका छन् । त्यसैगरी भाडामा ०.१४ हेक्टर जमीन लिइ काम गर्ने परिवार सङ्ख्या ११.३६ रहेको छ । कुल कृर्षिमा रहेको घरपरिवार ३७०० रहेकोमा १३०८ हेक्टर खेती गरिएको जमीन रहेको छ । (राष्ट्रिय डाटा पोर्टल २०२१) ।

## २.१३ बारेकोट गाउँपालिकाको संगठनात्मक स्वरूप

बारेकोट गाउँपालिकाको संगठनात्मक अवस्था हेर्दा गाउँसभा, गाउँ कार्यपालिका, विषयगत शाखा, ९ वडा कार्यालय र ७ वटा विषयगत समितिहरू रहेका छन् । गाउँपालिकामा विषयगत २० वटा शाखा र उपशाखाहरू रहेको छ ।

## २.१४ गाउँपालिकाको कर्मचारी विवरण

गाउँपालिकाको संगठनात्मक अवस्था हेर्दा प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाहरू, रहेका छन् । गाउँपालिकामा कार्यरत कर्मचारीहररूको विस्तृत विवरण अनुसूची .१ मा राखिएको छ ।

## २.१५ गाउँ सभा

गाउँपालिकाको विधायिकी भूमिका रहेको गाउँसभा रहेको छ । यो गाउँपालिकाको गाउँ सभामा अध्यक्ष ,उपाध्यक्ष, वडाध्यक्ष ९ जना, महिला वडा सदस्य १८ जना, अन्य वडा सदस्य १८ जना र गाउँसभाबाट निर्वाचित दलित वा अलपसङ्ख्यक मध्येबाट कार्यपालिका सदस्य २ जना गरी

जम्मा ४९ सदस्यीय गाउँसभा रहेको छ । गाउँसभाका पदाधिकारी र सदस्यहरूको विवरण अनुसूची २ मा उल्लेख गरिएको छ ।

## २.१४ गाउँ कार्यपालिका

गाउँपालिकाको कार्यकारी अधिकार प्राप्त निकाय गाउँ कार्यपालिका हो । गाउँ कार्यपालिकामा अध्यक्ष, उपाध्यक्ष र प्रत्येक वडाका वडाध्यक्ष र गाउँसभाबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्यहरू रहन्छन् । यस गाउँ कार्यपालिकामा १७ जना सदस्य रहेका छन् । गाउँ कार्यपालिकाका पदाधिकारी र सदस्यहरूको विवरण अनुसूची ३. मा उल्लेख गरिएको छ ।

## २.१५ विषयगत समितिहरू

यस गाउँपालिका ७ वटा विषयगत समितिहरू छन् । विषयगत समिति र समितिका संयोजकको विवरण अनुसूची ४ मा उल्लेख गरिएको छ ।

## २.१६ कर्मचारी दरबन्दी विवरण

यस गाउँपालिकाको दैनिक प्रशासनिक कार्य विकास र सेवा प्रवाहसम्बन्धी कार्य गर्न प्रशासनिक नेतृत्व प्रमुख प्रशासकीय अधिकृत नेपाल प्रशासन सेवा सामान्य प्रशासन समुहको रा प तृतीय श्रेणीको शाखा अधिकृतलाई नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले खटाउने व्यवस्था छ । अन्य शाखाका शाखा प्रमुख र सहायक कर्मचारीहरू स्थानीय सेवाको हुने व्यवस्था छ । स्वीकृत संगठन तथा व्यवस्थापन संचरना बमोजिम गाउँपालिकामा १९ जना दरबन्दी भएकोमा १३ जना कर्मचारी स्थायी र ६ जना रिक्त १ जना करार कर्मचारी रहेका छन् । त्यस्तै वडा कार्यालय, कृषि, पशु र स्वास्थ्यसँग सम्बन्धित कर्मचारीहरूको विवरण तल प्रस्तुत गरिएको छ ।

**तालिका १:स्वीकृत दरबन्दी र कार्यरत विवरण**

| क्र सं | दरबन्दी विवरण | सेवा समूहको विवरण | | | | पदपूर्तिको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | तह | सेवा | समूह | उप समूह | स्वीकृत | कार्यरत | रिक्त | करार |
| १ | प्रमूख प्रशासकीय अधिकृत | ८ औं | प्रशासन | सामान्य प्रशासन | | १ | १ | ० | ० |
| २ | ईन्जिनियर | ७/८ औं | इन्जिनियर | सिभिल | | १ | ० | १ | १ |
| ३ | अधिकृत | ७/८ औं | शिक्षा | शिक्षा प्रशासन | | १ | १ | ० | ० |
| ४ | अधिकृत | ७/८ औं | प्रशासन | लेखा | | १ | १ | ० | ० |
| ५ | अधिकृत | ६ औं | प्रशासन | सामान्य प्रशासन | | २ | ० | २ | ० |
| ६ | आन्तरिक लेखा परिक्षण | ५ औं | प्रशासन | लेखा | | १ | १ | ० | ० |
| ७ | सहायक | ५ औं | प्रशासन | सामान्य प्रशासन | | ४ | ३ | १ | ० |
| ८ | कम्प्यूटर अपरेटर | ५ औं | विविध | | | १ | १ | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | | १ | १ | ० | ० |
| १० | प्राविधिक सहायक | ५ औं | शिक्षा | शिक्षा प्रशासन | | १ | ० | १ | ० |
| ११ | हेल्थ अशिष्टेन्ट | ५/६ औं | स्वास्थ्य | हे.ई. | | १ | १ | ० | ० |
| १२ | सव-ईन्जिनियर | ५ औं | इन्जिनियर | सिभिल | | १ | १ | ० | ० |
| १३ | असिस्टेन्ट सव-ईन्जिनियर | चौथो | इन्जिनियर | सिभिल | | १ | १ | ० | ० |
| १४ | सहायक महिला विकास निरीक्षक | चौथो | विविध | | | १ | ० | १ | ० |
| १५ | खानेपानी तथा सरसफाई टेक्नेसियन | ४/५औं | इन्जिनियर | सिभिल | स्यानिटरी | १ | १ | ० | ० |
| | **गाउँपालिकाको जम्मा दरबन्दी** | | | | | **१९** | **१३** | **६** | **१** |
| | **वडा कार्यालय तर्फ** | | | | | | | | |
| १ | सहायक | ५ औं | प्रशासन | सामान्य प्रशासन | | ४ | ० | ४ | ० |
| २ | सव-ईन्जिनियर | ५ औं | इन्जिनियर | सिभिल | | ४ | १ | ३ | ० |
| ३ | सहायक | चौथो | प्रशासन | सामान्य प्रशासन | | ५ | २ | ३ | |
| ४ | असिस्टेन्ट सव-ईन्जिनियर | चौथो | इन्जिनियर | सिभिल | | ५ | २ | ३ | |
| | **वडा कार्यालय तर्फ जम्मा दरबन्दी** | | | | | **१८** | **५** | **१३** | |
| | **कुल दरबन्दी** | | | | | **३७** | **१८** | **१९** | **१** |
| | **कृषि विकास शाखा** | | | | | | | | |
| १ | नेपाल कृषि सेवा | ७/८ औं | नेपाल कृषि | | | १ | ० | १ | ० |
| २ | सहायक | ५ औं | नेपाल कृषि | | | २ | १ | १ | ० |
| ३ | सहयक | चौथो | | | | १ | १ | ० | ० |
| | **जम्मा** | | | | | ४ | २ | २ | ० |
| | **पशु विकास शाखा** | | | | | | | | |
| १ | नेपाल कृषि सेवा | ८/९ औं | नेपाल कृषि | पशु चिकित्सक | | १ | ० | १ | ० |
| २ | सहायक | ५ औं | नेपाल कृषि (भेट) | प.स्वा. प्रा | | १ | १ | ० | |
| ३ | सहायक | ५ औं | नेपाल कृषि (ला.पो.डे.डे.) | प.से.प्रा. | | १ | १ | | |
| ४ | सहायक | चौथो | नेपाल कृषि (भेट) | ना.प. स्वा.प्रा. | | १ | १ | ० | |
| ५ | सहायक | चौथो | नेपाल कृषि (ला.पो.डे.डे.) | ना.प.से. प्रा. | | १ | ० | १ | |
| | **जम्मा** | | | | | ५ | ३ | २ | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **स्वास्थ्य शाखा** | | | | | | | | |
| १ | अधिकृत | ६ औं | स्वास्थ्य | हेल्थइन स्पेक्सन | | १ | १ | ० | ० |
| २ | अधिकृत | ६ औं | स्वास्थ्य | क.न.र/ज.न. | | १ | ० | १ | ० |
| | **जम्मा** | | | | | २ | १ | १ | ० |

*स्रोतः बारेकोट गाउँपालिका कार्यालय, जाजरकोट*

## २.१७ बारेकोट गाउँपालिकाको प्रमुख समस्याहरू

- भौगोलिक रूपमा जटिलता
- स्वीकृत दरबन्दी अनुसार कर्मचारी पदपूर्ति नहुनु
- आवश्यक योजना ऐन नियम तर्जुमा भइ नसक्नु
- विकास गुरु योजना र योजना, ऐन, नियम तर्जुमा गर्न दक्ष जनशक्तिको कमी हुनु
- आवश्यक बजेटको कमी हुनु
- प्रतिवेदन प्रणाली सबल नहुनु

# परिच्छेद-३
# गाउँपालिकाको विद्यमान क्षमताको लेखाजोखा

स्थानीय सरकारको क्षमता विकासलाई संस्थागत र मानव संसाधन क्षमता विकास गरी दुई भागमा विभाजन गरिएको छ । क्षमता विकास योजना तर्जुमा दिग्दर्शन-२०७६ को अनुसूची २, ३, ५, ६, ८ र ९ अनुसारका फारामहरू भरी भराइ प्राप्त सूचना र तथ्याङ्कका आधारमा सबल, कमजोर पक्षहरू, अवसर र चुनौती SWOT विश्लेषण गरिएको छ । दिग्दर्शनले तोकेका क्षमता विकासका ६ वटा क्षेत्रहरू विकास व्यवस्थापन, संगठन व्यवस्थापन, वित्तीय व्यवस्थापन, सूचना व्यवस्थापन, सुशासन, समन्वय र सहकार्यलाई समेटी विश्लेषण तथा लेखा जोखा गरिएको हो । विकासका पाँच प्रमुख क्षेत्रहरू आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, वन वातावरण तथा विपत् व्यवस्थापन र संस्थागत विकास सेवा प्रवाह तथा सुशासनसम्बन्धी गाउँपालिकाका एकल अधिकार र साझा अधिकारको प्रयोगमा के कस्तो अवस्था छ ? समस्या के के छन् र क्षमता विकासका लागि के कस्ता उपायहरू अपनाउनु पर्छ भन्ने बारेमा विश्लेषण गरिएको छ ।

## ३.१ संस्थागत क्षमता विकासका आयाम

सामान्यतया क्षमता विकासलाई तीन आयाममा विश्लेषण गर्न सकिन्छ । सर्वप्रथम संस्थाको संरचना विस्तार र दुरुस्त पार्नु पर्ने एउटा पाटो हो । तर त्यस संरचना भित्रको आवश्यक पर्ने मानव संसाधन दोस्रो पाटो हो भने तोकिएको जिम्मेवारी अनुसारका कार्य गर्न सक्ने गरी उनीहरूको ज्ञान, सिप र क्षमताको विकास गर्नु तेस्रो महत्त्वपूर्ण पाटो हो । यसका अतिरिक्त गाउँपालिकाको संस्थागत संरचनाले निरन्तर घरघरै पुर्‍याउनु पर्ने सेवाहरू पनि हुन्छन् । जस्तैः कृषि सेवा, पशु स्वास्थ्य सेवा, शिक्षा, खानेपानी मर्मत सेवा, बाली तथा पशु बिमा सेवा, पकेट क्षेत्र विकास सेवा, उपचार तथा एम्बुलेन्स सेवा, सडक तथा ढल मर्मत सेवा, विपदमा राहत वितरण सेवा आदि ।

*चित्र नं १: क्षमता विकास योजनाका तीन आयाम*




यी सबै प्रकारका सेवाहरू गाउँपालिका तथा वडामा रहेको सिमित जनशक्तिबाट मात्र सम्भव

हुँदैन । वस्ती स्तरकै युवा वा समुदाय र अन्य सरोकारवालाहरूको क्षमता विकास गरी सेवा बजारहरूको स्थापना गर्दा गाउँपालिकाबाट प्रवाह हुने कतिपय सेवाहरू स्थानीय स्तरबाटै प्रवाह हुन सक्दछ । समुदायबाट समुदायकै लागि प्रदान गरिने यस्तो सेवा पनि क्षमता विकासको परिधि भित्र पर्न जान्छ ।

## ३.२. बारेकोट गाउँपालिकाको मागमा आधारित संस्थागत क्षमता विकास लेखाजोखा

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन-२०७६ को अनुसूची २ अनुसार मागमा आधारित संस्थागत क्षमता विकासको लागि ५ वटा विषयगत क्षेत्रमा सम्बन्धित शाखाबाट स्वमूल्याङ्कन विधिबाट विवरण सङ्कलन गरिएको हो । सो विवरण देहाय अनुसार छ ।

**स्थानीय सरकारको संस्थागत क्षमता (सञ्चालन व्यवस्थापन) लेखाजोखा फाराम**

१. आर्थिक विकासः कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र

**एकल अधिकार अन्तर्गतः** सहकारी संस्था, स्थानीय बजार व्यवस्थापन (हाटबजार, स्थानीय स्तरका व्यापारिक फर्म), कृषि, कृषि उत्पादन व्यवस्थापन, पशुपालन, पशु स्वास्थ्य, बेरोजगारको तथ्यांक संकलन (रोजगार सूचना केन्द्र, वैदेशिक रोजगार), कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण

**संघीय ऐनको थप व्यवस्थाः** घरेलु तथा साना उद्योग

**तालिका-२: आर्थिक विकाससम्बन्धी लेखाजोखा**

| क्षमता विकासका क्षेत्र | महाशाखा/ शाखा /इकाइको भूमिका (हुने/नहुने) | के कुरामा कमी भएर कार्यसम्पादनलाई प्रभाव पारेको छ ? विस्तृत विवरण लेख्ने ।<br>(१. भौतिक स्रोत साधन, २. ऐन, नियम, विधि र प्रणाली, ३. जनशक्ति व्यवस्था, ४. ज्ञान, सीप, दक्षता) ५. अन्य ........... | क्षमता विकासका लागि चाल्नु पर्ने उपायहरू |
|---|---|---|---|
| **(क) विकास व्यवस्थापन** | | | |
| विषयक्षेत्रगत विकास आवधिक/गुरू योजना तथा नीति नियमहरू | हुने | १. कृषि विकास गुरु योजन र पर्यटन विकास गुरु योजना नहुनु।<br>२ आर्थिक विकास क्षेत्रमा दक्ष जनशक्ति र बजेटको अभाव हुनु<br>३ आर्थिक विकाससँग सम्बन्धित ऐन नियम र कार्यविधि निर्माण नहुन | १ कृषि विकास गुरु योजना र पर्यटन विकास गुरु योजना बनाउनु पर्ने<br>२ आर्थिक विकास क्षेत्रमा दक्ष जनशक्ति र बजेटको अभाव उचित व्यवस्था गर्नुपर्ने<br>३ आर्थिक विकाससँग सम्बन्धित |

| | | | |
|---|---|---|---|
| | | ४ स्थानीय स्तरमा रोजगारीको अवसरसिर्जना गर्ने नीति र योजना नबन्नु<br>५ भौतिक स्रोत साधनको कमी | ऐन नियम र कार्यविधि निर्माण गर्नुपर्ने<br>४ स्थानीय स्तरमा रोजगारीको अवसरसिर्जना गर्ने नीति र योजना बनाउनु पर्ने<br>५ भौतिक स्रोत साधनको व्यवस्था गर्ने |
| समावेशी विकास नीति (लैंङ्गिक, बालबालिका, सीमान्तीकृत वर्ग, गरीबमुखी विकास) | हुने | १ समावेशी विकास नीति बन्न बाँकी बालबालिका सम्बन्धि नीति केही नीति बनेपनि कार्यान्वयन कमी<br>२ सबै सरकारी भवनहरू अपाङग तथा बालबालिकामैत्री नहुनु | १ समावेशी विकास नीति निर्माण र कार्यान्वयन गर्ने<br>२ सबै सरकारी भवनहरू अपाङग तथा बालबालिकामैत्री बनाउदै जाने |
| वातावरण, जलवायु परिवर्तन व्यवस्थापन नीति | हुने | १ कार्यालयमा वातावरण जलवायु परिवर्तन व्यवस्थापन शाखा नहुनु<br>२ दक्ष जनशक्ति र उपकरणको अभाव<br>३ गाउँपालिकाको फोहोरमैला व्यवस्थापन योजना नबनेको | १ कार्यालयमा वातावरण परिवर्तन जलवायु व्यवस्थापन शाखा गठन गर्ने<br>२ दक्ष जनशक्ति र उपकरणको व्यवस्था गर्ने<br>३ गाउँपालिकाको फोहोरमैला व्यवस्थापन योजना बनाउनु पर्ने |
| वार्षिक योजना तर्जुमा | हुने | १ योजना छनोटमा ज्ञान सीप र दक्षता भएका कर्मचारीको कमी<br>२ कृषि पर्यटन उधोग क्षेत्रका योजना छनौटमा प्राथमिकता नपाउनु | १ योजना तर्जुमा सम्बन्धी तालिम प्रदान गर्ने<br>२ कृषि पर्यटन उधोग क्षेत्रका योजना छनौटमा प्राथमिकता दिने |
| वार्षिक योजना कार्यान्वयन | हुने | १ योजना टुक्रे भएकोले कार्यान्वयन र अनुगमनमा समस्या<br>२ ज्ञान सिप र बजेट अभाव | १ योजना कार्यान्वयन र अनुगमनमा दक्ष जनशक्तिको व्यवस्था गर्ने<br>२ अनुगमनमा जाने कर्मचारीलाई तालिमको व्यवस्था गर्ने<br>३ बजेटको सूचिश्चितता गर्ने |
| मर्मत सम्भार व्यवस्थापन | हुने | योजना मर्मतमा आवश्यक बजेट अभाव | योजना मर्मतमा आवश्यक बजेट व्यवस्था गरी कोष बनाउने |
| अनुगमन तथा मूल्यांकन प्रणाली | हुने | १ अनुगमन मूल्याङ्कन गर्ने दक्ष जनशक्तिको कमी हुनु<br>२ अनुगमन सूचक सहित नतिजामूलक अनुगमन मूल्याङ्कन नहुनु | १ अनुगमन मूल्याङ्कन गर्ने कर्मचारीलाई तालिम प्रदान गर्ने<br>२ अनुगमन सूचक सहित नतिजामूलक अनुगमन मूल्याङ्कन प्रणालीको विकास गर्ने |
| **(ख) संगठन व्यवस्थापन** | | | |
| कर्मचारी संगठन तथा कार्यविभाजन | हुने | १ o and m<br>संगठन व्यवस्थापन तथा सर्वेक्षण अनुसार कर्मचारी पदपूर्ति नहुनु | १ संगठन व्यवस्थापन तथा सर्वेक्षण अनुसार कर्मचारी पदपूर्ति गर्ने |
| आन्तरिक सञ्चार | हुने | आन्तरिक संचार प्रणाली कमजोर हुनु | अन्तर शाखा समन्वय संचार |

| | | | |
|---|---|---|---|
| | | | बढाउने |
| कर्मचारीहरूको आचार संहिता | हुने | कर्मचारीको आचारसंहिता निर्माण भए पनि कार्यान्वयन कमी | आचारसंहिता कार्यान्वयन गर्नु पर्ने |
| कर्मचारीको कार्यविवरण र कार्यसम्पादन मूल्यांकन | हुने | १ कार्यविवरण तयार नभएको<br>२ कासमू वार्षिक रुपमा गर्ने गरेको | १ प्रत्येक पदको कार्यविवरण तयार गर्ने<br>२ कासमू लाई अझ व्यवस्थित गर्ने |
| **(ग) वित्तीय व्यवस्थापन** | | | |
| बजेट र आम्दानी तथा खर्च प्रणाली | हुने | १ बजेट तर्जुमा गर्दा आन्तरिक आय कमी हुनु।<br>२ राजस्व सुधार कार्य योजना नबनेको व्यवस्थापन प्रणाली लागू नहुनु<br><br>४. बजेट तर्जुमा सम्बन्धी दक्ष जनशक्तिको अभाव<br>वडामा राजस्व सफ्टवेयर नहुनु | १ आन्तरिक आय बढाउने योजना बनाउने<br>२ राजस्व सुधार व्यवस्थापन प्रणाली लागू गर्ने<br>३ समयमै राजस्व जम्मा गर्न अनलाईन प्रणाली अपनाउने।<br>४ बजेट तर्जुमा सम्बन्धी जनशक्तिलाई तालिम प्रदान गर्ने |
| खरिद प्रणाली | हुने | १ खरिद गुरु योजना नबनेको र वार्षिक खरिद योजना विच तालमेल मिलाउन नसकिनु<br>२ सार्वजनिक खरिद ऐनमा भएका विधि प्रक्रिया बारे सबैलाई जानकारी नहुनु | खरिद गुरु योझना बनाउने<br>सार्वजनिक खरिद तालिम व्यवस्था गर्नु पर्ने |
| सम्पत्ति व्यवस्थापन | हुने | सम्पत्तिको अभिलेख PAMS प्रणाली लागु भएको | पाम्स अद्यावधिक गर्ने |
| प्रतिवेदन प्रणाली | हुने | अनलाइन प्रतिवेदन प्रणाली नहुनु | अनलाईन प्रतिवेदन प्रणाली लागू गर्नु पर्ने |
| **(घ) सूचना व्यवस्थापन** | | | |
| अभिलेख व्यवस्थापन | हुने | भौतिक स्रोत कमी हुनु, अभिलेख व्यवस्थापन गर्ने ज्ञान सिप र प्रविधिको कमी | अभिलेख व्यवस्थापन गर्न आवश्यक साध न स्रोत र तालिम उपलव्ध गराउनु पर्ने |
| सूचना प्रविधिको उपयोग | हुने | सूचना प्रविधिको उपकरण कमी र प्राविधिक कर्मचारीको कमी<br>सफ्टवेयर नभएको | सूचना प्रविधिको प्रयोग सम्बन्धी तालिम दिनुपर्ने |
| **(ङ) सुशासन** | | | |
| जनसहभागिता | हुने | | |
| पारदर्शिता तथा सूचना प्रवाह | हुने | वेवसाईट अद्यावधिक नहुनु | |
| जवाफदेहिता र गुनासो व्यवस्थापन | हुने | गुनासो सुन्ने अधिकारी भएको<br>टोल फ्री न नभएको | |
| **(च) समन्वय र सहकार्य** | | | |

| | | | |
|---|---|---|---|
| संघीय निकायहरू तथा प्रदेश सरकार | हुने | १ संघ तथा प्रदेश सरकारका निकायसँग तलबाट माथितर्फ मात्र हुने<br>२ | समन्वय बढाउने अन्तरक्रिया गोष्ठी आयोजना गर्ने |
| सम्बन्धित कार्यक्रम तथा परियोजनाहरू | हुने | १ आवश्यकता अनुसार आवश्यक बजेटको कमी | परियोजना अनुसार बजेट व्यवस्था गर्ने |
| गैसस तथा समुदायमा आधारित संस्थाहरू | हुने | ऐन नियम विधि कमी | समुदायमा आधारित गोष्ठी गर्ने |
| निजी क्षेत्र | हुने | निजी क्षेत्रसँग समन्वयको ठिक छ | निजीक्षेत्रसँग पनि समन्वय प्रभावकारी बनाउने |
| अन्तर स्थानीय सरकार | हुने | १ अन्तर स्थानीय सरकार समन्वयको भएको<br>२ अन्तर स्थानीय तहसँग समबन्धित आयोजना छनौटमा समन्वय कमी | अन्तर स्थानीय तह समन्वय बढाउने कार्यक्रम गर्ने।<br>२ अन्तर स्थानीय तहसँग सम्बन्धित आयोजना छनौटमा समन्वय गर्ने |
| अन्तर विभाग वा महाशाखा वा शाखा | हुने | समन्वयको ज्ञान सीप दक्षताको कमी | समन्वय सम्बन्धी तालिम गोष्ठी गर्ने |

२. सामाजिक विकासः शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

**एकल अधिकार अन्तर्गतः** आधारभूत शिक्षा तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ (खाद्य गुणस्तर, प्रदूषण, स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापन), खानेपानी, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन

**साझा अधिकार अन्तर्गतः** खेलकुद, पत्रपत्रिका, स्वास्थ्य (स्वास्थ्य संस्था दर्ता अनुमति, औषधीजन्य वनस्पति, औषधी खरिद, आकस्मिक सेवा), समाजिक सुरक्षा तथा गरीबी निवारण (लक्षित समूह)

## तालिका-३ सामाजिक विकाससम्बन्धी लेखाजोखा

| **क्षमता विकासका क्षेत्र** | **महाशाखा/ शाखा/ इकाइको भूमिका (हुने/नहुने)** | **के कुरामा कमी भएर कार्यसम्पादनलाई प्रभाव पारेको छ ? विस्तृत विवरण लेख्ने । (१. भौतिक स्रोत साधन, २. ऐन, नियम, विधि र प्रणाली, ३. जनशक्ति व्यवस्था, ४. ज्ञान, सीप, दक्षता ५. अन्य भए.....)** | **क्षमता विकासका लागि चाल्नु पर्ने उपायहरू** |
|---|---|---|---|
| **(क) विकास व्यवस्थापन** | | | |
| विषयक्षेत्रगत विकास आवधिक/गुरू योजना तथा नीति नियमहरू | **हुने** | १ शिक्षा र स्वास्थ्य विकास गुरु योजना नबनेको<br>२ शिक्षा स्वास्थ्य खेलकुद सम्बन्धी योजना ऐन नियम नहुनु | १ शिक्षा र स्वास्थ्य विकास गुरु योजना बनाउने<br>२ शिक्षा स्वास्थ्य खेलकुद सम्बन्धी योजना ऐन नियम |

| | | | |
|---|---|---|---|
| | | ३ खेलकुद नीति निर्माण नहुनु | बनाउने<br>३ खेलकुद नीति निर्माण नहुनु |
| समावेशी विकास नीति (लैङ्गिक, बालबालिका, सीमान्तीकृत वर्ग, गरीबमुखी विकास) | **हुने** | १ समावेशी नीति पूर्ण रुपमा लागु गर्न नसकिएको<br>२लैगिक समानता बालबालिका सिमान्तकृत वर्ग सम्बन्धी नितिको अभाव<br>३ सरकारी कार्यालय तथा विद्यालय | |
| वातावरण, जलवायु परिवर्तन व्यवस्थापन नीति | **हुने** | १ दिगो वातावरण संरक्षण तथा जलवायु परिवर्तन समबन्धी नीतिको अभाव<br>२ वातावरण र जलवायु परिवर्तनको क्षेत्रमा बजेटको अभाव<br>३ वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी जनशक्तिको अभाव | |
| वार्षिक योजना तर्जुमा | **हुने** | १ योजना तर्जुमा सम्बन्धी दक्ष जनशक्तिको अभाव<br>२ योजना तर्जुमा गर्दा बजेटको अभाव<br>३ | |
| वार्षिक योजना कार्यान्वयन | **हुने** | १ योजना कार्यान्वयनमा समयमै बजेट विनियोजन नहुनु<br>२ दक्ष जनशक्तिको अभाव<br>३ जनशक्तिको अभाव र साना साना योजना भएकोले अनुगमन गर्न कठिनाइ | |
| मर्मत सम्भार व्यवस्थापन | **हुने** | १ योजना मर्मत सम्भार कोषमा रकम अभाव<br>२ योजना मर्मत सम्भार गर्ने दक्ष जनशक्तिको अभाव | |
| अनुगमन तथा मूल्यांकन प्रणाली | **हुने** | १ अनुगमन गर्नजाने स्रोत अभाव<br>२ नियमित अनुगमन मूल्याङ्कन गर्न दक्ष जनशक्तिको अभाव<br>३ सूचकमा आधारित  नतिजामूलक अनुगमन मूल्याङ्कनको अभाव | |
| **(ख) संगठन व्यवस्थापन** | | | |
| कर्मचारी संगठन तथा कार्यविभाजन | **हुने** | १ .  संगठन व्यवस्थापन तथा सर्वेक्षण अनुसार कर्मचारीको पदपूर्ति नभएको<br>२. व्यक्तिगत रुपमा कार्यविभाजन दिइएता पनि प्रभावकारी कार्यान्वयन | |

| | | | |
|---|---|---|---|
| | | नदेखिएको ।<br>३. शाखामा कामको चाप अनुसार कर्मचारी न्यूनसंख्यामा रहेको | |
| आन्तरिक सञ्चार | हुने | १. २. अन्तर शाखागत आन्तरिक सञ्चार प्रणालीलाई व्यवस्थित गर्न नविनतम प्रणालीको विकास गर्न नसकिएको ।<br>२. सूचना तथा सञ्चारको लागि पर्याप्त बजेट विनियोजन हुन नसक्नु । | |
| कर्मचारीहरूको आचारसंहिता | हुने | कर्मचारीको आचारसंहिता पालनामा प्रभावकारीता नभएको | |
| कर्मचारीको कार्यविवरण र कार्यसम्पादन मूल्यांकन | हुने | १. कर्मचारीलाई व्यक्तिगत रुपमा दिइएको कार्यविवरण प्रभावकारी कार्यान्वयन नदेखिएको २ कर्मचारीहरूको कार्यसम्पादन मुल्याङ्कन गरिएता पनि कार्यन्वयन प्रभावकारी नदेखिएको ।<br>३. कर्मचारीहरूको प्रोत्साहन र उत्प्रेरणाका क्रियाकलापमा कमी देखिएको । | |
| **(ग) वित्तीय व्यवस्थापन** | | | |
| बजेट र आम्दानी तथा खर्च प्रणाली | हुने | १राजस्व सङ्कलन र दायरा विस्तारको विश्लेषण गर्ने प्रणालीको विकास नभएको ।<br>२. हालको राजस्व प्रणाली वैज्ञानिक भए नभएको बारेमा अध्ययन गर्ने जनशक्ति नरहेको | |
| सम्पत्ति व्यवस्थापन | हुने | गाउँपालिकाको सम्पूर्ण सम्पत्ति व्यवस्थापन प्रणाली विकास नभएको | |
| खरिद प्रणाली | हुने | आन्तरिक खरिद प्रणाली व्यवस्थित नभएको<br>सार्वजनिक खरिद प्रक्रियाबारे तालिमकमी | आन्तरिक खरिद प्रणाली व्यवस्थित गर्नु पर्ने<br>सार्वजनिक खरिद प्रक्रियाबारे तालिम प्रदान गर्ने |
| प्रतिवेदन प्रणाली | हुने | अनलाइन प्रतिवेदन प्रणाली नहनु | अनलाइन प्रतिवेदन प्रणाली अपनाउने |
| (घ) सूचना व्यवस्थापन | | | |
| अभिलेख व्यवस्थापन | हुने | १ भौतिक पूर्वाधारको अभाव जस्तैः | १ भौतिक पूर्वाधारको अभाव |

| | | | |
|---|---|---|---|
| | | अभिलेख व्यवस्थापन कोठा, दराज, फाईल ।<br>२. अभिलेख व्यवस्थापन गर्न समग्रमा ज्ञान, सिप र दक्षताको अभाव ।<br>३. अभिलेख व्यवस्थापन कम्प्युरराईज्ड नहुनु ।<br>४. वैज्ञानिक अभिलेख व्यवस्थापन प्रणाली नहुनु । | जस्तैः अभिलेख व्यवस्थापन कोठा, दराज, फाईल ।व्यवस्था गर्ने<br>२. अभिलेख व्यवस्थापन सम्बन्धी तालिम दिने ।<br>३. अभिलेख व्यवस्थापन कम्प्युरराईज्ड गर्ने।<br>४. वैज्ञानिक अभिलेख व्यवस्थापन प्रणाली नहुनु । |
| सूचना प्रविधिको उपयोग | हुने | सूचना व्यवस्थापन प्रणाली व्यवस्थित नहुनु<br>कार्यालयका सूचनाहरू समयमै वेवसाइटमा अपलोड नगरिनु<br>सम्पूर्ण सेवाग्राही तथा कर्मचारीहरू सूचना प्रविधिमैत्री नहुनु | सूचना व्यवस्थापन प्रणाली व्यवस्थित नहुनु<br>कार्यालयका सूचनाहरू समयमै वेवसाइटमा अपलोड गर्ने<br>सम्पूर्ण कर्मचारीहरू सूचना प्रविधिमैत्री तालिमको व्यवस्था गर्ने |
| (ङ) सुशासन | | | |
| जनसहभागिता | हुने | १. ऐन, नियम, विधि र प्रणालीको अभाव हुनु ।<br>२. जनसहभागीता बारेसेवा ग्राही जानकार नहुनु ।<br>३. जनसहभागीता बारेअपनत्व महसुस नगर्नु । | १.आवश्यक ऐन नियम निर्माण गर्ने<br>२ सुशासनका लागि जनसहभागिता बढाउने व्यवस्था गर्ने ।<br>३. जन सहभागीताको महत्व बारे अभिमुखीकरण कार्यक्रम संचालन गर्ने । |
| पारदर्शिता तथा सूचना प्रवाह | हुने | सार्वजनिक सुनुवाइ नियमित नहुनु | सार्वजनकि सुनुवाइनियमित गर्ने |
| जवाफदेहिता र गुनासो व्यवस्थापन | हुने | कर्मचारी कम भएको कारण समयमै जवाफदेहिता र गुनासो व्यवस्थापन गर्न नसकिनु | समयमै जवाफदेहिता र गुनासो व्यवस्थापन गर्ने |
| **(च) समन्वय र सहकार्य** | | | |
| संघीय निकायहरू तथा प्रदेश सरकार | हुने | संघीय सरकार तथा प्रदेश सरकारका निकायहरूसँग समन्वयको कमी देखिएको | संघीय सरकार तथा प्रदेश सरकारका निकायहरूसँग समन्वय बढाउनु पर्ने |
| सम्बन्धित कार्यक्रम तथा परियोजनाहरू | हुने | शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रहरूमा बजेटको कमी | आन्तरिक आय वृद्धि गरी शिक्षा स्वास्थ्यमा बजेट बढाउने |
| गैसस तथा समुदायमा आधारित संस्थाहरू | हुने | स्थानीय गैसस सँग समन्वयको कमी | |
| निजी क्षेत्र | हुने | निजीक्षेत्रसँग प्रभावकारी समन्वयको अभाव | |
| अन्तर स्थानीय सरकार | हुने | अन्तर स्थानीय सरकार समन्वयको | |

| | | | |
|---|---|---|---|
| | | अभाव | |
| अन्तर विभाग वा महाशाखा वा शाखा | हुने | अन्तर शाखा समन्वयको अभाव | |

३. भौतिक पूर्वाधारः सडक तथा पुल, झोलुङ्गे पुल, सिंचाइ, भवन तथा शहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत्, वैकल्पिक ऊर्जा, सञ्चार

**एकल अधिकार अन्तर्गत:** स्थानीयस्तरका विकास आयोजना तथा परियोजना (विकास योजना, शहरी विकास, भवन, वस्ती, सार्वजनिक भवनहरू, पर्यटन क्षेत्रको विकास, घ वर्गको ठेक्का इजाजत आदि), स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाई, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा ।

**साझा अधिकार अन्तर्गत:** स्थानीय स्तरमा पुरातत्व, प्राचीन स्मारक र संग्राहलय संरक्षण, सम्वर्द्धन र पुनर्निर्माण

**संघीय ऐनको थप व्यवस्था:** यातायात सेवा, सञ्चार सेवा, न्यूनतम दररेट निर्धारण, भवन निर्माण इजाजत तथा सडक व्यवस्था

**तालिका-४ः भौतिक पूर्वाधार विकाससम्बन्धी लेखाजोखा**

| क्षमता विकासका क्षेत्र | शाखा/ इकाइको भूमिका (हुने/नहुने) | के कुरामा कमी भएर कार्यसम्पादनलाई प्रभाव पारेको छ ? विस्तृत विवरण लेख्ने । (१. भौतिक स्रोत साधन, २. ऐन, नियम, विधि र प्रणाली, ३. जनशक्ति व्यवस्था, ४. ज्ञान, सीप, दक्षता) | क्षमता विकासका लागि चाल्नु पर्ने उपायहरू |
|---|---|---|---|
| **(क) विकास व्यवस्थापन** | | | |
| विषयक्षेत्रगत विकास आवधिक/गुरू योजना तथा नीति नियमहरू | हुने | दक्ष जनशक्तिको कमी र बजेट कमी भौतिक पूर्वाधारको कमी | योजना तर्जुमा सम्बन्धी तालिम दिनुपर्ने। आवधिक योजना तर्जुमाका लागि बजेट व्यवस्था गर्ने |
| समावेशी विकास नीति (लैंङ्गिक, बालबालिका, सीमान्तीकृत वर्ग, गरीबमुखी विकास) | हुने | समावेशी विकास नीति नहुनु | नीति तर्जुमा तालिम र बजेट व्यवस्था |
| वातावरण, जलवायु परिवर्तन व्यवस्थापन नीति | हुने | वातावरण नीति नहुनु | वातावरण नीति बनाउनु पर्ने |
| वार्षिक योजना तर्जुमा | हुने | योजना निर्माण गर्ने दक्ष जनशक्ति नहुनु<br>बस्तीस्तर वडास्तरबाट समयमै योजना छनौट नहुनु | योजना तर्जुमा सम्बन्धी तालिम व्यवस्था गर्नुपर्ने<br>समयमै योजना छनोट गर्ने |
| वार्षिक योजना कार्यान्वयन | हुने | दक्ष जनशक्तिको अभाव योजनाका लागि बजेट अभाव | कर्मचारीलाई तालिम दिनुका साथै योजनाका लागि |

| | | | |
|---|---|---|---|
| | | | आवश्यक बजेट व्यवस्था गर्ने |
| मर्मत सम्भार व्यवस्थापन | हुने | बजेट अभाव | मर्मत सम्भार बजेट व्यवस्था गर्ने |
| अनुगमन तथा मूल्यांकन प्रणाली | हुने | नतिजामूलक अनुगमन मूल्याङकन प्रणाली नहुनु। दक्ष अनुगमन कर्ताको कमी हुनु | अनुगमन सूचक तयार गरी नतिजामूलक अनुगमन मूल्याङ्कन गर्नेऽ अनुगमन सम्बन्धी तालिमको व्यवस्था गर्ने |
| **(ख) संगठन व्यवस्थापन** | | | |
| कर्मचारी संगठन तथा कार्यविभाजन | हुने | स्वीकृत संगठन तथा व्यवस्थापन अनुसार कर्मचारी नहुनु कार्यविभाजन | पदपूर्तिको लागि पहल गर्ने |
| आन्तरिक सञ्चार | हुने | अन्तर शाखा संचार प्रणाली कमी कार्यालयमा नियमित मासिक वैठक गरी प्रतिवेदन प्रस्तुत गर्ने व्यवस्थित गर्न नसक्नु | |
| कर्मचारीहरूको आचार संहिता | हुने | आचारसंहिता कार्यान्वयनको कमी | कार्यान्वयनमा जोड दिने |
| कर्मचारीको कार्यविवरण र कार्यसम्पादन मूल्याङ्कन | हुने | कार्यविवरण तयार नभएको। कासमू वर्षमा एक पटक गर्ने गरेको | सबै पदको कार्यविवरण तयार गर्ने। कासमू बस्तुनिष्ट बनाउने |
| **(ग) वित्तीय व्यवस्थापन** | | | |
| बजेट र आम्दानी तथा खर्च प्रणाली | हुने | बजेट तर्जुमा सहभागितामूलक विधि नहुनु | बजेट तर्जुमा गर्दा सहभागितामूलक बनाउने |
| खरिद प्रणाली | हुने | सार्वजनिक खरिद सम्बन्धी ज्ञान सीपको कमी | खरिद सम्बन्धी तालिम दिने |
| सम्पत्ति व्यवस्थापन | हुने | सम्पत्ति व्यवस्थापन प्रणाली अवलम्बन नहुनु | सम्पत्ति व्यवस्थापन प्रणाली लागू गर्ने |
| प्रतिवेदन प्रणाली | हुने | अनलाइन प्रतिवेदन प्रणाली लागू नहुनु | अनलाईन प्रतिवेदन प्रणाली लागू गरी नियमित प्रतिवेदन दिने |
| **(घ) सूचना व्यवस्थापन** | हुने | | |
| अभिलेख व्यवस्थापन | हुने | अभिलेख व्यवस्थापन सम्बन्धी साधन स्रोत सिपको कमी हुनु | अभिलेख व्यवस्थापन सम्बन्धी तालिम दिने |
| सूचना प्रविधिको उपयोग | हुने | सूचना प्रविधि उपकरण र दक्ष जनशक्तिको कमी | दक्ष जनशक्ति र आवश्यक यन्त्र उपकरण व्यवस्था गर्ने |
| **(ङ) सुशासन** | | | |
| जनसहभागिता | हुने | योजना निर्माण र कार्यान्वयनमा जनसहभागिताको कमी | जनसहभागिता अभिवृद्धि गर्न सचेतनामूलक कार्यक्रम संचालन गर्ने |
| पारदर्शिता तथा सूचना प्रवाह | हुने | ज्ञान सीप र दक्षता कमी | अभिमुखीकरण गोष्ठी आयोजना गर्ने |

| | | | |
|---|---|---|---|
| जवाफदेहिता र गुनासो व्यवस्थापन | हुने | गुनासो व्यवस्थापन कमजोर | गुनासो सुनुवाइ प्रणाली अपनाउने |
| **(च) समन्वय र सहकार्य** | | | |
| संघीय निकायहरू तथा प्रदेश सरकार | हुने | समन्वयमा कमी छ | समन्वय बढाउने तालिम अन्तरक्रिया गोष्ठी अन्तर तह भ्रमण कार्यक्रम गर्ने |
| सम्बन्धित कार्यक्रम तथा परियोजनाहरू | हुने | भौतिक पूर्वाधार क्षेत्रमा स्थानीय आवश्यकता र माग धेरै भएको बजेट कम भएकोले माग अनुसारका योजनाहरू बजेटमा समावेश गर्न नसकिनु | आन्तरिक राजस्व वृद्धिमा पहल गर्ने<br>संघ र प्रदेश सँग बजेट विनियोजनमा समन्वय गरी बढी बजेट विनियोजन गर्न पहल गर्ने |
| गैसस तथा समुदायमा आधारित संस्थाहरू | हुने | समन्वय प्रभावकारी नभएको | समन्वय संयन्त्र निर्माण गरी समन्वय प्रभावकारी बनाउने |
| निजी क्षेत्र | हुने | सार्वजनिक निजी साझेदारी नीतिको कार्यान्वयन प्रभावकारी नभएको | |
| अन्तर स्थानीय सरकार | हुने | अन्तर स्थानीय तह समन्वय कमी | भ्रमण गोष्ठी गरी असल अभ्यासको आदान प्रदान गर्ने |
| अन्तर विभाग वा महाशाखा वा शाखा | हुने | अन्तर शाखा समन्वयको कमी हुनु | |

४. वन, वातावरण तथा विपत् व्यवस्थापनः वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपत् व्यवस्थापन
**एकल अधिकार अन्तर्गतः** वातावरण संरक्षण र जैविक विविधता (फोहरमैला व्यवस्थापन, वातावरण मैत्री, हरित क्षेत्र), विपत् व्यवस्थापन, खानी तथा खनिज पदार्थ संरक्षण, जलाधार संरक्षण, वन्यजन्तु

**साझा अधिकार अन्तर्गतः** वन, जंगल, वन्यजन्तु, चराचुरूंगी, जैविक विविधता संरक्षण, जल उपयोग, वातावरण, पर्यावरण संरक्षण

## तालिका-५ः वन, वातावरण तथा विपत् व्यवस्थापनसम्बन्धी लेखाजोखा

| क्षमता विकासका क्षेत्र | शाखा/ इकाइको भूमिका (हुने/ नहुने) | के कुरामा कमी भएर कार्यसम्पादनलाई प्रभाव पारेको छ ? विस्तृत विवरण लेख्ने । (१. भौतिक स्रोत साधन, २. ऐन, नियम, विधि र प्रणाली, ३. जनशक्ति व्यवस्था, ४. ज्ञान, सीप, दक्षता) | क्षमता विकासका लागि चाल्नु पर्ने उपायहरू |
|---|---|---|---|
| **(क) विकास व्यवस्थापन** | | | |
| विषयक्षेत्रगत विकास आवधिक/गुरु योजना तथा नीति नियमहरू | हुने | १ वन वातावरण व्यवस्थापन गुरु योजना नबनेको।<br>२ विपद व्यवस्थापन योजना नबनेको<br>३फोहोरमैला व्यवस्थापन योजना | |

| | | | |
|---|---|---|---|
| | | नबनेको<br>४ वन तथा वातावरण, भू तथा जलाधार संरक्षण, विपद व्यवस्थापन, फोहोरमैला व्यवस्थापन नीति नबनेको | |
| समावेशी विकास नीति (लैङ्गिक, बालबालिका, सीमान्तीकृत वर्ग, गरीबमुखी विकास) | हुने | समावेशी र बालबालिका सम्बन्धी ऐन, नियम र कार्यविधिहरू नबनेको | समावेशी र बालबालिका नीति ऐन नियम निर्माण गर्ने |
| वातावरण, जलवायु परिवर्तन व्यवस्थापन नीति | हुने | जलवायु परिवर्तन नीति नभएको | जलवायु परिवर्तन नीति बनाउनु पर्ने |
| वार्षिक योजना तर्जुमा | हुने | दक्ष जनशक्तिको कमी।<br>सहभागितामूलक विधिबाट योजना तर्जुमा नहुनु। | वार्षिक योजना तर्जुमा सम्बन्धी तालिमको व्यवस्था गर्ने,<br>सहभागितामूलक योजना निर्माण गर्ने |
| वार्षिक योजना कार्यान्वयन | हुने | योजना कार्यान्वयनको लागि दक्ष सीपयुक्त जनशक्तिक कमी र बजेट कमी हुनु | योजना कार्यान्वयन गर्न जनशक्तिलाई तालिम दिने बजेट व्यवस्था गर्ने |
| मर्मत सम्भार व्यवस्थापन | हुने | बजेट कमी | मर्मत शीर्षकमा बजेट व्यवस्था गर्ने |
| अनुगमन तथा मूल्यांकन प्रणाली | हुने | अनुगमन तथा मूल्याङकन कमी | नतिजामूलक अनुगमन मूल्याङ्कन गर्ने |
| **(ख) संगठन व्यवस्थापन** | | | |
| कर्मचारी संगठन तथा कार्यविभाजन | हुने | प्रयाप्त दरबन्दी व्यवस्था नहुनु | दरबन्दी व्यवस्था गर्नुपर्ने |
| आन्तरिक सञ्चार | हुने | इन्टरनेट प्रभावकारी नहुनु | आन्तरिक संचार प्रभावकारी बनाउने |
| कर्मचारीहरूको आचार संहिता | हुने | आचारसंहिता पालनामा कमी | आचारसंहिता पालनामा कडाइ गर्ने |
| कर्मचारीको कार्यविवरण र कार्यसम्पादन मूल्याङ्कन | हुने | कार्यविवरण सबैलाई दिएपनि कार्यान्वयन प्रभावकारी नहुनु | कार्यविवरण कार्यान्वयनमा जोड दिने<br>अनुगमन मूल्याङ्कन गर्ने |
| **(ग) वित्तीय व्यवस्थापन** | | | |
| बजेट र आम्दानी तथा खर्च प्रणाली | हुने | राजस्व सङ्कलनमा कमी हुनु<br>खर्च प्रणाली कमजोर हुनु | राजस्व सुधार योजना निर्माण र कार्यान्वयन गर्ने<br>खर्च प्रणाली सबल बनाउने |
| खरिद प्रणाली | हुने | वार्षिक खरिद योजना नबनाएको | वार्षिक खरिद योजना बनाउने |
| सम्पत्ति व्यवस्थापन | हुने | सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली लागू नभएको | सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली लागू गर्नुपर्ने |
| प्रतिवेदन प्रणाली | हुने | अनलाइन प्रतिवेदन प्रणाली लागू | अनलाईन प्रतिवेदन प्रणाली लागू |

| | | | |
|---|---|---|---|
| | | नहुनु | गर्ने |
| **(घ) सूचना व्यवस्थापन** | | | |
| अभिलेख व्यवस्थापन | हुने | अभिलेख प्रणाली परम्परागत फाइलिङ पददतिमा रहेको | अभिलेख व्यवस्थापन तालिम दिने |
| सूचना प्रविधिको उपयोग | हुने | सूचना प्रविधि सम्बन्धी ज्ञान सिप र उपकरणको अभाव | सूचना प्रविधि सम्बन्धी उपकरण र तालिम उपलव्ध गराउने |
| **(ङ) सुशासन** | | | |
| जनसहभागिता | हुने | योजना निर्माण र कार्यान्वयनमा जनसहभागिता कमी | जनसहभागिता बढाउन कार्यक्रम गर्ने |
| पारदर्शिता तथा सूचना प्रवाह | हुने | सार्वजनिक सुनुवाइ नियमित नभएको<br>योजना तर्जुमा र कार्यान्वयन बारे सूचना प्रवाह कमी हुनु | |
| जवाफदेहिता र गुनासो व्यवस्थापन | हुने | जनशक्ति अभावका कारण समयमै कार्यसम्पन्न गर्न नसकेकोकारण गुनासो आउने<br>गुनासो व्यवस्थापन प्रणाली कमजोर हुनु | |
| **(च) समन्वय र सहकार्य** | | | |
| संघीय निकायहरू तथा प्रदेश सरकार | हुने | संघीय र प्रदेशका निकायहरूसँग समन्वयको कमी हुनु | |
| सम्बन्धित कार्यक्रम तथा परियोजनाहरू | हुने | स्थानीय आवश्यकताका आधारमा योजना छनोट बजेट विनियोजन गर्न नसकिनु | |
| गैसस तथा समुदायमा आधारित संस्थाहरू | हुने | स्थानीय स्तरमा काम गर्ने गैसस तथा संस्थाहरूसँग समन्वयको कमी | |
| निजी क्षेत्र | हुने | योजना निर्माण र कार्यान्वयनमा निजीक्षेत्रसँग समन्वयको कमी | |
| अन्तर स्थानीय सरकार | हुने | अन्तर स्थानीय सरकार समन्वयमा कमी<br>अन्तर स्थानीय तहसँग सम्बन्धित योजना छनौटमा समन्वयको कमी | |
| अन्तर विभाग वा महाशाखा वा शाखा | हुने | अन्तर शाखा समन्वयको कमी | |

**५. संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनः** मानव संशाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाह मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रणालीको प्रयोग, लेखाङ्कन, राजस्व परिचालन, वित्तीय अनुशासन, लेखा परीक्षण, बेरुजु फछ्र्यौट, आन्तरिक नियन्त्रण ।

**<u>एकल अधिकार अन्तर्गतः</u>** नगर प्रहरी, एफ.एम. संचालन, स्थानीय कर, सेवा शुल्क, दस्तुर संकलन, स्थानीय सेवाको व्यवस्थापन (संगठन, जनशक्ति, वृत्ति विकास, सूचना प्रविधि, सेवा व्यवस्थापन),

स्थानीय तथ्यांक तथा अभिलेख संकलन (व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक), स्थानीय अभिलेख (तथ्यांक, सूचना केन्द्र, सार्वजनिक सम्पत्ति, अभिलेख), जग्गा धनी प्रमाणपुर्जा वितरण

**साझा अधिकार अन्तर्गत:** सेवाशुल्क तथा रोयल्टी संकलन बाँडफाँड, सुकुम्बासी व्यवस्थापन, सवारी साधन अनुमति, संघ संस्था दर्ता तथा नवीकरण

**संघीय ऐनको थप व्यवस्था:** भूमि व्यवस्थापन, वडा समितिहरूको कार्य, साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य, बजेट तर्जुमा प्रक्रिया, स्थानीय संञ्चत कोष व्यवस्थापन (अख्तियारी, लेखा, लेखा परीक्षण, आन्तरिक नियन्त्रण, सूचना प्रविधि), सार्वजनिक खरिद, स्थानीय सरकारको सम्पत्ति संरक्षण

## तालिका-६ संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनसम्बन्धी लेखाजोखा

| क्षमता विकासका क्षेत्र | शाखा/ इकाइको भूमिका (हुने/ नहुने) | के कुरामा कमी भएर कार्यसम्पादनलाई प्रभाव पारेको छ ? विस्तृत विवरण लेख्ने । (१. भौतिक स्रोत साधन, २. ऐन, नियम, विधि र प्रणाली, ३. जनशक्ति व्यवस्था, ४. ज्ञान, सीप, दक्षता) | क्षमता विकासका लागि चाल्नु पर्ने उपायहरू |
|---|---|---|---|
| **(क) विकास व्यवस्थापन** | | | |
| विषयक्षेत्रगत विकास आवधिक/गुरु योजना तथा नीति नियमहरू | हुने | आवश्यक नीति योजना नबन्नु | आवश्यक नीति योजना निर्माण गर्नु पर्ने |
| समावेशी विकास नीति (लैंङ्गिक, बालबालिका, सीमान्तीकृत वर्ग, गरीबमुखी विकास) | हुने | नीति ऐन नियम नहुनु | नीति ऐन नियम तर्जुमा गर्ने |
| वातावरण, जलवायु परिवर्तन व्यवस्थापन नीति | हुने | जलवायु परिवर्तन व्यवस्थापन नीति नहुनु | जलवायु परिवर्तन व्यवस्थापन नीति बनाउनु पर्ने |
| वार्षिक योजना तर्जुमा | हुने | योजना तर्जुमा गर्ने दक्ष जनशक्तिको कमी। आवश्यक बजेटको कमी | तालिम प्रदान गर्ने र बजेट व्यवस्था गर्ने |
| वार्षिक योजना कार्यान्वयन | हुने | बजेट अभाव<br>प्रयाप्त ज्ञान सीप कमी | बजेट व्यवस्था गर्ने कर्मचारीलाई दक्ष बनाउन तालिम दिने |
| मर्मत सम्भार व्यवस्थापन | हुने | बजेट कमी | बजेट ब्यवस्था गर्ने |
| अनुगमन तथा मूल्यांकन प्रणाली | हुने | नतिजामूलक अनुगमन मूल्याङ्कन गर्ने दक्ष जनशक्ति कमी | अनुगमन सूचक निर्धारण गर्ने कर्मचारीलाई अनुगमन तालिम व्यवस्था गर्ने |
| **(ख) संगठन व्यवस्थापन** | | | |
| कर्मचारी संगठन तथा कार्यविभाजन | हुने | दरबन्दी व्यवस्थापन प्रयाप्त नहुनु | दरबन्दी व्यवस्थापन प्रयाप्त गर्ने |
| आन्तरिक सञ्चार | हुने | टेलिफोन इन्टरनेट कमजोर | टेलिफोन र इन्टरनेट क्षमता बढाउने |
| कर्मचारीहरूको | हुने | आचारसंहिता कार्यान्वयनमा कमी | कार्यान्वयनको अनुगमन गर्ने |

| | | | |
|---|---|---|---|
| आचारसंहिता | | | |
| कर्मचारीको कार्यविवरण र कार्यसम्पादन मूल्याङ्कन | हुने | कार्यविवरण नदिएको<br>कासमू वास्तविक नतिजा हेरी नगर्ने र औपचारिकता निभाउने मात्र | कार्यविवरण स्पष्ट तोक्ने<br>कासमूल वास्तविक नतिजा हेरी गर्ने |
| **(ग) वित्तीय व्यवस्थापन** | | | |
| बजेट र आम्दानी तथा खर्च प्रणाली | हुने | राजस्व सङ्कलन आय स्रोत कमी | राजस्व सुधार योजना कार्यान्वयन गर्ने |
| खरिद प्रणाली | हुने | वार्षिक खरिद योजना निर्माण नभएको | वार्षिक खरिद योजना निर्माण र कार्यान्वयन गर्नु पर्ने |
| सम्पत्ति व्यवस्थापन | हुने | १ गाउँपालिकाको सम्पूर्ण सम्पत्ति व्यवस्थापन PAMS प्रणालीमा राख्न नसकिएको<br>२ | |
| प्रतिवेदन प्रणाली | हुने | | |
| **(घ) सूचना व्यवस्थापन** | हुने | | |
| अभिलेख व्यवस्थापन | हुने | अभिलेख व्यवस्थापन प्रणाली सुदृढ नहुनु | अभिलेख प्रणाली अनलाइनमा आधारित बनाउने र अभिलेख व्यवस्थापन सम्बन्धि तालिम दिने |
| सूचना प्रविधिको उपयोग | हुने | सूचना प्रविधि उपकरण र दक्षताको कमी | उपकरण व्यवस्था र दक्षता अधिवृद्धि गर्नु पर्ने |
| **(ङ) सुशासन** | | | |
| जनसहभागिता | हुने | योजना कार्यान्वयनमा जनसहभागिता कमी हुनु | योजना कार्यान्वयनमा जनसहभागिता बढाउने |
| पारदर्शिता तथा सूचना प्रवाह | हुने | | |
| जवाफदेहिता र गुनासो व्यवस्थापन | हुने | | |
| **(च) समन्वय र सहकार्य** | हुने | | |
| संघीय निकायहरू तथा प्रदेश सरकार | हुने | संघीय र प्रदेशका निकायहरूसँग समन्वयको कमी हुनु | |
| सम्बन्धित कार्यक्रम तथा परियोजनाहरू | हुने | स्थानीय आवश्यकताका आधारमा योजना छनोट बजेट विनियोजन गर्न नसकिनु | |
| गैसस तथा समुदायमा आधारित संस्थाहरू | हुने | स्थानीय स्तरमा काम गर्ने गैसस तथा संस्थाहरूसँग समन्वयको कमी | |
| निजी क्षेत्र | हुने | योजना निर्माण र कार्यान्वयनमा निजीक्षेत्रसँग समन्वयको कमी | |
| अन्तर स्थानीय सरकार | हुने | अन्तर स्थानीय सरकार समन्वयमा कमी<br>अन्तर स्थानीय तहसँग सम्बन्धित योजना छनौटमा समन्वयको कमी | |

| | | | |
|---|---|---|---|
| अन्तर विभाग वा महाशाखा वा शाखा | हुने | अन्तर शाखा समन्वयको कमी | |

## विकास व्यवस्थापनको लेखाजोखाको विश्लेषण

दिग्दर्शनको अनुसूची २ अन्तर्गतका क्षमता विकास क्षेत्र जस्तैः विकास व्यवस्थापन, संस्थागत संरचना तथा संगठन व्यवस्थापन, वित्तीय व्यवस्थापन, सूचना व्यवस्थापन, सुशासन र समन्वय र सहकार्य जस्ता विषयहरूका अतिरिक्त मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाह मापदण्ड निर्धारण जस्ता अतिरिक्त विषयहरू माथि शाखागत रूपमा छलफल गरिएको थियो । अधिकाँश शाखाहरूबाट माथि भनिएका क्षमता विकास क्षेत्रमा अभिमुखीकरण, तालिम, एक्सपोजर भ्रमण, उत्प्रेरणा जस्ता कुरा अपेक्षा गरिएको छ ।

आवधिक विकास योजना तयार भएको छैन । भवन संहिता बनाइ नक्सा पास गरेर मात्र घर निर्माण गर्ने अनुमति दिने व्यवस्था गर्नु आवश्यक छ । आर्थिक ऐन र विनियोजन ऐन बनेको पाइयो । कृषि, पशु सेवा, घरेलु तथा साना उधोग सम्बन्धी ऐन, नियम, कार्यविधि बनाउनु पर्ने देखिन्छ । भौतिक स्रोत साधनको अभाव, ऐन, नियम, विधि प्रणालीको अभाव, दक्ष जनशक्तिको कमी, बजेट अभावले विकास व्यवस्थापन प्रभावकारी हुन नसकेको देखिन्छ । वार्षिक योजना तर्जुमा कार्य सहभागितामूलक हुन सकेको छैन भने योजना कार्यान्वयन गर्ने बजेट र दक्ष जनशक्तिको अभाव देखिन्छ । पुराना योजनाको मर्मत सम्भार कार्य पनि बजेट अभावका कारण अपेक्षित हुन सकेको छैन । आर्थिक विकास क्षेत्रमा कृषि, उधोग वाणिज्य, पर्यटन, सहकारी छन् । यहाँको भूगोल अनुसार आलु, मकै, अदुवा, लसुन खेति बढी सम्भावना देखिन्छ । यस गाउँपालिकामा भएका जंगलमा चरन क्षेत्र बढी भएकोले बाख्रा पालन बढी सम्भावना देखिन्छ । पन्छी पालनमा कालिज पालनको सम्भावना राम्रो छ । अनुगमन तथा मूल्याङ्कन प्रणाली नतिजामूलक हुन सकेको छैन । समाजिक विकास क्षेत्र अन्तरगत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सामाजिक सुरक्षा जस्ता जनताका जीवनस्तरसँग प्रत्यक्ष सम्बन्ध राख्ने क्षेत्रहरू हुन् । गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा पुऱ्याउन आर्थिक र प्राविधिक कारणले कठिन अवस्था छ । भौतिक पूर्वाधार विकास गुरु योजना बन्न सकेको छैन । यस गाउँपालिकाका सबै वडाहरूमा कच्ची सडक पुगेपनि गुणस्तरीय सडक यातायातको अवस्था कमजोर रहेको छ । सबै वडासम्म सडक स्तरोन्नती गर्ने गुरु योजना बनाउनु आवश्यक छ । यस गाउँपालिकामा सञ्चालित सहकारी संस्थाको सञ्चालन व्यवस्थापन नियमन राम्रो गर्न सके आर्थिक विकासमा थप टेवा पुग्नेछ । लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ । तर ठूला ठूला योजनाका अनुगमन र मूल्याङ्कनका लागि ल्याब टेस्ट सहितको परिपाटीको व्यवस्थापन गर्न भौतिक सामग्रीको व्यवस्थापनका साथै आवश्यक

तालिम प्रशिक्षण समेतको व्यवस्था गर्नु आवश्यक छ ।

**संगठन व्यवस्थापन तहको विश्लेषण**

यस गाउँपालिकाले संगठन तथा व्यवस्थापन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बनाए अनुसार चलिरहेको छ । सोही स्थानीय तहको संगठन ढाँचा र दरबन्दी अनुसारको संगठन संरचना र सोहि अनुसारको कार्य विभाजन गरेको पाइयो । गाउँपालिकामा नियमित रूपमा हुने क्रियाकलापहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आन्तरिक सञ्चारका लागि इन्टरनेट मार्फत इ–मेल, पत्राचार, आन्तरिक चलानी आदिको अभ्यास हुने गरेको पाइयो । सूचना तथा सञ्चारलाई थप प्रभावकारी बनाउन भरपर्दो इन्टरनेट सुविधा र नेट्वर्किङ लगायतका नयाँ प्रविधिको उपयोगको उचित प्रबन्ध गर्नुपर्ने अवस्था देखियो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली भएको पाइएन । कर्मचारीको आचारसंहिता र शाखागत रूपमा कार्यविवरण तयार गरी लागू गरिएको पाइयो । निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० बमोजिम कार्य सम्पादन मूल्याङ्कन फाराम वार्षिक रूपमा भरी सम्बन्धित निकायमा पठाउने गरिएको पाइयो । तर निजामती सेवा बाहेकका करार वा ज्यालादारीका कर्मचारीहरूको हकमा छुट्टै कार्य सम्पादन मूल्याङ्कन हुने गरेको पाइयो ।

**खरिद प्रणाली** यस बारेकोट गाउँपालिकाले सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम खरिद प्रकृया संचालन गर्ने गरे तापनि सम्बन्धित खरिद प्रकृयाको बारेमा पर्याप्त जानकारी नहुनु, प्रकृया झन्झटिलो हुनु, सूचना प्रविधिको प्रयोग सहज नहुनु, खरिद गुरुयोजना निर्माण नहुनु, वार्षिक खरिद योजना बनेको, जस्ता कारणले सार्वजनिक खरिद प्रकृयालाई थप सरल, सहज र वैज्ञानिक बनाउनु पर्ने आवश्यकता देखियो ।

**समष्टिगत सूचना व्यवस्थापनको लेखाजोखा तथा विश्लेषण**

गाउँपालिकाद्वारा सम्पादन हुने सबै प्रकारका विकास तथा विकास प्रशासनसँग सम्बन्धित क्रियाकलापहरूको अभिलेख व्यवस्थापन परम्परागत शैलीमा गर्दै आइरहेकोले सूचना प्रविधिको विकास र अभिलेख प्रणालीको चुस्तता र सुरक्षालाई मध्यनजर गरी सो सम्बन्धी पूर्वाधार विकास, कर्मचारी र आवश्यक तालिमको आवश्यकता देखियो । इएमआइएस लगायतका अन्य अभिलेख प्रणालीहरू संचालन गर्न इन्टरनेट र दक्ष कर्मचारीको व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

सूचना प्रविधिका पूर्वाधार, दक्ष जनशक्ति र नियमित तालिमको आवश्यकता महशुस गरिएको छ । उदाहरणका लागि SUTRA र PAMS को प्रयोगको सुरुवात भए तापनि प्रभावकारी हुन नसकेको, Website लाई पूर्ण रूपमा अद्यावधिक गरी प्रयोगकर्ता मैत्री बनाउन नसकिएको अवस्था रहेको छ ।

### सुशासन सम्बन्धी लेखाजोखा तथा विश्लेषण

योजना निर्माण एवम् कार्यान्वयनमा जनताको सहभागिता हुनुपर्छ । सरकारले गरेका कार्यहरू जनताले सहजै देख्न पाउनु नै पारदर्शीता हो । सरकारका जिम्मेवार पदाधिकारीले जनताले गरेका प्रश्नको जवाफ दिनु पर्छ भन्ने मान्यता नै जवाफदेहिता हो । पारदर्शिता, जवाफदेहिता र गुनासो व्यवस्थापन प्रभावकारी हुनु नै सुशासन हो । यस बारेमा ज्ञान, चेतना तथा प्रशिक्षणको कमी रहेकोले पूर्ण मात्रामा सहभागितामूलक विकासका कृयाकलापहरू हुन सकेको देखिएन । योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कनमा जनताको प्रत्यक्ष र सार्थक सहभागिता हुनु पर्दछ । गाउँपालिकाले सार्वजनिक सुनुवाइ गर्ने गरेको छ । वेवसाइट निर्माण गरेपनि अद्यावधिक नगरेको र सूचना तथा गाउँपालिकामा भए गरेका गतिविधिहरू अपलोड समयमै नगरेको पाइयो । यद्यपी विगतको तुलनामा केही सुधार भएको छ ।

### समष्टिगत समन्वय र सहकार्यको लेखाजोखा तथा विश्लेषण

समन्वयले दुई वा दुई भन्दा बढी निकायबीच पारस्परिक सम्बन्ध स्थापना गर्दछ । नेपालको संघीय शासन व्यवस्थाको मुख्य सिद्धान्त समन्वय, सहकार्य र सहअस्तित्व हो । स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारका निकायहरूसँग समन्वय गर्दै आए पनि अपेक्षित मात्रामा प्रभावकारी हुन नसकेको अवस्था छ । संघ र प्रदेशसँग गाउँपालिकाको समन्वय र सहकार्य परिपक्व र दरिलो सावित हुन सकेको छैन । आपसी सञ्चार र समन्वयका क्षेत्रमा केही समस्या देखिनुका साथै अधिकार क्षेत्र समेतलाई लिएर एक आपसमा बुझाइमा कमी हुने र समन्वय र संचार एकतर्फी मात्र भएको गुनासो गाउँपालिकाबाट पाइयो । तीनै तहका सरकारका अधिकार र दायित्व क्षेत्र भित्र पर्ने कार्यक्रम र परियोजनाहरू कार्यान्वयन गर्न एक अर्काको बीचमा समन्वय र सहकार्य हुनुपर्ने आवश्यक छ ।

## ३.२ संस्थागत क्षमता (नेतृत्व तहको) लेखाजोखा तथा विश्लेषण

क्षमता विकास योजना दिग्दर्शन, २०७६ को अनुसूची ३ बमोजिम स्वमूल्याङ्कन फाराम भराइ नेतृत्व तहको आवश्यकताको लेखाजोखा गरिएको छ । दिग्दर्शनकै अनुसूची ३ अन्तर्गत नेतृत्व तहको क्षमता लेखाजोखा हुँदा पनि क्षमता विकासका हरेक क्षेत्रमा प्रशिक्षण, अनुशिक्षण, स्रोत साधनको व्यवस्थापन, थप कर्मचारी दरबन्दी जस्ता कुराहरू माग भएको अवस्था छ ।

**तालिका-७ः संस्थागत क्षमता (नेतृत्व तह) लेखाजोखा**

| क्षमता विकासका क्षेत्र | महाशाखा/शाखा/ इकाइको भूमिका (हुने/ नहुने) | के कुरामा कमी भएर कार्यसम्पादनलाई प्रभाव पारेको छ ? विस्तृत | क्षमता विकासका लागि चाल्नु पर्ने उपायहरू |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | | **विवरण लेख्ने (१. भौतिक स्रोत साधन, २. ऐन, नियम, विधि र प्रणाली, ३. जनशक्ति व्यवस्था, ४. ज्ञान, सीप, दक्षता)** | |
| स्थानीय सभा व्यवस्थापन | हुने | भौतिक साधन स्रोत कमि, ऐन, नियम, कार्यविधि कमी | भौतिक साधन स्रोत र ऐन नियम कार्यविधि प्रयाप्त बनाउनु पर्ने |
| कार्यपालिका बैठक व्यवस्थापन र निर्णय प्रक्रिया | हुने | ऐन, नियम, विधि र प्रणालीको कमी | कार्यपालिका बैठक व्यवस्थापनसम्बन्धी तालिम |
| दूरदृष्टि र रणनीतिक (आवधिक वा गुरु वा एकीकृत) गाउँ विकास योजना | हुने | भौतिक स्रोत साधन कमी<br>ज्ञान, सिप, दक्षताको कमी | आवधिक योजना र विभिन्न क्षेत्रका गुरू योजनाहरू बनाउनु पर्ने |
| स्थानीय ऐन, कानून तर्जुमा र कार्यान्वयन | हुने | ज्ञान, सिप, दक्षताको कमी | स्थानीय ऐन, कानून तर्जुमा र कार्यान्वयनका लागि तालिम |
| संगठन तथा व्यवस्थापन विकास | हुने | ऐन, नियमको कमी | संगठन तथा व्यवस्थापन विकासलाई पुनरावलोकन गर्नुपर्ने |
| वडा कार्यालय व्यवस्थापन | हुने | भौतिक स्रोत साधन , ज्ञान सीप दक्षता कमी | पर्याप्त भौतिक स्रोत साधनको व्यवस्थापन गर्नुपर्ने, ज्ञान, सीप, दक्षता अभिवृद्धिसम्बन्धी तालिम |
| न्यायिक समितिको कार्यप्रणाली तथा कार्य सम्पादन | हुने | ज्ञान, सीप, दक्षता कमी | न्यायिक समितिको कार्यप्रणाली तथा कार्य सम्पादनसम्बन्धी तालिम |
| समिति, उपसमितिहरूको परिचालन | हुने | ज्ञान, सीप, दक्षता कमी | समिति, उपसमिति आफ्नो जिम्मेवारी अनुरुप भूमिका निर्वाह गर्नलाई तालिम |
| सामाजिक समावेशीकरण तथा निर्णय प्रक्रियामा सहभागिता | हुने | सरोकारवालाको सार्थक सहभागिता हुन नसकेको | सरोकारवालाहरूसँग समन्वय बढाउनु' पर्ने |
| सहकार्य, समन्वय र साझेदारिता | हुने | सम्बन्धित निकायमा समन्वय प्रभावकारी नभएको | सहकार्य, समन्वय र साझेदारिताको पाटोलाई प्रभावकारी बनाउनु पर्ने |
| पारदर्शिता तथा गुनासो सुन्ने | हुने | वेवसाइट अद्यावधिक | गुनासो सुन्ने पाटोलाई |

| | | | |
|---|---|---|---|
| प्रणाली | | नगरिएको । | प्रभावकारी बनाउनु पर्ने, वेवसाइट अद्यावधिक गर्नुपर्ने |
| अनुगमन तथा मूल्यांकन | हुने | अनुगमन मूल्याङ्कन भएपनि सूचकमा आधारित अनुगमन मूल्याङ्कन नभएको | नतिजामुखी सूचकसहितको अनुगमन मूल्याङ्कन गर्नु पर्ने |
| संस्थागत मूल्य तथा मान्यता | हुने | संस्थागत मूल्यमान्यतालाई सबल बनाउन तर्फ सबैको ध्यान नपुगेको | संस्थागत प्रक्रिया र विधिलाई थप प्रभावकारी बनाउनु पर्ने |

## नेतृत्व तहको क्षमता विकास आवश्यकताको विश्लेषण

स्थानीय तहको व्यवस्थापकीय अधिकार प्रयोग गर्ने मुख्य भूमिका स्थानीय सभाको हुन्छ । गाउँसभा व्यवस्थापनको क्रियाकलाप विगतका वर्षहरूमा भन्दा हाल नियमित र प्रभावकारी रूपमा हुने गरेको छ । गाउँसभाका सदस्यहरूलाई बैठकमा समयमै उपस्थित गराउन र सक्रिय सहभागिताका लागि आवश्यक अभिमुखीकरण गर्न सकिएको छैन । आवधिक योजना तयार भए पनि अध्यावधिक गर्नु पर्ने देखिन्छ । गाउँपालिकालाई तत्काले आवश्यक केही ऐन तथा कानूनहरू निर्माण भए तापनि शिक्षा ऐन, स्वास्थ्य ऐन, कृषि ऐन लगायत जनतासँग प्रत्यक्ष सम्बन्ध राख्ने ऐन, नियम, कार्यविधिहरू निर्माण भइ नसकेको अवस्था छ । विषयगत समितिहरूलाई सक्रिय बनाउने र ऐन नियमका विधेयक माथि गहन छलफल गर्ने वातावरण बनाउनु आवश्यक छ । निर्माण भएका कानुनहरूको प्रभावकारी कार्यान्वयनमा चुनौती रहेको छ । गाउँपालिकाको विद्यमान संगठन तथा व्यवस्थापन सर्वेक्षण पुनरावलोकन हुन सकेको छैन । सम्पूर्ण वडा कार्यालयहरूमा भौतिक पूर्वाधार सहित सुविधा सम्पन्न भवन नभएकोले स्थानीय स्तरको सेवा प्रवाह प्रभावित भएको छ । कर्मचारी कमी भएका कारण वडा कार्यालयहरूबाट जनतालाई दैनिक सेवा प्रवाह र विकासका क्रियाकलापहरू अपेक्षाकृत रूपमा हुन सकेको छैन । न्यायिक समितिमा न्याय सम्पादन संयन्त्रलाई थप बलियो बनाउनु पर्ने चुनौती छ । नेतृत्व तहको क्षमता विकास गर्न आवश्यक छ । गाउँसभाका विषयगत समिति र उपसमितिको वैठक नियमित बस्ने परम्पराको कमी भएको र तिनको भूमिकालाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ । समानुपातिक निर्वाचन प्रणालीबाट सबै वर्ग, क्षेत्र, लिङ्गको प्रतिनिधित्व भए पनि निर्णय प्रक्रियामा सार्थक सहभागिता हुन सकेको छैन । सरोकारवाला सबै पक्षहरूसँग समन्वय र सहकार्य गर्न अझै चुनौती छ । गाउँपालिकाले गरेका कार्यको विभिन्न माध्यबाट प्रकाशन प्रसारण गर्ने गरेपनि ती माध्ययममा सबैको पहुँच पुगेको छैन । गुनासो सुन्ने पाटोलाई

प्रभावकारी बनाउनु पर्ने, वेवसाइट अद्यावधिक गर्नुपर्ने दखिन्छ । सार्वजनिक सुनुवाई, सामाजिक लेखा परिक्षण र आन्तरिक र अन्तिम लेखा परिक्षण गर्ने गरिएको छ । अनुगमन मूल्याङ्कन भए पनि सूचकमा आधारित नतिजामूलक अनुगमन मूल्याङ्कन गर्न सकिएको छैन । साना साना खुद्रे योजना कार्यक्रम भएकोले समय र जनशक्ति अभावका कारण आवको अन्त्यमा प्रभावकारी अनुगमन गर्न सकिएको छैन ।

## ३.३ आपूर्तिमा आधारित क्षमता लेखाजोखाः

नेपालको संविधानको अनुसूची-८ बमोजिम स्थानीय तहको एकल र अनुसूची -९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको प्रयोगको विद्यमान अवस्थाको बारेमा दिग्दर्शनको अनुसूची -५ अनुसार तथ्याङ्क सङ्कलन गरी देहाय बमोजिम विश्लेषण गरिएको छ ।

**तालिका-८ : गाउँपालिकाको अधिकारको उपयोगको अवस्था**

| गाउँपालिकाको अधिकार | उपयोग भए/नभएको | जनशक्ति भए/नभएका |
|---|---|---|
| **(क) एकल अधिकार क्षेत्र** | | |
| नगर/गाउँ प्रहरी | नभएको | नभएको |
| सहकारी संस्था | भएको | भएको |
| एफ.एम. संचालन | नभएको | नभएको |
| स्थानीय कर, सेवा शुल्क, दस्तुर | भएको | भएको |
| स्थानीय सेवा व्यवस्थापन | भएको | भएको |
| स्थानीय तथ्यांक र अभिलेख व्यवस्थापन | भएको | भएको |
| स्थानीय स्तरका विकास आयोजना तथा परियोजना | भएको | भएको |
| आधारभूत र माध्यमिक शिक्षा | भएको | भएको |
| आधारभूत स्वास्थ्य र सरसफाइ | भएको | भएको |
| स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता | भएको | भएको |
| स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक र सिंचाइ | भएको | भएको |
| गाउँ सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन | भएको | भएको |
| स्थानीय अभिलेख व्यवस्थापन | नभएको | नभएको |
| जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण | नभएको | नभएको |
| कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी<br>ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन | भएको | भएको |
| बेरोजगारको तथ्यांक संकलन | भएको | भएको |
| कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण | नभएको | भएको |
| खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा | नभएको | भएको |
| विपत् व्यवस्थापन | भएको | भएको |
| जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | नभएको | नभएको |
| भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास | नभएको | नभएको |
| **(ख) साझा अधिकारबाट प्राप्त अधिकार** | | |

| | | |
|---|---|---|
| खेलकुद र पत्रपत्रिका | नभएको | नभएको |
| स्वास्थ्य | भएको | भएको |
| विद्युत्, खानेपानी तथा सिंचाइ जस्ता सेवाहरू | भएको | भएको |
| वन, जंगल, वन्यजन्तु, चराचुरूङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता | भएको | नभएको |
| सामाजिक सुरक्षा र गरिबी निवारण<br>व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क | भएको | भएको |
| स्थानीय स्तरमा पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्वर्द्धन र पुनर्निर्माण | नभएको | नभएको |
| सुकुम्बासी व्यवस्थापन<br>प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी | नभएको | नभएको |
| सवारी साधन अनुमति | नभएको | नभएको |
| संघसंस्था दर्ता तथा नवीकरण | भएको | भएको |
| भूमि व्यवस्थापन | नभएको | नभएको |
| सञ्चार सेवा | भएको | भएको |
| यातायात सेवा | नभएको | नभएको |
| घरेलु तथा साना उद्योग | भएको | भएको |

## तालिका-९: ऐन, नियम, विधि र प्रणालीको स्थापनाको अवस्था

| **गाउँपालिकाको नीति, कानून तथा मापदण्ड बनाउने अधिकारका क्षेत्रहरू** | **नमूना कानूनहरूको उपलब्धता** | **मौजुदा कानून, मापदण्ड, कार्यविधि** |
|---|---|---|
| **(क) एकल अधिकार क्षेत्र** | | |
| नगर प्रहरी | | नभएको |
| सहकारी संस्था | - स्थानीय सरकार सहकारी ऐन | |
| स्थानीय कर, सेवा शुल्क, दस्तुर | -स्थानीय सरकारको आर्थिक ऐन<br>-व्यवसाय कर सम्बन्धसम्बन्धी कार्यविधि<br>-घरवहाल कर व्यवस्थापन कार्यविधि<br>-स्थानीय सरकारको कर तथा गैरकर सम्बन्धी कानून | भएको<br>नभएको<br>नभएको<br>भएको |
| स्थानीय सेवा व्यवस्थापन | -गाउँपालिकाका (कार्य विभाजन) नियमावली<br>-स्थानीय सरकारमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि | भएको<br>भएको |
| स्थानीय तथ्यांक र अभिलेख व्यवस्थापन | | भएको |
| स्थानीय स्तरका विकास आयोजना तथा परियोजना | -"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि<br>-स्थानीय सरकारको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि | भएको<br>भएको |
| आधारभूत र माध्यमिक शिक्षा | -शिक्षा नियमावली | |
| आधारभूत स्वास्थ्य र सरसफाइ | | |

| | | |
|---|---|---|
| स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता | - स्थानीय सरकारबाट गरिने बजार अनुगमन निर्देशिका<br>- नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाई सम्बन्धी कार्यविधि<br>- स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन | नभएको<br>नभएको<br>नभएको |
| स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ | | नभएको |
| गाउँ सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन | - न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि<br>- गाउँ सभा सञ्चालन कार्यविधि | भएको<br>भएको |
| **स्थानीय अभिलेख व्यवस्थापन** | | |
| कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी | | नभएको |
| कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण | - कृषि व्यवसाय प्रवर्धन ऐन | नभएको |
| खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा | - उर्जा विकास सम्बन्धी निर्देशिका | नभएको |
| विपत् व्यवस्थापन | - गाउँ विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन<br>- उत्थानशील स्थानीय समुदायका लागि रणनीति<br>- गाउँपालिका आपतकालिन कार्यसञ्चालन विधि<br>- स्थानीय विपत् व्यवस्थापन कोष सञ्चालन कार्यविधि | भएको<br>नभएको<br>नभएको<br>नभएको |
| जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | | नभएको |
| भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास | | नभएको |
| **(ख) साझा अधिकारबाट प्राप्त अधिकार** | | |
| वन, जंगल, वन्यजन्तु, चराचुरूङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता | | नभएको |
| सामाजिक सुरक्षा र गरीबी निवारण | - बालकल्याण गृह कार्यविधि<br>- बाल विवाह विरूद्ध कार्यक्रम सञ्चालन खर्च कार्यविधि<br>- सडक बालबालिका व्यवस्थापन खर्च कार्यविधि<br>- गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि | नभएको<br>नभएको<br>नभएको<br>भएको |
| प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी | | नभएको |

| | | |
|---|---|---|
| सवारी साधन अनुमति | | नभएको |
| संघसंस्था दर्ता तथा नवीकरण | | नभएको |
| **(ग) व्यवस्थापन** | | |
| कार्यविभाजन र कार्य सम्पादन | -स्थानीय सरकारको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन<br>-स्थानीय राजपत्रको नमूना<br>-गाउँपालिकाको कार्यसम्पादन नियमावली<br>-गाउँपालिकाको बैठक सञ्चालन कार्यविधी | भएको<br>भएको<br>भएको<br>भएको |
| भवन निर्माण तथा सडक सम्बन्धी व्यवस्था | | नभएको |
| स्थानीय सञ्चित कोष | -गाउँपालिकाको आर्थिक गतिविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून<br>-स्थानीय सरकारको विनियोजन ऐन<br>-सार्वजनिक खरिद नियमावली | नभएको<br>भएको<br>नभएको |
| आकस्मिक कोष | | नभएको |

## नयाँ अवधारणा, नीति तथा सूचना प्रविधिको उपयोगको अवस्था

१. राजस्व सुधार योजना तथा राजस्व प्रक्षेपण - भएको
२. आवधिक रणनीतिक योजनाहरू -नभएको
३. गुरु योजनाहरू -नभएको
४. मध्यमकालिन खर्च संरचना - नभएको
५. वार्षिक बजेट तर्जुमा प्रणाली - नभएको
६. नतिजामुखी अनुगमन प्रणालीको स्थापना -नभएको
७. लैङ्गिक तथा सामाजिक समावेशीकरण -भएको
८. उत्थानशीलता (आर्थिक, विपत्, निर्माण, सामाजिक आदि) -नभएको
९. जलवायु परिवर्तन तथा कार्वन उत्सर्जन न्यूनीकरण -नभएको
१०. निर्माण मापदण्ड तथा भवन संहिता -नभएको
११. सूचना प्रविधि तथा सफ्टवेयरहरू (सुत्र, राजस्व, घटना दर्ता, इ–विडिङ्ग आदि) -भएको
१२. उत्तरदायित्वका संयन्त्रहरू तथा उपयोग -नभएको
१३. फोहरमैला व्यवस्थापन -नभएको
१४. आर्थिक विकास र निजी क्षेत्रसँगको साझेदारी -भएको
१५. अपाङ्गमैत्री कार्यस्थानको व्यवस्था आदि -नभएको

## आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको विश्लेषण

माथिको तालिकामा उल्लेख भएका विषयवस्तुको देहाय बमोजिम विश्लेषण गरिएको छः

**एकल अधिकारको उपयोगको अवस्थाः** गाउँपालिकालाई प्राप्त एकल अधिकार मध्ये धेरै अधिकारको उपयोग भएको पाइयो । नगर गाउँ प्रहरी, एफ. एम. सञ्चालन, जग्गा धनी दर्ता प्रमाण पत्र वितरण, साना जलविद्युत आयोजना, स्थानीय बजार ब्यवस्थापन वातावरण संरक्षण र जैविक विविधता, कृषि प्रसारको व्यवस्थापन सञ्चालन र नियन्त्रण, जलाधार वन्यजन्तु खानी तथा खनिज पदार्थको संरक्षण, भाषा संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी अधिकार उपयोग गर्न नसकिएको पाइयो ।

**साझा अधिकार अन्तर्गतः** वन जंगल वन्यजन्तु चराचुरुङ्गी जल उपयोग, वातावरण पर्यावरण तथा जैविक विविधता, स्थानीय स्तरमा पुरातत्व प्राचीन स्मारक र संग्रहालय संरक्षण सम्वर्द्धन र पुनर्निर्माण, सवारी साधन अनुमति, सुकुम्बासी व्यवस्थापन, भूमि व्यवस्थापन, यातायात सेवा, घरेलु तथा साना उधोग सम्बन्धी अधिकारहरूको उपयोग हुन बाँकी देखियो ।

## ऐन, नियम विधि र प्रणालीको स्थापनाको अवस्था विश्लेषण

यस गाउँपालिकामा स्थापना कालदेखि हालसम्म केहि ऐन र कार्यविधि बनिसकेका छन् । अझै केहि ऐन, नियम कार्यविधि बनाउनु पर्ने देखिन्छ । घर बहाल कर व्यवस्थापन कार्यविधि, स्थानीय शिक्षा नियमावली, स्थानीय सरकार सहकारी ऐन नभएको, स्थानीय सरकारबाट गरिने बजार अनुगमन निर्देशिका, नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाई सम्बन्धी कार्यविधि, स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, गाउँपालिका कार्यविभाजन नियमावली नभएको, स्थानीय सरकारको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन कार्यविधि नभएको, उर्जा विकास सम्बन्धी निर्देशिका नभएको, गाउँ विपत् जोखिम न्यूनीकरण तथ व्यवस्थापन ऐन, उत्थानशील स्थानीय समुदायका लागि रणनीति ,कृषि व्यवसाय प्रवर्द्धन ऐन, उर्जा विकास सम्बन्धी निर्देशिका, उत्थानशील स्थानीय समुदायका लागि रणनीति, स्थानीय विपत् व्यवस्थापन कोष सञ्चालन कार्यविधि नभएको गाउँपालिका आपतकालिन कार्य सञ्चालन विधि नभएको, गाउँपालिका आपतकालिन कार्य सञ्चालन विधि नभएको, जलाधार वन्यजन्तु खानी तथा खनिज पदार्थको संरक्षण नभएको, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास नभएको पाइयो।

साझा अधिकारबाट प्राप्त अधिकार अन्तर्गत गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि भएको, सामाजिक सुरक्षा र गरिबी निवारणसँग सम्बन्धित बालकल्याण गृह कार्यविधि, बालबिबाह विरुद्ध कार्यक्रम सञ्चलान खर्च कार्यविधि, सडक बालबालिका व्यवस्थापन खर्च कार्यविधि, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीसम्बन्धी कार्यविधि, सवारी साधन अनुमति, संघ संस्था दर्ता तथा नवीकरण नभएको पाइयो । गाउँपालिकाको आर्थिक गतिविधि नियमित तथा

व्यवस्थित गर्न बनेको कानून नभएको, स्थानीय सार्वजनिक खरिद नियमावली नभएको पाइन्छ। यी मध्ये केहि आवश्यक ऐन, नियम र कार्यविधि निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**नयाँ अवधारणा नीति तथा सूचना प्रविधिको उपयोगको अवस्था विश्लेषण**

स्थानीय स्तरमा राजश्व बृद्धि गर्न आवश्यक राजश्व सुधार योजना तथा प्रक्षेपण गर्नु पर्नेमा राजस्व सुधार कार्ययोजना निर्माण भएको, आवधिक र रणनितिक योजनाहरू पर्याप्त नबनेको र बनेका योजनाहरू प्रभावकारी कार्यान्वयनमा चुनौती रहेको पाइयो भने विकास र समृद्धिका मुख्य सम्वाहकहरू जस्तै कृषि, वन, पर्यटन जस्ता विषयगत क्षेत्रलाई समेटेर छुट्टै गुरुयोजनाहरू बनाइएको छैन । शिक्षाको योजना बनेको छ । मध्यमकालीन खर्च संरचना नबनेको, वार्षिक बजेट तर्जुमा प्रणाली नभएको, सार्वजनिक खरीद प्रकृयाका कठिनाई र अपर्याप्त बजेटका कारण कार्यान्वयन पक्ष कमजोर पाइयो । अनुगमन प्रणालीको अभ्यास सुरु भए तापनि नतिजामुखी अनुगमन प्रणालीको पद्धति स्थापित हुन नसकेको अवस्था छ ।

लैङ्गिक तथा सामाजिक समावेशीकरणका लागि कानूनी र नीतिगत आधारहरू तयार भइ नसकेको पाइयो । जलवायू परिवर्तन तथा कार्बन उत्सर्जन, न्यूनीकरण कार्यक्रम नभएको पाइयो। जलवायु परिवर्तनको असरले आइपर्ने ठुला विपत् र महामारी पश्चातको उत्थानशीलता विकास गर्ने प्रकारका ठोस कार्यक्रमहरूको निर्माण नभएकोले ठुलो धनजनको क्षती हुन सक्ने देखिन्छ । निर्माण मापदण्ड तथा भवन संहिता नभएको, वैज्ञानिक फोहरमैला व्यवस्थापनको अभावका साथै जलवायू परिवर्तन तथा कार्वन उत्सर्जन न्यूनीकरण सम्बन्धी अनुकूलन कार्यक्रमहरू संचालन हुन नसकेको देखिन्छ । भवन निर्माण संहिता तथा मापदण्ड तयार गरेर दिगो र व्यवस्थित बस्ती विकासको अभियानलाई साकार पार्न तर्फ लाग्नु पर्ने देखिन्छ । प्रविधि मैत्री प्रशासनको विकास भइ नसकेकोले ठोस प्रकारका उत्तरदायित्व बहन गर्ने संयन्त्रको विकास भइ नसकेको पाइयो । विकास प्रकृयामा निजी क्षेत्रको ठोस भूमिका र संलग्नता गराउन नसकिएको र अपाङ्गमैत्री सार्वजनिक संरचनाहरूको निर्माणको अवस्था कमजोर छ ।

## ३.३ मानव संसाधनको क्षमता विकास आवश्यकताको लेखाजोखा

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन-२०७६ को अनुसूची ८ र ९ अनुसार स्थानीय सरकारको विद्यमान मानव संसाधनको क्षमता लेखाजोखा (शाखागत रूपमा) र स्थानीय सरकारको विद्यमान मानव संसाधनको क्षमता लेखाजोखा (विषय क्षेत्रगत रूपमा) पश्चात् क्षमता विकास आवश्यकताको लेखाजोखा गरिएको छ ।

**तालिका-११: विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा**

| पदीय जिम्मेवारी | कार्यविवरण अनुसार | कार्यसम्पादनमा | विद्यमान ज्ञान, सीप र दक्षता | ज्ञान, सीप र |
|---|---|---|---|---|

| | गर्नुपर्ने मुख्य कार्यहरू | देखिएका कठिनाइहरू | (स्वमूल्याङ्कन) | | | दक्षता वृद्धिका लागि अपेक्षा गरिएको क्षमता विकास कार्यक्रम (विषयवस्तु) |
|---|---|---|---|---|---|---|
| | | | उच्च | मध्यम | न्यून | |
| प्रमुख प्रशासकीय अधिकृत | प्रशासकीय नेतृत्व, आर्थिक अधिकार | कानुन कार्यविधिहरू बनी नसेकेकाले कठिनाइ भएको | | ✓ | | कानुन निर्माण सम्बन्धी |
| शिक्षा शाखा प्रमुख | शैक्षिक योजना तथा व्यवस्थापन शिक्षक व्यवस्थापन परीक्षा तथा मूल्याङकन | | | ✓ | | क्षमता विकास तालिम हुनु पर्ने |
| स्वास्थ्य शाखा | स्वास्थ्य सेवा प्रवाह | | | ✓ | | |
| कृषि विकास शाखा | कृषि सेवा प्रवाह | | | ✓ | | |
| पूर्वाधार शाखा | भवन सडक निर्माण | | | ✓ | | |
| लेखा शाखा | आर्थिक प्रशासन सञ्चालन | | | ✓ | | |
| सूचना प्रविधि शाखा | | | | ✓ | | |

माथिको तालिका अनुसार विश्लेषण गर्दा दिग्दर्शनको अनुसूची ८ अन्तर्गत सबै शाखाका कर्मचारीले स्वःमूल्याङ्कन गरी आफ्नो तोकिएको जिम्मेवारी पूरा गर्न ज्ञान, सिप र क्षमतामा सबै कर्मचारीले मध्यम अवस्था भएको स्वीकार्दै थप क्षमता विकासको अपेक्षा राखेको अवस्था छ ।

## तालिका-१२  मानव संशाधनको क्षमता लेखाजोखा फाराम (विषय क्षेत्रगत रूपमा)

| मानव संशाधन विकास क्रियाकलापहरू | प्रशिक्षण/ अभिमुखीकरण/ अन्तरक्रिया /अन्य | कार्यक्रम किन आवश्यक परेको हो ? | कार्यक्रम कसका लागि ( कृपया ठीक चिन्ह लगाउनु होला, एक भन्दा बढी पनि हुन सक्छ) | | | | | अपेक्षित उपलब्धि | समय अवधि | कार्यक्रम सञ्चालन गर्ने उपयुक्त महिना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कार्यपालिकाका पदाधिकारी | वडा समितिका अध्यक्ष तथा सदस्यहरू | कर्मचारीहरू (कुन तहका कर्मचारी हुन) | वडा कार्यालयका कर्मचारीहरू | अन्य ( खुलाउने) | | | |
| स्थानीय शासनसम्बन्धी नीति, कानून र सार्वजनिक प्रशासन | प्रशिक्षण | सेवा प्रवाह प्रभावकारी बनाउने | √ | √ | अधिकृत र सहायक | √ | | सेवा प्रवाहमा सुधार हुने | २ दिन | भदौ असोज |
| स्थानीय न्यायिक तथा मध्यस्थता | तालिम | न्याय सम्पादन प्रभावकारी बनाउने | √ | √ | न्यायिक समिति | | मेलमिलापकर्ता | न्याय सम्पादन तथा मेलमिलाप | २ दिन | मंसिर |
| नतिजामा आधारित योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन प्रणाली | प्रशिक्षण तालिम | योजना तर्जुमा र अनुगमन मूल्याङ्कन नतिजमूलक हुने | √ | √ | पदाधकारी र गाउँपालिकाका सबै कर्मचारी | √ | वडाध्यक्ष सबै | योजना तर्जुम र अनुगमन मूलङयाकन नतिजामूलक हुने | ३ दिन | मंसिर पुष |
| भू–उपयोग नीति तर्जुमा तथा कार्यान्वयन | तालिम | भूउपयोग प्रभावकारी बनाउन | √ | √ | अधिकृतहरू | √ | √ | जग्गा जमिनको उपयोग सही तरिकाले हुने | २ | बैशाख जेष्ठ |
| शहरी भवन संहिता | अभिमुखीकरण | स्थानीय भवन निर्माण सम्बन्धी मापदण्ड जानकारी | √ | √ | अधिकृतहरू | | | भवन निर्माणमा सहज हुने | २ दिन | कात्तिक मंसिर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण | अभिमुखीकरण | लक्ष्यहरूको स्थानीयकरण हुने | √ | √ | पदाधिकारी र कर्मचारीहरू सबै | √ | | लक्ष्यहरूको स्थानीयकरण हुने | २ दिन | मंसिर |
| कार्यालय व्यवस्थापन तथा अभिलेख व्यवस्थापन प्रणाली | तालिम | अभिलेख व्यवस्थापन व्यवस्थित गर्न | | | शाखाका सबै कर्मचारी | √ | | अभिलेख व्यवस्थित हुनेछ | ३ दिन | कात्तिक मंसिर |
| सार्वजनिक र सामाजिक उत्तरदायित्व (जवाफदेहिताका अवधारणा, औजारहरू र उपयोग सीप) | अभिमुखीकरण | सेवा प्रवाह पारदर्शी र जवाफदेहि हुने | √ | √ | शाखाका कर्मचारीहरू | √ | | सेवा प्रवाह पारदर्शी र जवाफदेही बनाउने | ३ दिन | मंसिर |
| लैंगिक समानता र सामाजिक समावेशीकरण | प्रशिक्षण | लैगिक समानता तथा सामाजिक समावेशीकरण बारे जानकारी हुने | √ | √ | नेतृत्व र कर्मचारीहर सबै | √ | | लैंगिक समानता र सामाजिक समावेशीकरणमा स्पष्टता आउने | ३ दिन | भदौ |
| फोहोर मैला तथा वातावरण व्यवस्थापन | तालिम | फहोरमैला व्यवस्थापन हुने | √ | √ | शाखाका कर्मचारी | | | फोहोरमैला व्यवस्थापन हुने | १ दिन | भदौ |
| सूचना तथा ज्ञान व्यवस्थापन | तालिम | सूचना तथा संचार प्रविधिको महत्त्व र प्रयोग बताउन | √ | √ | सूचना प्रविधि शाखाका कर्मचारी | √ | | कार्यालयमा सूचना प्रविधिको प्रयोग बढ्ने | ३ दिन | भदौ असोज |
| नेतृत्व सीप, 'Team Building, , द्वन्द्व व्यवस्थापन | तालिम | नेतृत्व क्षमता विकास गर्न द्वन्द व्यवस्थापन गर्न | √ | √ | शाखा प्रमुखहरू | √ | | नेतृत्व क्षमता विकास गर्न द्वन्द्व व्यवस्थापन गर्न | ३दिन | भदो असोज |
| स्थानीय परिप्रेक्ष्यसँग सम्बन्धित विषयहरू जस्तैः पूर्ण खोप, सरसफाइ, साक्षर, | अभिमुखीकरण | सामाजिक विभेद कम गर्न र | √ | √ | विभिन्न सरोकारवाल संघसंस्था | √ | | सामाजिक विभेद कम हुने सेवा प्रवाह प्रवाभकारी हुने | ३ दिन | मंसिर पुस |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बालविवाह, घटना दर्ता, र नियन्त्रणमुखी कार्य जस्तैः छुवाछुत, भेदभाव, दाइजो, छाउपडी, बोक्सी आदि | | | | | | | | | | |
| सकारात्मक सोच | प्रशिक्षण | स्थानीय सरकारका पदाधिकारी र कर्मचारिमा सकारात्मक सोच विकास गर्न | √ | √ | सबै कर्मचारीहरू | √ | | सेवा प्रवाह विकास र सुशासन प्रभावकारी हुने | ३ दिन | माघ |
| लेखा व्यवस्थापन, आन्तरिक लेखापरीक्षण, बेरूजु फर्छौट | तालिम | लेखा व्यवस्थापन हुनुका साथै बेरुजु कम हुने | | | लेखा शाखा र अन्य शाखा प्रमुख हरू | √ | | लेखा व्यवस्थापन भइ बेरुजु कम हुने | २ दिन | मंसिर पुस |
| सार्वजनिक खरीद व्यवस्थापन | तालिम | सार्वजनिक खरिद व्यवस्थित गर्न | | | प्र. प्र. अ. र लेखा प्रशासन र जिन्सी शाखाका कर्मचारी सबै | √ | | खरिद व्यवस्थित हुने | २ दिन | फागुन |
| सार्वजनिक शिक्षा सुधार कार्यक्रम | अन्तरक्रिया | सार्वजनिक शिक्षामा सुधार गर्न | √ | √ | प्र अ हरू सबै शिक्षा शाखा र गाउँ शिक्षा समिति | √ | | सार्वजनिक शिक्षा सुधार हुने | २ दिन | वैशाख जेष्ठ |
| सार्वजनिक समारोह व्यवस्थापनः (अतिथि व्यवस्थापन, उद्घोषण, ..) | अभिमुखीकरण | सार्वनिक समारोह व्यवस्थित सञ्चालन गर्न | √ | √ | शाखा प्रमुखहरू | | | सम्बन्धित विषयमा क्षमता विकास हुने | २ दिन | फागुन |
| अनुगमन, मूल्यांकन, | अभिमुखीकरण | नतिजामूलक अनुगमन | √ | √ | शाखा | √ | | अनुगमन | २ | माघ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिवेदन | | मूल्याङ्कन प्रतिवेदन गर्न | | | प्रमुखहरू सबै | | | मूल्यांकन प्रतिवेदन प्रणाली प्रभावकारी हुने | दिन | |
| जनसम्पर्क तथा संवाद शैली (Community Relations & Negotiation Skills)) सूचना प्रविधि (Computer Skills, Email, internet navigation, website) | तालिम | जनसम्पर्क सम्बाद समन्वय शैली विकास गर्न | √ | √ | शाखा प्रमुख सबै | √ | | जनसम्पर्क सम्बाद समन्वय प्रभावकारी हुने | ३ दिन | फागुन |
| जलवायु परिवर्तन व्यवस्थापन | अभिमुखीकरण | जलवायु परिवर्तनका कारण र असर जानकारी दिन | √ | √ | शाखा प्रमुखहरू | √ | | जलवायु परिवर्तन व्यवस्थापन मा सहयोग पुग्ने | २ दिन | पुस माघ |
| राजस्वका क्षेत्र अधिकार राजस्व संकलन सम्बन्धि तालिम | तालिम | राजस्व क्षमता वृद्धि गर्न | √ | √ | शाखा प्रमुखहरू | √ | राजस्व परामर्श समिति | रास्व वृद्धि हुने | २ दिन | भदौ असोज |
| नीति बजेट ऐन नियम निर्माण सम्बन्धि तालिम | तालिम | नीति ऐन नियम बजेट निर्माण प्रभावकारी बनाउन | √ | √ | शाखा प्रुमखहरू | √ | | नीति ऐन नियम बजेट निर्माण प्रभावाकरी हुने | ३ दिन | मंसिर पुस |
| अन्य | | | | | | | | | | |

दिग्दर्शनको अनुसूची-९ अन्तर्गत विषयगत क्षेत्रका रूपमा स्थानीय सरकारको विद्यमान मानव संसाधनको क्षमता लेखाजोखा गर्दा विभिन्न नेतृत्व तह, वडा तथा कर्मचारी र गाउँपालिकाका विभिन्न कर्मचारीलाई विभिन्न तालिम तथा प्रशिक्षणहरूको माग गरिएको छ ।

## ३.४ सेवा बजारहरूको क्षमता विकास लेखाजोखा

गाउँपालिकाले जनसमक्ष घरघरै र निरन्तर पुऱ्याउनु पर्ने सेवाहरू पनि हुन्छन् जस्तै कृषि सेवा, पशु सेवा, खानेपानीको मर्मत सेवा, बाली तथा पशु बिमा सेवा, पकेट क्षेत्र विकास सेवा, ज्येष्ठ नागरिकलाई सेवा, सडक मर्मत सेवा, विपत् राहत सेवा, पर्यटकीय सेवा, वातावरणीय सेवा, वृद्धाश्रम सेवा, मानव स्वास्थ्य सेवा आदि । यी सबै प्रकारका सेवाहरू गाउँपालिका तथा वडामा रहेको सिमित जनशक्तिबाट मात्र सम्भव हुँदैन । बस्ती स्तरकै युवा या समुदायको क्षमता विकास गरी सेवा बजारहरूको स्थापना गर्दा गाउँपालिकाबाट प्रवाह हुने कतिपय सेवाहरू स्थानीय स्तरबाटै प्रवाह हुन सक्दछन् । स्थानीय सिपले स्थानीय रूपमै बजार पाउने हुँदा समुदायको सेवा समुदायबाटै पुऱ्याउनु पनि क्षमता विकासको परिधि भित्र पर्न जान्छ । यसमा विकास साझेदार, निजी क्षेत्र, उपभोक्ता समूहहरू, आमा समूह, महिला समुह, सामुदायिक वन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरू, सहकारी संस्थाहरू, विभिन्न क्लबहरू, स्वास्थ्य स्वयं सेविका, युवा क्लवहरू, वृद्धवृद्धा क्लवहरू आदिलाई समेत विभिन्न स्वयंसेवी अभियानमा सहभागी गराउन सकिन्छ ।

यसैलाई ध्यानमा राखी गाउँपालिकाका जिम्मेवार पदाधिकारीहरूको समन्वयमा निम्न अनुसारको सेवा बजार विकासको योजना बनाइएको छ ।

**तालिका १३. सेवा बजारको विवरण**

| क्र.सं. | विकास गरिने सेवा | आवश्यक सङ्ख्या | यसबाट पर्ने प्रभाव |
|---|---|---|---|
| १. | कृषि तथा पशु सेवा प्राविधिक परिचालन | सबै वडामा आवश्यकता अनुसार | स्थानीय स्तरमा रोजगार पाउने र कृषकले स्थानीय स्तरबाट न्यूनतम कृषि सेवा सुविधा पाउने । |
| २. | उद्यम विकासमार्फत बेरोजगारका लागि रोजगार सिर्जना गर्ने | सबै वडा | स्थानीय स्तरमा रोजगार पाउने |
| ३. | सूचना प्रविधि मैत्री सेवा | सबै कार्यालय तथा सबै वडा | सूचना मैत्री कर प्रणाली |
| ४. | स्वास्थ्य सेवा | सबै वडामा | विभिन्न समयमा स्वास्थ्यसम्बन्धी शिविर सञ्चालन गर्ने |
| ५. | ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ता घुम्ती सेवामार्फत घर घर पऱ्याउने | सबै वडा | वडा स्तरका कर्मचारीको क्षमता विकास गरी सेवा प्रवाह |

# परिच्छेद-४

# गाउँपालिकाको क्षमता विकास योजना

गाउँपालिकाको क्षमता विकास योजना निर्माण गर्ने सम्बन्धमा माथि गरिएको लेखाजोखाको आधारमा संस्थागत क्षमता विकास र मानव संसाधन क्षमता विकाससम्बन्धी गर्नु पर्ने आवश्यक कार्यको पहिचान गरिएको छ । नीति योजना बजेट ऐन नियम गुरु योजना योजना निर्माण गर्ने तालिम प्रशिक्षण अभिमुखीकरण भ्रमण लगायत कार्यक्रमहरू समेटेर तीन वर्षसम्म कुन कुन कार्यक्रम गर्ने कति लागत लाग्छ भन्ने विस्तृत विवरण यस परिच्छेदमा उल्लेख गरिएको छ ।

## ४.१ संस्थागत क्षमता विकास योजना

### परिचय

स्थानीय सरकारको संस्थागत क्षमता विकास भित्र भौतिक, आर्थिक तथा मानव संसाधन, संस्थागत चेतना, दक्षता र सम्बन्धको अवस्था पर्दछ । यसमा संस्थाको प्रत्यक्ष पहुँचभित्र रहेको दक्षता, ज्ञान, सिप, बुझाइ, नेतृत्वशैली, कार्यशैली, धारणा, मूल्य, सम्बन्ध, व्यवहार, स्रोत र साधनलाई समग्रतामा समेटिएको हुन्छ । संस्थागत क्षमता विकासले तोकिएको भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि व्यक्ति, संगठन तथा समाजमा रहेको ज्ञान, सिप र धारणा, क्षमता तथा स्रोतको उपयोगितामा वृद्धि गर्ने, बुझाइ तथा सम्बन्धलाई सुदृढ बनाउँछ । यसले क्षमतामा दिगोपनाका लागि मूल्य मान्यता, नीति, सैद्धान्तिक अवधारणा र उत्प्रेरणाका मुद्दाहरूलाई समेत सम्वोधन गर्दछ । यसबाट व्यक्तिको ज्ञान, सिप, धारणा र कार्यशैलीमा सकारात्मक प्रभाव ल्याउनुका साथै समग्र संस्था र प्रणालीको कार्य दक्षता र प्रभावकारिता वृद्धि हुन जान्छ ।

त्यसैले संस्थागत क्षमता विकासको उद्देश्य हासिल गर्नका लागि संगठन संरचना, नीति तथा कार्य प्रक्रिया, स्रोत तथा व्यवस्थापनका मुद्दाहरूलाई सम्वोधन गर्न सोको विश्लेषणलाई बढि ध्यान दिइएको छ । यसबाट व्यक्ति, संगठन र समाजमा आइपर्ने समस्याहरू समाधान गर्न, सम्भावनाहरूको उपयोग गर्न तथा समयसापेक्ष विकासका निर्धारित उद्देश्यहरू प्राप्त गर्न आवश्यक ज्ञान, सिप प्राप्त गर्न मद्दत मिल्ने अपेक्षा गरिएको छ । संस्थागत क्षमता विकास अन्तरगत पुराना तथा अनुपयुक्त कार्यशैली हटाउने वा रूपान्तरण गर्न विद्यमान क्षमतालाई अधिकतम प्रयोग गर्न, विद्यमान क्षमताको विकास तथा सुदृढीकरण गर्न र नयाँ क्षमता स्थापना गर्ने विषयमा विश्लेषण गरी योजनाको तयारी गरिएको छ । यसभित्र भौतिक स्रोत साधन, ऐन, नियम, विधि र प्रणाली, मानव

संसाधन व्यवस्था गरी चार भागमा छुट्याएर क्षमता विकास योजना तय गरिएको छ ।

## ४.२ स्थानीय सरकारको संस्थागत क्षमता विकास योजना

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन-२०७६ अनुसार गाउँपालिकाका कर्मचारी तथा प्रतिनिधि, वडा सचिवहरू लगायत र सरोकारवालाहरूलाई एक दिने अनुशिक्षण पश्चात् दिग्दर्शनको अनुसूची २ देखी ५ सम्मका फारामहरू प्रयोग गरी लेखाजोखा गरी तालिका ९ अनुसारको योजना तयार गरिएको छ ।

## तालिका-१४: स्थानीय सरकारको संस्थागत क्षमता विकास योजना

| क्षमता विकासका क्रियाकलापहरू | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट रू. (हजारमा) | | | जम्मा बजेट रू. (हजारमा) | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | आन्तरिक | बाह्य |
| **१. भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित** | | | | | | | | | | | | |
| वडामा राजश्व सफ्टवेयर निर्माण | वटा | ९ | सूचना तथा प्रविधि शाखा तथा राजश्व शाखा | ३ | २ | २ | ९०० | ६०० | ६०० | २१०० | १२०० | ९०० |
| कृषि प्रयोगशाला निर्माण | वटा | १ | कृषि शाखा | १ | | | १००० | | | १००० | १००० | |
| विपत् प्रतिकार्यका लागि आवश्य सामग्री खरिद | | | जिन्सी शाखा, विपद व्यवस्थापन शाखा | | | | १००० | १००० | १००० | ३००० | १५०० | १५०० |
| स्वास्थ्य सम्बन्धी विविध सामग्री खरिद | | | स्वास्थ्य शाखा | | | | १००० | १००० | १००० | ३००० | १५०० | १५०० |
| कोसेली घरको व्यवस्थाका लागि सहयोग कार्यक्रम | वटा | ३ | घरेलु तथा साना उधोग शाखा | १ | १ | १ | १०० | १०० | १०० | ३०० | ३०० | |
| सरकारी भवनलाई अपाङ्गता मैत्री बनाउने | वटा | २ | पूर्वाधार विकास, शिक्षा, | | १ | १ | | ५०० | ५०० | १००० | | १००० |

| क्षमता विकासका क्रियाकलापहरू | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट रू. (हजारमा) | | | जम्मा बजेट रू. (हजारमा) | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८१/८२ | २०८२/८३ | २०८३/ ८४ | | आन्तरिक | बाह्य |
| खेलकुद तथा मनोरञ्जनको लागि उद्यान सहितको पुस्तकालय स्थापना | वटा | १ | पूर्वाधार विकास शाखा | | १ | | | १००० | | १००० | १००० | |
| **जम्मा भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित रू.** | | | | | | | ४००० | ४२०० | ३२०० | ११४०० | ६५०० | ४९०० |
| **२. नीति, योजना, ऐन, नियम, कार्यविधि प्रक्रियासँग सम्बन्धित** | | | | | | | | | | | | |
| आवधिक योजना निर्माण | वटा | १ | योजना शाखा | १ | | | १५०० | | | १५०० | १५०० | |
| पर्यटन गुरु योजना निर्माण | वटा | १ | प्रशासन शाखा | १ | | | ८०० | | | ८०० | ४०० | ४०० |
| संगठन तथा व्यवस्थापन सर्वेक्षण O and M पुनरावलोकन गर्ने | पटक | १ | प्रशासन शाखा | १ | | | ५०० | | | ५०० | | ५०० |
| क्षमता विकास योजनाको अभिमुखीकरण | पटक | १ | प्रशासन शाखा | १ | | | ३०० | | | ३०० | ३०० | |
| क्षमता विकास योजनाको समिक्षा अनुगमन मूल्याङ्कन | पटक | १ | प्रशासन शाखा | | | १ | | | ४०० | ४०० | ४०० | |
| जैविक विविधता संरक्षणका लागि आवश्यक नीति बनाउने | वटा | १ | प्रशासन शाखा, विधायन समिति | | १ | | | ३०० | | ३०० | | ३०० |

| क्षमता विकासका क्रियाकलापहरू | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट रू. (हजारमा) | | | जम्मा बजेट रू. (हजारमा) | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८१/८२ | २०८२/८३ | २०८३/ ८४ | | आन्तरिक | बाह्य |
| विपत् व्यवस्थापन सम्बन्धी नीति निर्माण | वटा | १ | विपत् व्यवस्थापन शाखा, विधायन समिति | १ | | | ३०० | | | ३०० | ३०० | |
| शिक्षा गुरु योजना निर्माण | वटा | १ | शिक्षा शाखा | १ | | | १००० | | | १००० | ५०० | ५०० |
| आकस्मिक कोष परिचालन नीति निर्माण | वटा | १ | वन, वातावरण तथा विपत् व्यवस्थापन शाखा | १ | | | २०० | | | २०० | २०० | |
| मर्मत सम्भार कोष व्यवस्थापन निर्देशिका | वटा | १ | जिन्सी शाखा, | १ | | | १०० | | | १०० | १०० | |
| आन्तरिक नियन्त्रण प्रणाली निर्माण | वटा | १ | लेखा शाखा | १ | | | १०० | | | १०० | १०० | |
| कृषि व्यवसाय प्रवर्धन ऐन निर्माण (उच्च मूल्य र अर्गनिक उत्पादन) | वटा | १ | कृषि शाखा, | | १ | | | २०० | | २०० | २०० | |
| वास योजना निर्माण | वटा | १ | स्वास्थ्य शाखा | | | १ | | | ४०० | ४०० | ४०० | |
| कार्यस्थलमा हुने दुर्व्यवहारसम्बन्धी ऐनको स्थानीयकरण अभिमुखीकरण | वटा | १ | महिला बालबालिका शाखा | १ | | | १०० | | | १०० | १०० | |

| क्षमता विकासका क्रियाकलापहरू | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट रू. (हजारमा) | | | जम्मा बजेट रू. (हजारमा) | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | आन्तरिक | बाह्य |
| भूउपयोग गुरु योजना निर्माण | वटा | १ | योजना शाखा | | | १ | | | १२०० | १२०० | ६०० | ६०० |
| आन्तरिक लेखा परिक्षण निर्देशिका निर्माण | वटा | १ | आलेप शाखा | १ | | | ५० | | | ५० | ५० | |
| दिगो विकासको लक्ष्य स्थानीयकरण अभिमुखीकरण | वटा | १ | प्रशासन शाखा | | १ | | | १५० | | १५० | | १५० |
| स्थानीय खेलकुद नीति, ऐन, नियम तर्जुमा | संख्या | ३ | शिक्षा युवा तथा खेलकुश शाखा | १ | २ | | १०० | २०० | | ३०० | ३०० | |
| स्थानीय विपत् व्यवस्थापन कोष सञ्चालन कार्यविधि निर्माण | संख्या | १ | विपद व्यवस्थापन शाखा | १ | | | १०० | | | १०० | १०० | |
| बालविबाहविरुद्ध कार्यक्रम सञ्चालन कार्यविधि | संख्या | १ | महिला विकास शाखा | | | १ | | | १५० | १५० | | १५० |
| स्थानीय शिक्षा नियमावली निर्माण | संख्या | १ | शिक्षा शाखा | | १ | | | ३०० | | ३०० | ३०० | |
| स्थानीय सरकारको कर तथा गैरकर सम्बन्धी कानुन निर्माण | वटा | १ | राजस्व शाखा | | १ | | | २०० | | २०० | २०० | |
| कृषि, पशु सेवा ऐन निर्माण | वटा | १ | प्रशासन शाखा | | | १ | | | २०० | २०० | | २०० |

| क्षमता विकासका क्रियाकलापहरू | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट रू. (हजारमा) | | | जम्मा बजेट रू. (हजारमा) | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | आन्तरिक | बाह्य |
| स्थानीय भाषा, संस्कृति, कला, ललितकला, बाजाको संरक्षण नीति बनाउने | वटा | १ | आर्थिक, सूचना तथा प्रविधि शाखा | | १ | | | ३०० | | ३०० | ३०० | |
| स्थानीय पाठ्यक्रम (१ देखि ८) | वटा | १ | शिक्षा शाखा | | १ | | | ७०० | | ७०० | ७०० | |
| गाउँपालिकाको पार्श्वचित्र निर्माण | संख्या | १ | योजना शाखा | १ | | | ८०० | | | ८०० | ४०० | ४०० |
| **जम्मा नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित रू.** | | | | | | | **५९५०** | **२३५०** | **२३५०** | **१०६५०** | **७४५०** | **३२००** |
| **३. मानव संसाधन प्राप्तिसँग सम्बन्धित** | | | | | | | | | | | | |
| खानेपानी व्यवस्थापनका लागि प्लम्बर तथा अन्य जनशक्ति उत्पादन तालिम | संख्या | ३ | प्रशासन/प्राविधिक | १ | १ | १ | ५०० | ५०० | ५०० | १५०० | १५०० | |
| सार्वजनिक शिक्षा सुधार शैक्षिक गोष्ठी | संख्या | १ | शिक्षा | | १ | | | ५०० | | ५०० | ५०० | |
| लघु उद्यमशिलता तालिम (स्थानीय उत्पादन उत्पादन, प्याकेजिङ, ब्रान्डिङ) | जना | ३ | कृषि शाखा | १ | १ | १ | १५० | १५० | १५० | ४५० | १५० | ३०० |
| **जम्मा मानव संसाधन प्राप्तिसँग सम्बन्धित रू.** | | | | | | | **६५०** | **११५०** | **६५०** | **२४५०** | **२१५०** | **३००** |

| क्षमता विकासका क्रियाकलापहरू | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट रू. (हजारमा) | | | जम्मा बजेट रू. (हजारमा) | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | आन्तरिक | बाह्य |
| **४. तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित** | | | | | | | | | | | | |
| भवन तथा सडकलगायत अन्य भौतिक संरचनाहरूको लागि डिजाइन तथा सर्वे गर्ने सफ्टवेयर र उपकरण सम्बन्धी प्राविधिक जनशक्तिलाई तालिम | वटा | २ | योजना तथा अनुगमन र प्रशासन शाखा | १ | | १ | १०० | | १०० | २०० | २०० | |
| सार्वजनिक खरिद व्यवस्थापन तालिम | वटा | ३ | प्रशासन तथा लेखा शाखा | १ | १ | १ | १०० | १०० | १०० | ३०० | ३०० | |
| ऐन, नियम, कार्यविधि तयारी सम्बन्धी कार्यशाला | वटा | १ | कानुनी इकाई र प्रशासन शाखा | | १ | | | २०० | | २०० | २०० | |
| कार्य सम्पादन, मुल्याङ्कन तथा प्रतिवेदन तयार र मापदण्ड निर्धारण सम्बन्धी कार्यशाला | वटा | १ | योजना तथा अनुगमन र प्रशासन शाखा | | १ | | | १५० | | १५० | १५० | |
| गुनासो व्यवस्थापन बारे वडा समिति, वडा सचिव र न्यायिक समितिलाई प्रशिक्षण | वटा | २ | गाउँपालिका र कार्यपालिका | १ | १ | | १०० | १०० | | २०० | २०० | |
| संघ र प्रदेशसँग समन्वय र सहकार्यका लागि अन्तरक्रिया÷छलफल | वटा | ३ | प्रशासन | १ | १ | १ | १५० | १५० | १५० | ४५० | ४५० | |

| क्षमता विकासका क्रियाकलापहरू | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट रू. (हजारमा) | | | जम्मा बजेट रू. (हजारमा) | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८१/८२ | २०८२/८३ | २०८३/ ८४ | | आन्तरिक | बाह्य |
| लैङ्गिक समानता, समावेशी पहुँच सम्बन्धी अभिमुखीकरण कार्यक्रम | वटा | ३ | सामाजिक विकास शाखा | १ | १ | १ | १५० | १५० | १५० | ४५० | १५० | ३०० |
| खरिद योजना निर्माण सम्बन्धी तालिम | पटक | १ | आर्थिक प्रशासन र जिन्सी व्यवस्थापन | १ | | | १०० | | | १०० | १०० | |
| राजस्व संकलन र परिचालन सम्बन्धी अन्तरक्रिया | संख्या | ३ | राजस्व शाखा | १ | १ | १ | १५० | १५० | १५० | ४५०<br>० | ४५०<br>० | |
| सकारात्मक सोच एवम् तनाव व्यवस्थापन सम्बन्धी तालिम | संख्या | ३ | प्रशासन | १ | १ | १ | २०० | २०० | २०० | ६०० | ६०० | |
| लैंगिक हिंशा विरुद्ध महिला सशक्तीकरण तालिम | संख्या | ३ | महिला बालबालिका | १ | १ | १ | २०० | २०० | २०० | ६०० | ६०० | |
| सामुदायिक मेलमिलापकर्तालाई तालिम | संख्या | १ | न्यायिक समिति | | १ | १ | | १५० | १५० | ३०० | ३०० | |
| जलवायु परिवर्तन तथा विपत् व्यवस्थापन सम्बन्धी तालिम | पटक | ३ | विपत् व्यवस्थापन शाखा | १ | १ | १ | २०० | २०० | २०० | ६०० | ३०० | ३०० |
| बेरुजु फछौंट सम्बन्धी तालिम | संख्या | १ | आलेप शाखा | १ | १ | १ | १०० | १०० | १०० | ३०० | ३०० | |
| **तालिम गोष्ठी कार्यशाला सम्बन्धी जम्मा रु.** | | | | | | | **१५५०** | **१८५०** | **१५००** | **८९५०** | **८३५०** | **६००** |

| क्षमता विकासका क्रियाकलापहरू | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट रू. (हजारमा) | | | जम्मा बजेट रू. (हजारमा) | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | आन्तरिक | बाह्य |
| कुल जम्मा रू. | | | | | | | ३३४५० | | | | | |

## ४.३ मानव संसाधन विकास योजना

**परिचय**

सामान्यतया मानव संसाधन विकास भनेको संस्थामा कार्यरत कर्मचारी, निर्वाचित जनप्रतिनिधिहरू तथा विविध कार्यमा सहयोग गर्ने सेवा बजारको व्यक्तिगत र संस्थागत ज्ञान, सिप र क्षमता विकासको अभिवृद्धि हो । मानव संसाधनको क्षमता विकास भनेको मानिसका लागि वर्तमानको कार्यक्षमता अभिवृद्धि र भविष्यको लगानी हो । गाउँपालिकामा कार्यरत कर्मचारीहरू र निर्वाचित पदाधिकारीहरूको क्षमता विकास गर्नु मुख्य उद्देश्य हो । यसलाई गाउँपालिकाको खर्चका रूपमा बुझ्नु हुँदैन । मानव संसाधन विकासका लागि ज्ञान र सिपमा गरिएको लगानीले संस्थालाई गतिशील बनाउँछ ।

मानव संसाधन विकासभित्र तालिम, अभिमुखीकण, अध्ययन अवलोकन गोष्ठी, अन्तरक्रिया, छलफल आदि मात्र सिमित हुँदैन । यसमा संगठनमा आवद्ध कर्मचारी तथा प्रतिनिधि, संस्थाको आन्तरिक तथा वाह्य व्यवस्थापन, संरचना, विधि र प्रस्तुती समेत निहित हुन्छ । त्यसैले यो क्षमता विकास योजना बनाउँदा जनशक्तिको विद्यमान क्षमताको मूल्याङ्कन तथा विश्लेषण गरी त्यस अनुरूप क्षमता विकास रणनीति तथा योजनाको तर्जुमा गरिएको छ । गाउँपालिकाका कर्मचारीसँगको समूहगत छलफल र व्यक्तिगत सोधपुछ र अध्ययनबाट उनीहरूको कार्य विवरण अनुसार गर्नुपर्ने कार्यका लागि आवश्यक पर्ने र विद्यमान ज्ञान, सिप र दक्षता बीचको अन्तर पहिचान गरिएको छ । यसबाट प्राप्त भएका सूचनाहरूको अध्ययन तथा विश्लेषण गरी मानव संसाधन विकासका लागि गर्नुपर्ने कार्यहरूको पहिचान गरी योजना बनाइएको हो ।

## ४.४ स्थानीय सरकारको मानव संसाधन विकास योजना

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन-२०७६ अनुसूची १० अनुसार गाउँपालिकाका कर्मचारी तथा प्रतिनिधि, वडा सचिवहरू र सरोकारवालाहरूलाई एक दिने अनुशिक्षण पश्चात् दिग्दर्शनको अनुसूची ८ र ९ का फारामहरू प्रयोग गरी लेखाजोखा गर्न कार्यशाला गोष्ठीको आयोजना गरी विभिन्न योजनामा छलफल गरिएको थियो । कार्यशालाबाट प्राप्त सुझावका आधारमा निर्वाचित पदाधिकारीहरू, समिति, उपसमिति र  कर्मचारीहरूका लागि आवश्यक पर्ने कार्यक्रम र तालिमको विश्लेषण गरी सोहिमार्फत् तालिका ८ अनुसारको योजना तयार गरिएको छ ।

## तालिका-१५: स्थानीय सरकारको मानव संसाधन विकास योजना

| मानव संसाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइहरू | सेवा प्रवाहका लागि आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | | बजेट रु. हजारमा | | | | जम्मा बजेट रु.हजारमा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा संख्या | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा बजेट | आन्तरिक | बाह्य |
| **१. निर्वाचित पदाधिकारीहरूका लागि** | | | | | | | | | | | | | |
| गाउँसभा तथा वडा सभा व्यवस्थापनसम्बन्धी अभिमुखीकरण | गाउँसभा तथा वडा सभा र बैठकहरू व्यवस्थित हुने | गाउँ तथा वडा सभा र बैठकहरू व्यवस्थित र नियमित हुने | प्रशासन शाखा | १ | | | १ | १०० | | | १०० | १०० | |
| जनप्रतिनिधिहरूलाई स्थानीय तहको आवधिक योजना र अन्य योजनाहरू तर्जुमासम्बन्धी अनुशिक्षण | योजना तर्जुमाको ज्ञान | योजना तर्जुमा गर्न सहज हुने | योजना शाखा | | १ | १ | २ | | १५० | १५० | ३०० | ३०० | |
| योजना कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन प्रणाली र प्रतिवेदन लेखन बारे जनप्रतिनिधिहरूलाई तालिम | योजना, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी क्षमता अभिवृद्धि हुने | योजना चक्र व्यवस्थापन तथा मूल्याङ्कन प्रणलीमा प्रभावकारीता आउने | प्रशासन शाखा, योजना शाखा | | १ | | १ | | २०० | | २०० | २०० | |

| मानव संसाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइहरू | सेवा प्रवाहका लागि आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | | बजेट रु. हजारमा | | | | जम्मा बजेट रु.हजारमा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा संख्या | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा बजेट | आन्तरिक | बाह्य |
| योजना निर्माण प्रक्रियाका बारेमा अभिमुखीकरण | योजना निर्माणमा सहज र आवश्यकतामा आधारित हुने | योजना आवश्यकताको आधारमा पहचािन गर्न सहयोग | योजना शाखा | १ | १ | १ | ३ | १०० | १०० | १०० | ३०० | ३०० | |
| न्याय सम्पादन तथा मध्यस्थता बारे न्यायिक समितिका पदाधिकारीलाई प्रशिक्षण | न्याय सम्पादनमा सहजता र मेलमिलापमा वृद्धि | स्थानीय झैंझगडा मिलाउन सहज हुने | प्रशासन शाखा, न्यायिक समिति | १ | | | १ | १०० | | | १०० | १०० | |
| सार्वजनिक र सामाजिक उत्तरदायित्व जवाफदेहिताका अवधारणा, औजारहरू र उपयोग सीप बारे कार्यपालिका तथा वडाका पदाधिकरीलाई तालिम | उत्तरदायित्व र जवाफदेहिता वृद्धि हुने | उत्तरदायित्व र जवाफदेहिता प्रभावकारी रूपमा हुने | प्रशासन शाखा | १ | १ | १ | ३ | २०० | २०० | २०० | ६०० | ३०० | ३०० |

| मानव संसाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइहरू | सेवा प्रवाहका लागि आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | | बजेट रु. हजारमा | | | | जम्मा बजेट रु.हजारमा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा संख्या | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा बजेट | आन्तरिक | बाह्य |
| इच्छुक गाउँपालिकाका निर्वाचित पदाधिकारीलाई प्राविधिक तालिम | सामान्य कम्प्युटर ज्ञान, भर्चुअल मिटिङ आदि, ड्राइभिङ बारे ज्ञान, सिप र दक्षता प्राप्त हुने । | क्षमता वृद्धि भइ कार्यसम्पादनमा सुधार आउने । | प्रशासन शाखा | १ | १ | १ | ३ | १०० | १०० | १०० | ३०० | ३०० | |
| भवन नक्सा पास सम्बन्धी मापदण्ड सम्बन्धी तालिम | भवन नक्सा र यसका मापदण्डका बारेमा प्राविधिक ज्ञान । | व्यवस्थित गाउँ विकासका लागि सघाउ पुग्ने | | १ | १ | | २ | १०० | १०० | | २०० | २०० | |
| नमुना गाउँपालिका र उपयोगी परियोजना एक्सपोजर भ्रमण | नमुना कार्यको अवलोकनबाट ज्ञान र उत्प्रेरणा बृद्धि हुने | गाउँपालिकाका नमुना परियोजना र कार्य गर्न सघाउ पुग्ने | प्रशासन शाखा | | १ | | १ | | १००० | | १००० | ५०० | ५०० |
| **जम्मा निर्वाचित प्रतिनिधिको रू.** | | | | | | | | ७०० | १८५० | ५५० | ३१०० | २३०० | ८०० |
| **२.समिति, उपसमितिहरूका लागि** | | | | | | | | | | | | | |

| मानव संसाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइहरू | सेवा प्रवाहका लागि आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | | बजेट रु. हजारमा | | | | जम्मा बजेट रु.हजारमा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा संख्या | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा बजेट | आन्तरिक | बाह्य |
| विभिन्न उपभोक्ता समितिहरूलाई विकासमा जनसहभागिता बारे प्रशिक्षण | जनसहभागिताको ज्ञान | जनसहभागिता जुट्ने | योजना शाखा | १ | १ | १ | ३ | १०० | १०० | १०० | ३०० | ३०० | |
| स्थानीय आवश्यकताको योजना पहिचान अनुशिक्षण | योजना प्राथमिकिरणको ज्ञान | योजना छनौटमा सहयोग | योजना शाखा | | १ | १ | २ | | १०० | १०० | २०० | २०० | |
| सूचनाको हक बारे स्थानीय ग्रामीण समितिहरूलाई अभिमुखीकरण | सूचनाको हक सम्बन्धी ऐन नियमको जानकारी हुने | सूचनाको हक सम्बन्धी ऐन नियम कार्यान्वयनमा सहज हुने | प्रशासन शाखा सूचना तथा प्रविधि शाखा | | १ | १ | २ | | १५० | १५० | ३०० | ३०० | |
| विषयगत आवधिक योजना कार्यान्वयन रणनीतिको बारेमा छलफल तथा अन्तरक्रिया कार्यक्रम | क्षेत्रगत स्थानीय विकास योजना बनाउन र समस्या समाधान गर्न | समस्या पहिचान र त्यसको उचित समाधान खोज्न सहज | प्रशासन शाखा/ योजना शाखा | | १ | १ | २ | | १५० | १५० | ३०० | ३०० | |

| मानव संसाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइहरू | सेवा प्रवाहका लागि आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | | बजेट रु. हजारमा | | | | जम्मा बजेट रु.हजारमा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा संख्या | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा बजेट | आन्तरिक | बाह्य |
| विषयगत समितिहरूलाई उनीहरूको काम, कर्तव्य र जिम्मेवारी बारे प्रशिक्षण | जिम्मेवारी प्रष्ट हुने | जिम्मेवारी निर्वाह हुने । | प्रशासन शाखा | १ | १ | | २ | १०० | १०० | | २०० | २०० | |
| नतिजामूलक अनुगमन र मूल्याङ्कनबारे समितिलाई विशेष तालिम | नतिजामूलक अनुगमन र मूल्याङ्कनसम्बन्धी विशेष ज्ञान हुने | नतिजामूलक अनुगमन र मूल्याङ्कन हुने | अनुगमन तथा मूल्याङ्कन शाखा | १ | १ | १ | ३ | १०० | १०० | १०० | ३०० | ३०० | |
| समितिलाई क्षमता विकासका लागि एक्पोजर भ्रमण | भ्रमणबाट ज्ञान हासिल हने | भ्रमणबाट ज्ञान हासिल गरी स्थानीय तहमा लागु गर्न सकिने | प्रशासन शाखा | | १ | | १ | | ५०० | | ५०० | ५०० | |
| **समिति उपसमितिहरूका लागि जम्मा रु.** | | | | | | | | **३००** | **१२०<br>०** | **६००** | **२१००** | **२१००** | **३००** |
| **३. कर्मचारीहरूका लागि** | | | | | | | | | | | | | |
| क्षेत्रगत आवधिक योजना कार्यान्वयन रणनीतिको बारेमा छलफल तथा अन्तरक्रिया कार्यक्रम | क्षेत्रगत स्थानीय विकास योजना बनाउन र समस्या समाधान गर्न | समस्या पहिचान र त्यसको उचित समाधान खोज्न सहज | प्रशासन शाखा | | १ | १ | २ | | २०० | २०० | ४०० | २०० | २०० |

| मानव संसाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइहरू | सेवा प्रवाहका लागि आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | | बजेट रु. हजारमा | | | | जम्मा बजेट रु.हजारमा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा संख्या | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा बजेट | आन्तरिक | बाह्य |
| बालअधिकार, बालसंरक्षण, लैससास सम्बन्धी तालिम | विषयवस्तुको ज्ञान | बाल संरक्षणको बारेमा ज्ञान अभिवृद्धि | प्रशासन शाखा/सामाजिक विकास समिति | | १ | १ | २ | | १५० | १५० | ३०० | | ३०० |
| बोलपत्र आह्वान, सार्वजनिक खरिद नियमावली बारे क्षमता अभिवृद्धि तालिम | बोलपत्र अह्वान, सार्वजनिक खरिदको ज्ञान | बोलपत्र अह्वान र खरिद प्रक्रिया गर्नमा सहजता हुने | प्राविधिक शाखा | १ | १ | १ | ३ | १०० | १०० | १०० | ३०० | ३०० | |
| स्थानीय शासनसम्बन्धी नीति नियम, सार्वजनिक प्रशासन बारे वडा सचिवहरूलाई प्रशिक्षण | स्थानीय शासन र सेवा प्रवाहको ज्ञान | स्थानीय शासन सञ्चालनमा सहजता | प्रशासन शाखा | | १ | १ | २ | | १०० | १०० | २०० | २०० | |
| नतिजामा आधारित योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन प्रणाली बारे शाखाका कर्मचारी र वडा सचिवहरूलाई तालिम | योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन बारे ज्ञान प्राप्त हुने | योजना चक्र व्यवस्थापन तथा मुल्याङ्कन प्रणालीमा सहजता आउने । | योजना शाखा पूर्वाधार विकास शाखा | | १ | १ | २ | | १५० | १५० | ३०० | ३०० | |

| मानव संसाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइहरू | सेवा प्रवाहका लागि आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | | बजेट रु. हजारमा | | | | जम्मा बजेट रु.हजारमा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा संख्या | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा बजेट | आन्तरिक | बाह्य |
| लैंगिक समानता र सामाजिक समावेशीकरण बारे शाखाका कर्मचारी र वडा सचिवहरूलाई अभिमुखीकरण | लैंगिक समानता र सामाजिक समावेशीकरण बारे जानकारी हुने | समावेशी विकास हुने | प्रशासन शाखा | | १ | १ | २ | | २०० | २०० | ४०० | २०० | २०० |
| सार्वजनिक खरिद व्यवस्थापन बारे अभिमूखिकरण | खरिदलाई व्यवस्थित गर्ने | सरकारी सम्पत्तिको व्यवस्थापन र आर्थिक पारदर्शिता | प्र.प्र.अ., प्रशासन प्रमुखको सहयोगमा | १ | १ | १ | ३ | १०० | १०० | १०० | ३०० | ३०० | |
| सूचना प्रविधि, अभिलेख व्यवस्थापन तथा ज्ञान व्यवस्थापन बारे गाउँपालिकाका विषयगत शाखाका कर्मचारी र वडा कार्यालयका कर्मचारीलाई प्रशिक्षण | प्राविधिक ज्ञान हासिल गर्न | कार्यहरू प्रविधि मैत्री हुने | प्रशासन शाखा | | १ | १ | २ | | २०० | २०० | ४०० | २०० | २०० |
| सेवाकालिन तथा सेवा प्रवेश तालिम | विषयगत क्षेत्रको ज्ञान | कार्य सम्पदानमा सहजता | प्रशासन शाखा | नियमित | नियमित | नियमित | नियमित | १०० | १०० | १०० | ३०० | ३०० | |

| मानव संसाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइहरू | सेवा प्रवाहका लागि आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | | बजेट रु. हजारमा | | | | जम्मा बजेट रु.हजारमा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा संख्या | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा बजेट | आन्तरिक | बाह्य |
| सबै कर्मचारीलाई आधारभूत जिम्मेवारीको आधारमा पुनर्ताजगी तालिम | जिम्मेवारी अनुकुलको ज्ञान हासिल हुने | पदको जिम्मेवारी | प्रशासन शाखा | नियमित | नियमित | नियमित | नियमित | १०० | १०० | १०० | ३०० | ३०० | |
| **जम्मा कर्मचारीका लागि रु.** | | | | | | | | ४00 | १४०<br>० | १४०<br>० | ३२०० | २३०० | ९०० |
| **४.सेवाग्राही लक्षित क्षमता विकास** | | | | | | | | | | | | | |
| कृषि तथा पशु सेवा प्राविधिक र ग्रामीण कृषि, पशु प्रविधिकलाई तालिम | स्थानीय सेवा बजारको विकास | कृषकलाई घरदैलो सेवामा पहुँच | पालिका कृषि शाखा | १ | १ | १ | ३ | १०० | १०० | १०० | ३०० | ३०० | |
| खानेपानीका लागि ग्रामीण मर्मत सम्भार कार्यकर्ता तालिम | स्थानीय सेवा बजारको विकास | खानेपानी सेवाहरू निरन्तर सुचारु हुने | वडा कार्यालय स्वास्थ्य शाखा | १ | १ | १ | ३ | १०० | १०० | १०० | ३०० | ३०० | |

| मानव संसाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइहरू | सेवा प्रवाहका लागि आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | | बजेट रु. हजारमा | | | | जम्मा बजेट रु.हजारमा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा संख्या | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा बजेट | आन्तरिक | बाह्य |
| जडिबुटी खेती, सङ्कलन र प्रशोधनबारे तालिम | दिगो सङ्कलन र प्रशोधनका विधि र प्रविधिबारे ज्ञान हुने | जडीबुटीको दिगो सङ्कलन र उपयोगबाट आयआर्जनमा वृद्धि सहज जीवनयापन हुने | विपत् तथा वातावरण समिति /आर्थिक समिति | | १ | १ | २ | | २०० | २०० | ४०० | २०० | २०० |
| भवन नक्सा पास सम्बन्धी, मापदण्ड सम्बन्धी अन्तरक्रिया | नक्सापास सम्बन्धी सर्वसाधारणलाई जानकारी हुने | घर बनाउनु अघी नक्सापास गर्ने प्रवृत्तिको विकास हुने | प्राविधिक शाखा | १ | १ | १ | ३ | १०० | १०० | १०० | ३०० | ३०० | |
| (भूकम्प प्रतिरोधात्मक र सुरक्षित घर निर्माण बारे छलफल) | सुरक्षित र दिगो घर निर्माणबारे ज्ञान र सूचना प्राप्त हुने | सुरक्षित र व्यवस्थित आवास निर्माणमा गाउँपालिका अघि बढ्ने | प्राविधिक शाखा | १ | १ | १ | ३ | ५० | ५० | ५० | १५० | १५० | |
| **सेवाग्राही लक्षित क्षमता विकास जम्मा रु.** | | | | | | | | **३५०** | **५५०** | **५५०** | **१४५०** | **१२५०** | **२००** |
| **५) साझेदारहरूको क्षमता विकास** | | | | | | | | | | | | | |

| मानव संसाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइहरू | सेवा प्रवाहका लागि आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | | बजेट रु. हजारमा | | | | जम्मा बजेट रु.हजारमा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा संख्या | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा बजेट | आन्तरिक | बाह्य |
| विद्यालयका शिक्षकहरूलाई बालमैत्री शिक्षाको पूर्वाधार बारे अभिमुखीकरण | वाल उद्यान र वालमैत्री पूर्वाधारको ज्ञान | उद्यान स्थापना र वालमैत्री पूर्वाधार निर्माण हुने | शिक्षा शाखा | | १ | १ | २ | | २०० | २०० | ४०० | ४०० | |
| सामुदायिक वन उपभोक्ता समितिलाई क्षमता अभिवृद्धि तालिम | वन संरक्षण सम्बर्धन र उपयोगिताबारे जानरकी हुने | सामुदायिक वन व्यवस्थापन प्रभावकारी हुने | वन वातावरण शाखा | | १ | १ | २ | | १५० | १५० | ३०० | ३०० | |
| युवा, महिला, दलित र अपाङ्गता लक्षित उद्यमशिलता तालिम कार्यक्रम (जस्तैः खरायोको रौको टोपी, काठका स-साना उपहार सामग्री र डोको, डालो, स्याकु स्थानीय उत्पादन) | उद्यमशिलता सम्बन्धी ज्ञान र सिप प्राप्त हुने | आय आर्जन बढ्नुका साथै गरिबी निवारण हुने | घरेलु तथा साना उधोग शाखा | | १ | १ | २ | | २०० | ३०० | ५०० | ५०० | |

| मानव संसाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइहरू | सेवा प्रवाहका लागि आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | | बजेट रु. हजारमा | | | | जम्मा बजेट रु.हजारमा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा संख्या | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा बजेट | आन्तरिक | बाह्य |
| स्वास्थ्य चौकीका कर्मचारीलाई स्वास्थ्य सेवाको डिजिटल विधिबाट एकिकृत अभिलेख व्यवस्थापन तालिम | डजिटल प्रविधिको ज्ञान | सेवाहरूको अभिलेखहरू डिजिटल विधिबाट अध्यावधिक हुने | स्वास्थ्य शाखा | | १ | | १ | | २०० | | २०० | २०० | |
| स्थानीय सहकारीहरूलाई कृषि उद्यमबारे प्रशिक्षण | कृषिलाई उद्यमको रूपमा बुझाई हुने | कृषिमा व्यावसायीकरण हुने | वडा कार्यालय | | १ | १ | २ | | १०० | १०० | २०० | २०० | |
| निजी क्षेत्र तथा विकास साझेदार, स्थानीय गैसससँग समन्वय र क्षमता वृद्धि | निजी क्षेत्र, विकास साझेदार र गैससलाई स्थानीय तहको विकासमा जोड्न सकिने | स्थानीय तहको विकास निर्माण महत्त्वपूर्ण योगदान पुग्ने | गाउँकार्य पालिका | | १ | १ | २ | | १०० | १०० | २०० | २०० | |
| करदाता शिक्षा कार्यक्रम | कर प्रणाली व्यवस्थित हुने | कर प्रणाली सुदृढ भई राजस्व वृद्धि हने | राजस्व शाखा | | १ | १ | २ | | १०० | १०० | २०० | २०० | |
| युवा क्लवलाई स्वयंसेवाका लागि तालिम | युवाले विभिन्न ज्ञान, सिप र क्षमता विकास गर्ने | युवामा स्वयंसेवी भावना विकास भइ समाज सुधार हुने | योजना शाखा, सामाजिक विकास शाखा | | १ | १ | २ | | २०० | २०० | ४०० | २०० | २०० |

| मानव संसाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइहरू | सेवा प्रवाहका लागि आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | | बजेट रु. हजारमा | | | | जम्मा बजेट रु.हजारमा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा संख्या | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा बजेट | आन्तरिक | बाह्य |
| तीर्थ, जात्रा र मेला व्यवस्थापन तालिम | मेला जात्रा पर्व व्यवस्थित गर्ने ज्ञान सिप वृद्धि हुने | मेला जात्रा पर्व सभ्य र शान्तपूर्वक संचालन हुने | प्रशासन शाखा | | १ | १ | २ | | १०० | १०० | २०० | २०० | |
| **जम्मा रु.** | | | | | | | | | १३५० | १२५० | २६०० | २४०० | २०० |
| **कुल जम्मा मानव संसाधन विकासका लागि रु.** | | | १२४५० | | | | | | | | | | |

## ४.५ गाउँपालिकाको क्षमता विकास योजनाको बजेट सारांश

बारेकोट गाउँपालिकाको ३ वर्षे क्षमता विकास योजना कार्यान्वयनको लागि गाउँपालिकाको आन्तरिक स्रोत  नेपाल सरकार प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदान रकम र विकास साझेदार संस्था निकायहरूसँगको समन्वयमा थप हुन सक्ने रकमको खर्च सारांश देहाय अनुसार उल्लेख गरिएको छ ।

**तालिका-१६ः संस्थागत क्षमता विकासको खर्च सारांश**

| क्र.सं. | संस्थागत क्षमता विकासका क्षेत्र | जम्मा लागत रू. | नियमित बजेटबाट | बाह्य स्रोतको अपेक्षा रू. |
|---|---|---|---|---|
| १ | भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित | ११४०० | ६५०० | ४९०० |
| २ | नीति,योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित | १०६५० | ७५५० | ३२०० |
| ३ | मानव संशाधन प्राप्तिसँग सम्बन्धित | २४५० | २१५० | ३०० |
| ४ | तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित | ८९५० | ८३५० | ६०० |
| | **जम्मा** | **३३४५०** | **२४५५०** | **९०००** |

**तालिका-१७ः मानव संसाधन विकासको खर्च सारांश**

| क्र.सं. | **मानव संसाधन विकासको खर्च** | जम्मा लागत रू. | पालिकाको नियमित बजेटबाट | बाह्य स्रोतको अपेक्षारू. |
|---|---|---|---|---|
| १ | समिति, उपसमितिहरूका लागि | २३०० | ८०० | ३१०० |
| २ | कर्मचारीहरूका लागि | २१०० | | २१०० |
| ३ | सेवाग्राही लक्षित क्षमता विकास | २३०० | ९०० | ३२०० |
| ४ | साझेदारहरूको क्षमता विकास | १२५० | २०० | १४५० |
| ५ | निर्वाचित पदाधिकारीहरूका लागि | २४०० | २०० | २६०० |
| **मानव संसाधन विकासको जम्मा जम्मा खर्च** | | **१२४५०** | **१०३५०** | **२१००** |

यी माथिका दुवै संस्थागत क्षमता विकास र मानव संसाधन विकासका लागि कूल रू. ४ करोड ५९ लाख खर्च आउँछ जुन गाउँपालिकाको क्षमताभन्दा धेरै माथि हुन्छ । माथि संस्थागत क्षमता विकासमा मात्रै गाउँपालिकाले रू. २ करोड ४५ लाख ५० हजार व्यहोर्नु पर्ने हुन्छ र बाँकी १ करोड ३ लाख ५० हजार मानव संसाधन विकासका खर्च समेत गर्दा गाउँपालिकाको क्षमताले नपुग्ने देखिन्छ । गाउँपालिकाले संस्थागत क्षमता र मानव संसाधन दुवै गरी आफ्नो स्रोतबाट रू.

३ करोड ४९ लाख ९० हजार बेहोर्नु पर्ने देखिन्छ भने रू. १ करोड ११ लाख रकम वाह्य स्रोत खोजी गर्नु पर्ने हुन्छ । सेवा र स्रोतको सम्भावना भएका सरोकारवालाहरूको खोजी गर्ने सिलसिलामा दिग्दर्शनको अनुसूची ६ अनुसारको क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरू विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

**तालिका-१८ः क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरू**

| **स्रोतव्यक्ति वा सरोकारवाला पक्षको नाम** | **क्षमता विकास सहकार्य वा सहयोगको क्षेत्र** | **सम्भावित भूमिका** |
|---|---|---|
| सङ्घीय सरकार | आर्थिक तथा प्राविधिक सहयोग सहयोग, कर्मचारीको व्यवस्थापनमा सहयोग | आर्थिक अनुदान |
| कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान | प्राविधिक सहयोग, क्षमता विकास (श्रोत व्यक्ति, विज्ञ सहयोग) | क्षमता अभिवृद्धि, तालिम, नीति तथा रणनीति तयारी, आवधिक योजना तयारी |
| प्रदेश सरकार, विषयगत मन्त्रालयहरू | आर्थिक तथा प्राविधिक सहयोग | आर्थिक अनुदान |
| राष्ट्रिय योजना आयोग | आर्थिक तथा प्राविधिक सहयोग | |
| कर्णाली प्रदेश योजना आयोग | आर्थिक तथा प्राविधिक सहयोग | |
| जिल्ला समन्वय समिति जाजरकोट | आर्थिक तथा प्राविधिक सहयोग | |
| अन्तर्राष्ट्रिय गै.स.स.,गै.स.स. | लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति बनाउन र क्षमता अभिवृद्धिका लागि तालिम, अभिमुखीकरण सचेतीकरण गर्नमा सहयोग | |

परिच्छेद-५

# क्षमता विकास योजना कार्यान्वयन रणनीति र प्रथम वर्षको योजना

## ५.१ पृष्ठभूमि

नेपालको संविधानले स्थानीय तहलाई प्रयाप्त विधायिकी, न्यायिक र कार्यकारी अधिकार प्रदान गरेको छ । संविधानले प्रदान गरेका यी अधिकारहरूलाई अधिकतम् उपयोग गर्न सकेमा मात्र स्थानीय सरकारहरूले नागरिकलाई सेवा प्रदान गरी जीवनस्तरमा सुधार ल्याउन सक्दछन् । यसका लागि सबै स्थानीय तहहरूमा सवल संस्था, व्यापक संरचना, पर्याप्त र अव्वल (ज्ञान, सिप र क्षमतायुक्त) मानव संसाधन हुनु जरुरी छ । स्थानीय सरकारको कुशल कार्यसम्पादन त्यसको संस्थागत तथा संरचनागत सवलताका साथै विभिन्न पदिय जिम्मेवारीमा रहेका जननिर्वाचित प्रतिनिधिहरू र मानव संसाधनको ज्ञान, सिप र क्षमतामा नै भर पर्दछ । तसर्थ यो क्षमता विकास योजना कार्यान्वयन गर्न केहि निश्चित सिद्धान्त, रणनीति र कार्यनीति अवलम्बन गर्नु आवश्यक हुन्छ ।

## ५.२ उद्देश्य

बारेकोट गाउँपालिकाको क्षमता विकास योजनाको मूल उद्देश्य आगामी ३ वर्षका लागि तयार भएका (या हुने) क्षमता विकास योजनाहरूको सफल र नतिजामूलक कार्यान्वयन गरी योजनाले लिएको लक्ष्य तथा उद्देश्यहरू पूरा गर्नु हो ।

## ५.३ कार्यक्षेत्र

गाउँपालिकाको क्षमता विकासको कार्यक्षेत्र व्यापक र अन्तरसम्बन्धित छ । खास गरी योजनामा निर्दिष्ट भएका क्षमता विकासका कार्यक्रमहरूका दुई वटा पाटाहरू छन्: पहिलो संस्थागत क्षमता विकास र दोस्रो मानव संसाधन विकास । क्षमता विकास योजनाको कार्यक्षेत्र भनेकै यी दुई पाटोमा भएका योजनाहरूको कार्यान्वयन गर्ने हो ।

**क. संस्थागत क्षमता विकास**

१. भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित

२. नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित

३. मानव संसाधन प्राप्तिसँग सम्बन्धित

४. तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित

**ख. मानव संसाधन विकास (तालिम, गोष्ठी, सेमिनार, अवलोकन भ्रमण, अन्तरक्रिया आदि)**

१. निर्वाचित पदाधिकारीहरूका लागि

२. विभिन्न समिति, उपसमिति, टोल सुधार समितिहरूका लागि

३. गाउँपालिकाका कर्मचारीहरूको क्षमता विकास

४. सेवाग्राही लक्षित क्षमता विकास

५. साझेदारहरूको क्षमता विकास

यी माथिका दुवै क्षेत्रका कार्यहरू सम्पादन गर्न तल उल्लेखित ४ चरणका कार्यहरू गरिनेछः

**चरण १. योजना स्वीकृति र बजेट सुनिश्चितता**

क. क्षमता विकास योजना कार्यपालिकामार्फत् गाउँसभाबाट पारित गराउने ।

ख. योजना कार्यान्वयनका लागि आन्तरिक स्रोतको बजेट सुनिश्चित गर्ने ।

ग. बाहिरी सहयोगको खोजी, स्रोतको पहिचान र सुनिश्चितता गर्ने ।

**चरण २. सहयोगी संस्था तथा स्रोतव्यक्तिको पहिचान, लागत र कार्य सम्झौता**

क. क्षमता विकास सम्बन्धमा विभिन्न सहयोगी निकायहरूबीच समन्वय गर्ने ।

ख. मानव संसाधनको ज्ञान तथा सिप विकासका लागि स्रोतव्यक्ति तथा संस्थाको पहिचान ।

ग. संस्थागत तथा मानव संसाधन विकासलाई निश्चित गरिएका गतिविधिहरूका लागि आवश्यक पर्ने लागत तयारी ।

घ. संस्थागत क्षमता विकास तथा मानव संसाधन विकासको स्रोत व्यक्ति वा संस्थासँग कार्य सम्झौता ।

**चरण ३. क्षमता विकास योजना कार्यान्वयन चरण**

क. आवश्यक मानव संसाधन व्यवस्थापनको लागि नीति, नियम र दरबन्दी मातहतमा रहेर भर्ना प्रक्रिया पूरा गर्ने ।

ख. संस्थागत संरचना भित्रको तथा समुदाय स्तरको मानव संसाधनको क्षमता विकासको हकमा आवश्यक स्थान तथा सामग्री व्यवस्थापन ।

ग. तालिम, गोष्ठी, अभिमुखीकरण, सेमिनार वा अन्य सिप विकास तालिम सञ्चालनमा सहजीकरण ।

घ. संस्थागत संरचनामा सुधारका कार्यहरू सम्पन्न गर्ने ।

**चरण ४. अनुगमन, अध्ययन तथा अद्यावधिक**

क. क्षमता विकास कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन, मूल्याङ्कन र समीक्षा गर्ने ।

ख. क्षमता विकास योजनालाई वार्षिक रूपमा अद्यावधिक गर्ने गराउने ।

ग. क्षमता विकासबाट आएको परिवर्तन तथा सेवा प्रवाह र सुशासनमा आएको सुधार बारे अध्ययन गराउने या योजना प्रभाव मूल्याङ्कन गर्ने ।

## ५.४ क्षमता विकास योजना कार्यान्वयन रणनीति

### क. मागमा आधारित क्षमता विकास योजना कार्यान्वयन रणनीति

- प्रत्येक वर्ष वार्षिक बजेट तर्जुमा गर्दा क्षमता विकास योजना कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गर्ने ।
- गाउँपालिकाले संस्थागत अवस्था तथा मानव संसाधन विकासको आवश्यकतालाई ध्यानमा राखी कार्यक्रमहरूको प्राथमिकता निर्धारण गर्ने ।
- सहभागितामूलक योजना निर्माण गरी योजनाबद्ध विकास प्रणालीलाई प्राथमिकता दिने ।
- नेपाल सरकार, प्रदेश सरकार र विकास साझेदारहरूसँग साझेदारी र सहकार्यमा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।
- आवश्यक ऐन, नियम, कार्यविधि निर्माण गर्नुको साथै निर्माण भएका ऐन, नियम, कार्यविधिहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।
- क्षमता विकास क्रियाकलापको गुणस्तरको सुनिश्चितता गर्ने ।
- संस्थागत दिगो विकासका लागि अनुगमन तथा सुपरिवेक्षण प्रभावकारी गर्ने ।
- गाउँपालिकाबाट योजनाको स्वामित्व ग्रहण गर्ने यो योजना गाउँपालिकाको जनप्रतिनिधि र कर्मचारीहरूको सहभागितामा तयार भएको हुँदा यसको स्वामित्व गाउँपालिकाले ग्रहण गर्ने ।
- क्षमता विकास योजना कार्यान्वयनका लागि आवश्यक परे छुट्टै कार्यविधि बनाउने ।
- निर्वाचित जनप्रतिनिधिहरूलाई एकल र साझा अधिकारको प्रयोग सम्बन्धी अनिवार्य अनुशिक्षण गर्ने ।
- जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकासका लागि तालिम अभिमुखीकरणको व्यवस्था गर्ने ।
- तथ्याङ्क तथा अभिलेख प्रणालीलाई सूचना प्रविधिमैत्री बनाउने ।

### ख. आपूर्तिमा आधारित क्षमता विकास रणनीति

क्षमता विकास योजनामा समन्वय समितिको व्यवस्था गरिएको छ । समन्वय समितिको काम कारवाहीलाई प्रभावकारी बनाई क्षमता विकास योजना कार्यान्वयन गर्न एक बरिष्ट कर्मचारी मध्येबाट सम्पर्क व्यक्तिको व्यवस्था गरिएको छ । सम्पर्क व्यक्तिले योजनाको सम्वेदनशिलतालाई

ध्यानमा राखी यसका समग्र प्रशासनिक जटिलताहरूको व्यवस्थापन, कार्ययोजना प्रभावकारी रूपमा अघि बढाउने कार्य, भएका कार्यहरूको दस्तावेज तयार तथा योजना कार्यान्वयनको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन गर्ने कार्य गर्नेछन् ।

**संस्थागत संरचनामा सुधारः** संस्थागत संरचना सुधारमा संस्थाको भौतिक स्रोत साधन, ऐन, नियम, विधि तथा प्रणाली, आवश्यक मात्रामा मानव संसाधन व्यवस्था र मानव संसाधनको क्षमता विकास पर्न जाने हुँदा यो विषयलाई प्राथमिकतामा राखिएको छ ।

**मानव संसाधनको विकासः** संस्थागत संचरना जतिसुकै व्यापक भए पनि यदि त्यसको उपयोग गर्ने क्षमता भएन भने विकास व्यवस्थापन, सेवा प्रवाह र सुशासनमा असर पर्दछ । तसर्थ क्षमता विकासको दोस्रो प्राथमिकतास्वरूप मानव संसाधनको विकासलाई अगाडि बढाइने छ अर्थात् संस्थागत स्रोत विकास र मानव संसाधन विकासलाई सँगसँगै लगिने छ ।

**सेवा बजारहरूको व्यापकिकरण अथवा क्षमता उपयोगको दायरा बिस्तारः** संस्थागत क्षमता विकासले व्यक्तिको ज्ञान, सिप र धारणामा सकारात्मक प्रभाव ल्याउनुका साथै समग्र संस्था र प्रणालीको कार्य दक्षता र प्रभावकारिता वृद्धि गर्न मद्दत गर्दछ । गाउँपालिकाले आफ्ना सेवाहरू गाउँपालिका भित्रका मानव स्रोतसँग मात्र भर पर्दा सेवा प्रवाहको दायरा सीमित भई जनताका आवश्यक न्यूनतम सेवाहरूमा संकुचन आउँछ । तसर्थ यो क्षमता विकास योजना कार्यान्वयन गर्दा गाउँपालिका भित्रका नेतृत्व तह तथा कर्मचारी मात्र नभई जनतालाई आवश्यक परेका हरेक सेवाहरूका लागि स्थानीय सरोकारवालाहरू वा निजी क्षेत्र तथा समुदायलाई समेत समेटिने छ । यसमा समुदायका लागि समुदायबाटै भन्ने मूल्य र मान्यतालाई अँगालिएको छ । कतिपय समुदाय स्तरमा घरदैलोमा नै सेवा प्रवाह जरुरी पर्दछ जस्तो खानेपानीको मर्मत सम्भार कार्यकर्ता, पशु सेवा कार्यकर्ता, कृषि सेवा कार्यकर्ता, कृषि तथा पशु विमा सहजकर्ता आदि । यस्ता सेवाहरू केवल गाउँपालिकामा रहेका सिमित जनशक्तिमाथि भर पर्दा सेवा प्रवाह छिटो, छरितो र जनमुखी हुन सक्दैन । तसर्थ यो क्षमता विकास योजना कार्यान्वयन गर्दा समुदायका लागि समुदायबाटै भन्ने मान्यतालाई कार्यान्वयनमा ल्याइने छ ।

## ५.५ कार्यान्वयनका सिद्धान्तहरू

५.५.१ विभेद शुन्यः संस्थाभित्र होस् वा संस्था बाहिर मानव संसाधनको क्षमता विकासमा नेतृत्व, कर्मचारी, सरोकारवालाहरू र समुदाय स्तरमा सानो या ठूला, कमजोर या बलियो, धनी या गरिव, टाढा या नजिक जस्तो सुकै भएपनि कुनै भेदभाव गरिने छैन । कसैलाई विभेद हुने गरी गाउँपालिकाको संरचना र संस्थाको निर्माण हुने छैन । क्षमता विकासको कतिपय सन्दर्भमा भने सकारात्मक विभेदको नीति भने लागू हुन सक्नेछ ।

५.५.२ पारदर्शिताः यो योजना कार्यान्वयन गर्दा पारदर्शिताको सिद्धान्त अवलम्बन गर्नु पर्नेछ । हाम्रा काम कारवाही, प्रक्रिया र खर्चहरू पारदर्शी र नियमसम्मत हुनेछन् । गाउँपालिकाको क्षमता विकास योजनाहरूको सार्वजनिक सुनुवाई तथा चासो राख्नेलाई सूचना दिएर पूर्ण पारदर्शी बनाइनेछ । योजना कार्यान्वयनमा असल शासनको प्रत्याभूत गराइने छ । योजना कार्यान्वयनको प्रगति विवरण गाउँपालिकाको वेवसाइटमा राखिनेछ । सार्वजनिक सुनुवाइ सामाजिक परिक्षण लगायत पारदर्शिताका सूचकहरू अवलम्बन गरिनेछ ।

५.५.३ समन्वय र सहकार्यः यो योजना कार्यान्वयनको लागि गाउँपालिकाको आफ्नो साधन स्रोतले मात्र सम्भव छैन । नेपाल सरकार, प्रदेश सरकार, अन्य संघ, संस्था निजी क्षेत्र लगायत विभिन्न सरोकारवालाहरू, सेवा प्रदायक तथा स्रोत दाताहरूसँगको समन्वय र सहकार्यमा कार्यान्वयन गरिनेछ ।

५.५.४ योगदानमा आधारित कार्यक्रमः यो क्षमता विकास योजनालाई केवल दातृ संस्था निर्भर नबनाई गाउँपालिकाको योगदानलाई पनि सँगसँगै लगिने छ ।

## ५.६ सम्भावित जोखिम पक्ष

प्राकृतिक विपत्, भौगोलिक विकटता र प्रतिकूल हावापानीका कारण कतिपय योजना आशातित समयमा कार्यान्वयन हुन ढिलाई हुने गरेको छ । योजना कार्यान्वयनका लागि अपेक्षा गरिएको वाह्य स्रोत आर्थिक सङ्कट र अन्तर्राष्ट्रिय प्रतिकुल परिस्थितिका कारण परिचालन हुन नसकेमा तय गरिएका योजनाहरू कार्यान्वयन हुन नसक्ने जोखिम रहन्छ । विश्व र नेपालले भोगेजस्तै कोरोना महामारीजस्ता सकसहरू फेरी दोहोरिएमा स्रोतको प्रयोग आपतकालका लागि गर्नुपर्ने भएकाले तय गरिएको क्षमता विकास योजना पूर्ण रूपमा कार्यान्वयन गर्न कठिन हुन सक्छ ।

## ५.७ कार्यान्वयन तालिका प्रथम वर्ष

यो क्षमता विकास योजनाको कार्यान्वयन एकल प्रयासबाट सम्भव हुँदैन । यसमा सबै सरोकारवाला, विषयगत समितिहरू, गाउँपालिका भित्रका विषयगत शाखा तथा उपशाखाहरू समेत सबै निर्वाचित जनप्रतिनिधि र राजनीतिक दलहरूको जिम्मेवारी हुन्छ । यो क्षमता विकास योजनाका मूल कार्यहरूका लागि निम्न अनुसार जिम्मेवारी वहनको अपेक्षा गरिएको छ ।

**तालिका १९: आर्थिक वर्ष २०८१/२०८२ को कार्ययोजना**

| क.सं. | योजना/कार्यक्रम | एकाइ | परिमाण | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|
| क.भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित | | | | | | | | |
| | वडामा राजश्व सफ्टवेयर | वटा | ३ | | | | | प्रशासन तथा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | निर्माण | | | | | | | सूचना प्रविधि शाखा |
| | कृषि प्रयोगशाला निर्माण | वटा | १ | | | | | कृषि शाखा |
| | कोसेली घरको व्यवस्थाका लागि सहयोग कार्यक्रम | वटा | १ | | | | | पूर्वाधार विकास |
| **ख. नीति, योजना, ऐन, नियम, कार्यविधि प्रक्रियासँग सम्बन्धित** | | | | | | | | |
| | आवधिक योजना निर्माण | वटा | १ | | | | | प्रशासन शाखा |
| | पर्यटन गुरु योजना निर्माण | वटा | १ | | | | | प्रशासन शाखा |
| | संगठन तथा व्यवस्थापन सर्वेक्षण O and M पुनरावलोकन गर्ने | पटक | १ | | | | | प्रशासन शाखा |
| | क्षमता विकास योजनाको अभिमुखीकरण | पटक | १ | | | | | प्रशासन शाखा |
| | मर्मत सम्भार कोष व्यवस्थापन निर्देशिका | वटा | १ | | | | | लेखा शाखा |
| | आन्तरिक नियन्त्रण प्रणाली निर्माण | वटा | १ | | | | | स्वास्थ्य शाखा |
| | संघ र प्रदेशसँग समन्वय र सहकार्यका लागि अन्तरक्रिया÷ छलफल | वटा | १ | | | | | सामाजिक विकास शाखा |
| | लैङ्गिक समानता, समावेशी पहुँच सम्बन्धी अभिमुखीकरण कार्यक्रम | वटा | १ | | | | | आर्थिक प्रशासन र जिन्सी व्यवस्थापन |
| | खरिद योजना निर्माण सम्बन्धी तालिम | पटक | १ | | | | | राजस्व शाखा |
| | राजस्व संकलन र परिचालन सम्बन्धी अन्तरक्रिया | संख्या | १ | | | | | प्रशासन |
| | सकारात्मक सोच एवम् तनाव व्यवस्थापन सम्बन्धी तालिम | संख्या | १ | | | | | महिला बालबालिका |
| | लैंगिक हिंशा विरुद्ध महिला सशक्तीकरण तालिम | संख्या | १ | | | | | शिक्षा शाखा |
| | जलवायु परिवर्तन तथा विपत् व्यवस्थापन सम्बन्धी तालिम | पटक | १ | | | | | आलेप शाखा |
| | बेरुजु फछ्र्यौट सम्बन्धी तालिम | संख्या | १ | | | | | |
| **ग. निर्वाचित पदाधिकारीहरूका लागि** | | | | | | | | |
| | गाउँसभा तथा वडा सभा व्यवस्थापनसम्बन्धी अभिमुखीकरण | | १ | | | | | प्रशासन शाखा |
| | योजना निर्माण प्रक्रियाका बारेमा अभिमुखीकरण | | १ | | | | | योजना शाखा |
| | न्याय सम्पादन तथा | | १ | | | | | प्रशासन शाखा, |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मध्यस्थता बारे न्यायिक समितिका पदाधिकारीलाई प्रशिक्षण | | | | | | | न्यायिक समिति |
| | सार्वजनिक र सामाजिक उत्तरदायित्व जवाफदेहिताका अवधारणा, औजारहरू र उपयोग सीप बारे कार्यपालिका तथा वडाका पदाधिकरीलाई तालिम | | १ | | | १ | | प्रशासन शाखा |
| | इच्छुक गाउँपालिकाका निर्वाचित पदाधिकारीलाई प्राविधिक तालिम | | १ | | | | | प्रशासन शाखा |
| | भवन नक्सा पास सम्बन्धी मापदण्ड सम्बन्धी तालिम | | १ | | | | | |
| **घ.समिति, उपसमितिहरूका लागि** | | | | | | | | |
| | विभिन्न उपभोक्ता समितिहरूलाई विकासमा जनसहभागिता बारे प्रशिक्षण | | १ | | | | | योजना शाखा |
| | विषयगत समितिहरूलाई उनीहरूको काम, कर्तव्य र जिम्मेवारी बारे प्रशिक्षण | | १ | | | | | प्रशासन शाखा |
| | जनप्रनिधिहरू र समिति उपसमितिलाई दिगो विकासका लक्ष्यहरूको स्थानीयकरणसम्वन्धी तालिम | | १ | | | | | गाउँपालिका |
| | नतिजामूलक अनुगमन र मूल्याङ्कनबारे समितिलाई विशेष तालिम | | १ | | | | | अनुगमन तथा मूल्याङ्कन शाखा |
| **ङ. कर्मचारीहरूका लागि** | | | | | | | | |
| | बोलपत्र आह्वान, सार्वजनिक खरिद नियमावली बारे क्षमता अभिवृद्धि तालिम | | १ | | | | | प्राविधिक शाखा |
| | सार्वजनिक खरिद व्यवस्थापन बारे अभिमूखिकरण | | १ | | | | | प्र.प्र.अ., प्रशासन प्रमुखको सहयोगमा |
| **च.सेवाग्राही लक्षित क्षमता विकास** | | | | | | | | |
| | (भूकम्प प्रतिरोधात्मक र सुरक्षित घर निर्माण बारे छलफल) | | १ | | | | | प्राविधिक शाखा |

गाउँपालिकाको कार्यालथले प्रथम वर्षिय योजना कुन त्रैमासिकमा गर्ने आफ्नो अनुकुल समयमा गर्न सक्नेछ ।

# परिच्छेद ६

# कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन

## ६.१ कार्यक्रम व्यवस्थापन

यस गाउँपालिकाको क्षमता विकास योजना कार्यान्वयनका मूल जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ यसमा समन्वय गर्ने काम क्षमता विकास समन्वय समितिले गर्ने छ ।

**क्षमता विकास समन्वय समितिको मूल जिम्मेवारी देहाय बमोजिम रहनेछः**

- ➢ क्षमता विकाससम्बन्धी नीति तथा रणनीतिहरू कार्यपालिकामार्फत गाउँसभाबाट पारित गराउने र कार्यान्वयनका लागि बजेटको सुनिश्चितता गर्ने ।
- ➢ क्षमता विकास योजनालाई वार्षिक रूपमा अद्यावधिक गर्ने गराउने ।
- ➢ बाह्य बजेट व्यवस्थापनका लागि समन्वय गर्ने गराउने ।
- ➢ विकास साझेदारहरूसँग क्षमता विकास योजना कार्यान्वयन गर्न समन्वय गर्ने ।
- ➢ क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने ।
- ➢ स्थानीय सरकारको क्षेत्रभित्र सञ्चालन हुने क्षमता विकासका कार्यक्रमहरू बीच समन्वय गर्ने गराउने ।
- ➢ समितिले सूचकमा आधारित भई क्षमता विकास कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी समीक्षा गर्ने । कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न यसबाट पृष्ठपोषणको कार्य गर्ने ।
- ➢ गाउँपालिकाबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन सेवाग्राही, उपभोक्ता लगायत आम सरोकारवालाहरूको समेत क्षमता अभिवृद्धि कार्यक्रम गर्ने ।
- ➢ क्षमता विकाससम्बन्धी अध्ययन, अन्वेषण गर्ने गराउने ।
- ➢ क्षमता विकाससम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने ।

## ६.२ योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन

गाउँपालिकाको क्षमता विकास कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को परिधि भित्र रहि गरिनेछ । यो क्षमता विकास योजनाको कार्यान्वयन प्रभावकारी हुन सकेको छ कि छैन, कार्यान्वयनबाट लक्षित उद्देश्य हासिल भयो या भएन, गाउँपालिकाको विकास प्रयास र सेवा प्रवाहमा के कति सकारात्मक परिवर्तन भयो भन्ने प्रभाव विश्लेषण गर्न निम्नानुसार अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

